اللغة النيبالية

# شرح
# ثلاثة الأصول وادلتها
# والقواعد الأربع ومتن نواقض الإسلام

# इस्लामको केहि महत्वपूर्ण सिद्धान्तहरुको ब्याख्या

لإمام الدعوة الشيخ

محمد بن عبد الوهاب بن سليمان التميمي رحمه الله

شرح فضيلة الشيخ

**هيثم بن محمد جميل سرحان**

अनुवादकः

रिजवानुल्लाह बनि अब्दुल मन्नान सेराजी

© copyright

सर्वधिकार सुरि त
तर लेखक  दारा अनुमति
पछि जसले निशुल्क
पकाशण तथा
वितरण गर्ने छ।

शैख हैसम बिन मोहम्मद जमील सरहान

अध्य ा: तासील अल इल्मी

attasseel-alelmi.com

غفر الله المؤلف ولوالديه ولمن أعانه على إخراج هذا الكتاب

# इस्लामको केहि महत्वपुर्ण सिद्धान्तहरू

अनुवादकः रिजवानुल्लाह बिन अब्दुल मन्ना सेराजी
मदीना इस्लामिक विश्वविधालय सउदि अरब

# هيثم بن محمد جميل سرحان

**المدرس بمعهد الحرم بالمسجد النبوي سابقا**

المشرف علي موقع التأصيل العلمي

http://attasseel-alelmi.com

غفر الله له و لوالديه

و لمن أعانه علي إخراج هذا الكتاب

حقوق الطبع محفوظة

# चिहानमा गरिने तीन वटा प्रश्नहरूको व्याख्या

# شرح أسئلة القبر الثلاثة

مترجم باللغة النيبالية

لفضيلة الشيخ هيثم بن جميل سرحان

अनुवादक: रिजवानुल्लाह अब्दुल मन्नान सेराजी

بسم الله الرحمن الرحيم

إن الحمد لله نحمده ونستعينه ونستغفره، ونعوذ بالله من شرور أنفسنا ومن سيئات أعمالنا، من يهده الله فلا مضل له، ومن يضلل فلا هادي له، واشهد أن لا غله إلا الله وحده لا شريك له، وأشهد أن محمد عبده ورسوله، أما بعد:

## ब्याख्याको प्रवेशिका

### यस किताबको लेखक

शैखुल इस्लामः मोहम्मद बिन अब्दुल वह्हाब बिन सुलैमान अल-तमिमी। उनको कुन्नियत अबुल हसन हो।
उनको जन्म हिजरी सम्वतः १११५ मा ओयैय्ना भन्ने र निधन १२०६ हिजरि मा दिरईय्या भन्ने ठाउँमा भएको हो।

### हामी तौहीदको बारेमा किन पढछौँ ?

- किनकि अल्लाह तआलाले हार्मो सृष्टि एक अल्लाह कै इबादतको लागी गर्नु भयो।
- कुनै पनि अमल तौहिद बिना मान्य हुदैन।
- स्वर्गमा एकेशवरवादि मात्रै जाने छन्।
- तौहीदले राम्रो कर्म गर्न प्रोत्साहित गर्छ।
- न राम्रो कर्म बाट टाढा बस्न प्रेरणा दिन्छ।
- सिधा मार्ग र  शान्ति कायम राख्न।
- आत्म-शान्तिको लागी।
- नबि ﷺ को शिफाअत पाउनको निम्ति।

## यस विषयलाई रोज्नुको कारण

अहले सुन्नतको बिद्वानहरूले यस विषयलाई महत्व दिएको कारण किन कि यसमा धेरै फाइदाहरू रहेका छन र शरियत को तालिम पनि यसै माथि आधारित छ जस कारण हामि पनि हार्मो पुर्वज हरूको बाटोमा हिडेर सफल बन्न चाहन्छौ ।
र साथै सर्व साधारण हरूले पनि यस विषयमा पुर्ण ईमान ल्याउन जरूरि छ यस्तो इमान जसमा कुनै किसिमको शंका न होस ।

## मोहम्मद बिन अब्दुल वह्हाव ले लेख्नु भएको यस लेखको विषेसता

- सरल तथा स्पष्ट
- हरेक कुरा प्रमाण सहित उल्लेख
- क्रमबद्ध मसाइल संकलन गरि संख्या सहित उल्लेख गर्नु र त्यस पछि ब्याख्या
- पाठक हरूको लागि दुवा

## तिन वटा उसूल भनेको के हो ?

तीन वटा सिद्धान्त अर्थात चिहानमा गरिने तीन वटा प्रश्नहरू हुन् ।

- तिम्रो पालनकर्ता को हुन् ?
- तिम्रो धर्म के हो ?
- तिम्रो सन्देष्टा को हुन् ?

## यो तीनवटा उसुलको बारेमा पढेर के फाईदा हुन्छ ?

जब तपाई तिन वटा उसूल को ज्ञान आर्जन गर्नु हुन्छ र त्यस अनुसार कर्म गर्नु हुन्छ र त्यसको दावत गर्दा जुन दुख र कश्ट तपाईलाई पुग्छ त्यसमा सब्र गर्नु भयो भने ईंन्शाअल्लाह कब्रको प्रश्न हरूको उत्तर दिन सक्नु हुन्छ ।

# तीनवटा उसुलको विषय सुचि

यसलाई ५ भागमा बाँडिएको छ।

1. चार वटा मसाएल सुरह अस्र
2. तीन वटा मसाएल तौहीदको किसिमहरू
3. तौहीदको बारेमा ज्ञानको महत्व।
4. चिहानमा गरिने तीन वटा प्रश्न
5. समाप्ति

## 1. चार वटा मसाएल

1.
ज्ञान

2.
ज्ञान अनुसार कर्म

3.
दावत

4.
यस बाटोमा पुग्ने हरेक प्रकारको कष्टमा धैर्य गर्नु

## 2. तिनवटा मसाएल

1.
तौहीदे रुबुबियत र नाम तथा गुणहरू

2.
तौहीदे उलुहियत

3. शिर्क र शिर्क गर्नेवाला हरू सँग दिल, जिब्रो र शरीर बाट सम्बन्ध तोडनु

## 3. तौहीदको बारेमा ज्ञानको माहत्व

यसको जवाब पेज नः ५ मा पढि सक्नु भयो।

## 4. तीन वटा उसूल

छोटकरिमा भन्नुपर्दा तिनवटा सिद्धान्तको मतलबः कब्रमा गरिने तीनवटा प्रश्नहरू

तिम्रो इश्वर को हुन् ?

तिम्रो धर्म के हो ?

तिम्रो सन्देश्टा को हुन् ?

## 5. समप्ति

लेखक महोदयको भनाईः मृत्यु पछि फेरी उठाइने छन्।

# पहिलोः चार वटा मसाईल

بسم الله الرحمن الرحيم

(1) जानिराखः तिमि माथि अल्लाह तालाको कृपाहोस ।

(2) अल्लाह तालाले हामि माथि चार वटा मसाईल जनन्न अनिवार्य गर्नु भएको छ ।

पहिलोः ज्ञान

अल्लाह तआला, र सन्देश वाहक हरूको साथै ईस्लामको प्रमाण सहित ज्ञान प्राप्त गर्नु ।

दोस्रोः प्राप्त ज्ञान अुसार अमल गर्नु ।

(1) लेखकले बिस्मिल्लाहबाट आफ्नो लेख सुरु गर्न भएको कारण ।

1. अल्लाहको किताब र सदेश वाहक हरूको अनुशरण । صلى الله عليه وسلم

2. विद्धानहरूको तर्फबाट चल्दै आएको चलन ।

3. अल्लाह ताआलाको नाम बरकत वाला भएको कारण ।

(2) जस्तै कि मैले किताबको प्रवेशिकामा ईशारा गरे कि " लेखक महोदयको यो बानि हो कि ज्ञान सिक्ने मानिसहरूको लागि अल्लाह ताला संग कृराको दुवा गर्दै हरेक कुराको सुरुवात गर्नुहुन्छ ।

असलमा इस्लामको पूरा आदेश कृपामा आधारित छ ।

विद्वानहरूले हमेशा यो ज्ञान प्राप्त गर्ने हरूको लागि दुवा गरेका छन् ।

ज्ञानको भनेकोः कुनै पनि कुराको वास्तविकतालाई प्रमाण सहित जान्नु र यसको विपरित अज्ञान्ता हन्छ ।

(3) ईल्म र अमलको आपसमा यो सम्बन्ध छ कि ईल्मलाई अमलद्धार जोडेर राखिन्छ न भए त्यो बाकि रहदैन तर्सथ अमल बिना ईल्मको केहि फाईदा छैन । यदि तपाई ज्ञान प्राप्त गर्नु भयो भने त्यस माथि अमल गर्न जरूरी छ किन कि यहुदिहरूसंग छ ईल्म हुन्छ तर अमल गर्दैनन् प्रमाणः "يعرفونه كما يعرفون أبناءهم " (सुरह 2 आयत 146) ।

**तेस्रो:**

इस्लाम तर्फ अरूलाई बोलाउनु अर्थात दावाह गर्नु ।

## इस्लामि दावाह को केहि शर्त र काएदाहरू छन जसको ख्याल गर्न जरूरी छ ।

1. अल्लाहको प्रसन्नता प्राप्तिको लागी दावाह गर्नु ।
2. शरियत को आदेश अनुसार दावत दिनु ।
3. हिक्मत तथा धैर्यको साथ दावाह को कार्य गर्नु ।
4. ब्यक्ति, समय र परिस्थिति अुनसार दावत गर्नु ।

## शर्तहरू को प्रमाण

अल्लाह तआलाको भनाई: " قل هذه سبيلي أدعوا إلى الله على بصيرة أنا ومن اتبعني وسبحان الله وما أنا من المشركين सुरह 12 आयत 108

قل هذه سبيلي : यसमा जुन कुराको तर्फ ईशारा गरिएको छ त्यो शरियते ईस्लाम हो र "सबील" मतलब बाटो वा तरिका ।

"أدعو إلى الله " खालिस अल्लाह तर्फ बोलाउने वाला हुनु पर्यो ।

"على بصيرة " अला बसीरह मा ज्ञान शामेल छ ।

- शरियत
- ब्यक्ति, समय र परिस्थिति
- त्यो बाटो जसको माधयमले गन्तब्य सम्म पुगिन्छ ।

लेखक महोदय को भनाई छ कि: जब तपाई ज्ञान प्राप्त गरि सक्नु भयो भने त्यस अनुसार कर्म गर्नुस त्यो बाटोमा हिडनुहोस जसमा शन्देषवाहकहरू र वहा हरूको साथीहरू तथा राम्रा मान्छेहरू हिडेका थिए ।

अल्लाह तआलाले भन्नु भयो: " قل هذه سبيلي أدعوا إلى الله على بصيرة أنا ومن اتبعني وسبحان الله وما أنا من المشركين".

चौथोः यस कार्यमा हुने कष्टमा धैर्य गर्नु । (1)
यस कुराको प्रमाणः

وَالْعَصْرِ اِنَّ الْاِنْسَانَ لَفِيْ خُسْرٍ اِلَّا الَّذِيْنَ اٰمَنُوْا وَعَمِلُوا الصّٰلِحٰتِ وَتَوَاصَوْا بِالْحَقِّ ۙ وَتَوَاصَوْا بِالصَّبْرِ(2)

(1) लेखक महोदयले दावत पछि धैर्यको वर्णन गर्नु भएको छ । उहाँ भन्नु हुन्छ कि जो कोही पनि यस काममा लाग्यो त्यसले अवश्य दुख र कष्ट भोग्नै पर्यो जस्तै कि सन्देश्टा हरूले भोग्नु भयो तसर्थ धैर्य गर्न अनिवार्य छ ।

## सब्रको ब्याख्या

**शब्दकोष अनुसारः** रोक्नु वा मनाउनु

**शरियत अनुसारः** मनको इच्छालाई केहि कुराबाट रोक्नु।

## ईमाम इब्नुल कैय्यमले धैर्यलाई ३ भागमा बाड्नु भएको छ

1. अल्लाह तआलाको आज्ञा-पालनमा धैर्य गर्नु ।
2. पापको कार्य छोड्नमा धैर्य धारण गर्नु ।
3. भाग्यमा लेखेको कुरामा धैर्य गर्नु ।

(2) चारै वटा मसाईल वर्णन गरेपछि लेखक महोदयले त्यस माथि कुरआनबाट प्रमाण दिनु भएको छ र त्यो सुरतुल अस्र सुरह नः११४ हो, र लेखक महोदय प्रत्येक कुरा प्रमाण सहित गर्नुहुन्छ, किन ?

- ताकि विद्यार्थी सुन्नतको इत्तेबा (अनुशरण) गरोस, तकलीद न गरोस ।
- ताकि विद्यार्थीसंग बिपक्षि लाई जवाब दिनको लागि प्रमाण होस् ।
- ताकि विद्यार्थीले प्रमाण बाट अहकाम निकाल्न सकोस् ।

ईमाम शाफईले भन्नु भयो कि अल्लाह तआलाले सुरह अस्र मात्रै अवतारित गरीदीएको भए पनि मानव जातीलाई काफी हुने थियो।(1)

ईमाम बुखारीले भन्नु हून्छः अमल भन्दा पहिला ज्ञान प्रपतिको वर्णन गर्न जरुरी छ।

प्रमाण अल्लाह तआलाको यो भनाईः

" فاعلم أنه لا إله إلا الله و استغفر لذنبك و للمؤمنين و المؤمنات"

**(कुरआन:47 आयत19)**

यो आयतमा कुरा र ब्यवहारमा लागु भन्दा पहिला त्यस बारेमा ज्ञान प्रप्ति को आदेश दीइएको छ (2)

(1) ईमाम शाफई رحمه الله को भनाई को अर्थ यो हो कि सुरतुल अस्र मात्रै अवतरित भएको भए पनि तौहीदको बारेमा ज्ञान र त्यसमाथी अमलको साथै दावाह गर्नु र त्यसमा सब्र गर्नु काफि थियो।

बाकि कुरआनको बारेमा के त ? जवाब यो हो कि पुरा कुरआन हुज्जतको लागि हो।

(2) ईमाम बुखारीले आफ्नो किताबमा विषय सुची कायम गर्नु भयो "काम भन्दा पहिला ज्ञान प्राप्तिको वर्णन" र त्यसको प्रमाणहरू ल्याउनु भएको छ तसर्थ कौल र अमल भन्दा पहिला ज्ञान प्राप्त गर्न जरुरी छ।
किन कि ज्ञान बिनाको अमल ईसाइ हरूले गरे झै हुन्छ जुन कुबूल हुदैन।

# तौहीदको तीनवटा किसिम

खबरदारः तिमी माथि अल्लाह तआलाको कृपा होस, हरेक मुस्लिम महिला तथा पुरूष माथि तौहिदको तिनै वटा किसिम को ज्ञान प्राप्त गर्न तथा त्यस अनुसार कर्म गर्न अनिवार्य छ। (1)

(1) यहाँ लेखक महोदयले दुवा बाट शूरू गर्नु भएको छ।

तीनवटा उसूल मा लेखकले पाठक हरूको लागि तिन ठाउँमा दुवा गर्नु भएको छ, लेख शुरू गर्दा खेरी, फेरि यहाँ र त्यस पछि यो गर्नु भएको छ कि "अल्लाह तआलाले तिमीलाई सत्मार्ग मा चल्ने क्षमता प्रदान गरून।"

## ब्याख्या शुरू गर्न भन्दा पहिला छोटकरिमा परिचय

**तौहीद भनेको के हो ?**

**शब्दकोष अनुसारः**

कुनै कुरो लाइ एक मान्नु, या एक बनाउनु यसको मूल शब्द हो "वह्हद"

**शरियत अनुसारः**

अल्लाह तआला लाई उपासना तथा उनको नाम र गुणमा एक मान्नु।

**तौहीदको तीनवटा भागहरू रहेका छन्।**

**तौहिदे रूबूबियतः**

अल्लाह तआला लाई कुनै पनि कुराको सृष्टि गर्न र त्यसको पुर्ण इन्तेजाम गर्नमा एक मान्नु।

**तौहीदे उलुहियत**

**एक मात्र अल्लाह लाइ उपासनाको लाएक मान्नु।**

**तौहीदे अस्मा व सिफातः**

अल्लाह तआला लाई उनको नाम र विशेषतामा एक मान्नु कि उहाँ जस्तो कोहि पनि छैन।

*अल्लाह तालाको नाम तथा गुणहरू तैाकिफिया हुन् कुरआन र हदिसमा जुन नाम तथा गुणहरू बताईउको छ त्यसमा हामी अडिग हुनुपर्दछ।

अल्लाह तालाले कुरआनमा र उहँको सन्देष्टाले हदिसमा जुन नामहरू बताउनु भयो त्यसलाई मान्नु।

र अल्लाह तआले कुरआनमा जुन मनाहि गर्नु भयो वा सन्देश वाहकले हदीसमा, त्यसको इन्कार गर्नु जस्तैः

"لا تأخذه سنة و لا نوم"

अल्लाह लाई निद्रा वा उँघ लाग्दैन.. त्यसमा कुनै किसमको हेरफेर नगर्नु।

पहिलोः अल्लाह तालाले हाम्रो सृष्टि गरेर हाम्रो खान-पिनको ब्यवस्था गर्नु भयो र हामीलाई बेकार छोड्नु भएन बल्कि हामीतर्फ सन्देष्टाहरू पठाउनु भयो र जस्ले उहाँहरूको अनुशरण गर्छ त्यो स्वर्गमा जान्छ जस्ले झुटलाउँछ त्यो नर्कमा जानेछ। प्रमाणः

اِنَّآ اَرْسَلْنَآ اِلَيْكُمْ رَسُوْلًا شَاهِدًا عَلَيْكُمْ كَمَآ اَرْسَلْنَآ اِلٰى فِرْعَوْنَ رَسُوْلًا فَعَصٰى فِرْعَوْنُ الرَّسُوْلَ فَاَخَذْنٰهُ اَخْذًا وَّبِيْلًا (1) सुरह 73 आयत 15

## तीन वटा मसाएलको खुलासा

| तैाहिदे रुबुबियत र तैाहिद अस्मा वा सिफात | तैाहिद उलुहियत वा तौहीदे इबादत | शिर्क गर्ने वालाहरू संग नाता तोड्नु |
|---|---|---|

(1) पहिलो मसाइलमा लेखक महोदयले तैाहिदे रूबुवियत र तैाहिद अस्मा वा सिफातलाई साबित गनु भएको छ र बताउनु भएको छ कि अल्लाह नै हाम्रो सृष्टि कर्ता र पालन कर्ता हुन र उहाँले हामीलाई यत्तिकै लावारिस छोडनु भएन, मार्गदर्शनको लागि सन्देशवाहक पठाउनु भयो।

## अल्लाहले सन्देशवाहरू पठाउनुको कारण ?

| सृष्टि माथि हुज्जत कायम गर्नुको लागि<br>" وما كنا معذبين حتى نبعث رسولا" | दयाको लागिः<br>" وما أرسلناك إلا رحمة للعالمين" |
|---|---|

### दोस्रोः

ईबादतमा अल्लाह तआलाले कसैलाई आफ्नो साथमा साझि गरेको मन पराउनु हुन्न चाहे त्यो फरिश्ता होस् वा कुनै सन्देश-वाहक।

प्रमाण अल्लाह तआलाको भनाईः

وأن المساجد لله فلا تدعوا مع الله أحدا

### दोस्रो कुराः

### यसमा एकेश्वरवादको वर्णन छ।

ईबादतमा अल्लाह तआलाले आफ्नो साथमा कसैले साझि गरेको मन पराउनु हुन्न चाहे त्यो फरिश्ता होस्, सन्देश-वाहक वा वलि वा अरू नै कोहि होस्।

प्रमाण अल्लाह तआलाको भनाईः

وأن المساجد لله فلا تدعوا مع الله أحدا

## मस्जिदको तीन ओटा अर्थ बयान गरिएको छ।

- मस्जिदको भवन जुन ईबादतको लागि बनाईएको छ।
- सज्दाको अरकानहरू
- त्यो सफा र पाक ठाउँ जहाँ सज्दा गरिन्छ

### अल्लाहको साथमा अरू कसैको इबादत न गर्नुः

अरू कसैको भन्नाले कसैको पनि ईबादत नगर्ने चाहे त्यो नबि, वलि, जिन, फरिश्ता जो कोहि पनि होस्।

तेस्रोः निसन्देह जस्ले सन्देष्टाको अनुसरण गर्छ र अल्लाह तालालाई एक मान्छ भने त्यस्ले कुनै पनि यस्तो मान्छेलाई साथी बनाउन जायज छैन जस्ले अल्लाह र उसको सन्देष्टाको विरोध गर्दछ चाहे त्यो जति सुकै नजिकको मान्छ होस् ।

لَا تَجِدُ قَوْمًا يُّؤْمِنُوْنَ بِاللّٰهِ وَالْيَوْمِ الْاٰخِرِ يُوَآدُّوْنَ مَنْ حَآدَّ اللّٰهَ وَرَسُوْلَهٗ وَلَوْ كَانُوْٓا اٰبَآءَهُمْ اَوْ اَبْنَآءَهُمْ اَوْ اِخْوَانَهُمْ اَوْ عَشِيْرَتَهُمْ ؕ اُولٰٓئِكَ كَتَبَ فِيْ قُلُوْبِهِمُ الْاِيْمَانَ وَاَيَّدَهُمْ بِرُوْحٍ مِّنْهُ ؕ وَيُدْخِلُهُمْ جَنّٰتٍ تَجْرِيْ مِنْ تَحْتِهَا الْاَنْهٰرُ خٰلِدِيْنَ فِيْهَا ؕ رَضِيَ اللّٰهُ عَنْهُمْ وَرَضُوْا عَنْهُ ؕ اُولٰٓئِكَ حِزْبُ اللّٰهِ ؕ اَلَآ اِنَّ حِزْبَ اللّٰهِ هُمُ الْمُفْلِحُوْنَ

(सुरह 58 आयत 22)

तेस्रो मसअलामा लेखकले यो बताउनु भएको छ कि शिर्क र मुश्रिक हरू बाट टाढा बस्न जरूरी छ ।

सिर्क गर्नेवालाहरूसंग दुरी कसरी बनाउनू पर्छ ?

| दिल | जिब्रो | शरिरिक अङगहरू |
| --- | --- | --- |

1. दिलः दिल बाट मन पराउनु हुन्न, खास गरि त्यो पर्व र कार्यक्रम जस्मा शिर्क र विद्अत गरिन्छ ।

2. जिब्रोः जिब्रोले तिनिहरूको बनावटि भगवानको इन्कार गर्नु पर्छ ।

قُلْ يٰٓاَيُّهَا الْكٰفِرُوْنَ لَآ اَعْبُدُ مَا تَعْبُدُوْنَ وَلَآ اَنْتُمْ عٰبِدُوْنَ مَآ اَعْبُدُ وَلَآ اَنَا عَابِدٌ مَّا عَبَدْتُّمْ وَلَآ اَنْتُمْ عٰبِدُوْنَ مَآ اَعْبُدُ لَكُمْ دِيْنُكُمْ وَلِيَ دِيْنِ (सुरह 109 आयत 1-6)

3. शरिरिक अङगअरू बाटः तिनिहरूको धार्मिक तथा सासंकृतिक कार्यक्रम हरूमा उपस्थित न हुनु का साथै तिनिहूको धार्मिक कपडा पनि लगाउनु हुन्न ।

# तौहिदको बारेमा ज्ञानको महत्व

अल्लाह तआलाले तिमीलाइ सिधा बाटो देखाउनः निसन्देह सिधा बाटो इब्राहीम अ. को बाटो हो। र त्यो यो हो कि तिमी धर्मलाई अल्लाह कै लागी खास गर्दै उसकै उपासना गर्नु यसकुरा को आदेश अल्लाह तआला ले सम्पूर्ण मानव जातीलाइ दिनू भएको छ र वास्तवमा मानव जातीलाइ अल्लाह तआलाले आफ्नो इबादत कै लागि सृष्टि गर्नु भएको हो।

र अल्लाह तआको सब भन्दा ठुलो आदेश तौहिद कै आदेश हो र यसको मतलब हो एक मात्र अल्लाह को इबादत गर्नु।

र सब भन्दा घातक कुरा जसबाट अल्लाह ले रोक्नु भएको छ त्यो शिर्क हो र यसको मतलब हुन्छ अल्लाह को साथ अरूलाइ साझि बनाउनू।

## अल-हनिफिया

**शब्दकोश अनुसार**

सिधा बाटो तर्फ आकर्षित हुनू।

**शरियत अनुसारः**

शिर्क बाट टाढा भइ एख्लास र इमान को साथ अल्लाह तआला लाई एक मान्नु अर्थात शिर्क बाट फर्केर अल्लाह तर्फ जानु। हनीफ को अर्थ नै यहि हो कि शिर्क बाट टाठा भएर सदाको लागि एकेश्वर-वादि बन्नु।

(3) लेखक महोदयले यहा तौहीद को बारेमा किन पढनु पर्छ भन्ने कुर बताउनु भएको छ र यस बारे ज्ञान प्राप्त गर्नु को महत्व हामिले पहिलै बयान गर्नु भएको छ।

## तौहिदको परिचय हमिले पहिलै बयान गरि सकेका छौँ।

**शब्दकोष अनुसारः**

कुनै पनी कुरो एक मान्नु

**शरियत अनुसारः** अल्लाह तआला लाई रूबूबियत, उलुहित र अस्मा व सिफात सबैमा एक मान्नु।

लेखक महोदयले बताउनु भयो किः يعبدون को मतलब योवह्हिदून हुन्छ अर्थात एक मात्र अल्लाहको उपासना गर्नु र यो इब्ने अब्बास रजियल्लाहु अन्हु ले गर्नु भएको को ब्यख्या हो।

# चौथोः तीनवटा सिद्धान्त

(1) लेखक महोदयले तीनवटा सिध्दान्त र कब्रमा गरिने तीनवटा प्रश्न बाट शूरू गर्नु भएको छ पाठक वा सुनने वाला लाई सावधान गर्नु भएको छ कि यसको बेरमा प्रश्नको के जवाब दिनु पर्छ।

(2) र लेखक महोदवले यसको पहिलो सिध्दान्त को बारेमा बताउनु भएको छ कि नि सन्देह हाम्रो पालनकर्ता नै उपासनाको लाएक हुनुहुन्छ र त्यसको प्रमाण दिनु भएको छः

الحمد لله رب العلمين

जब तिमी सँग भनिन्छ कि तीनवटा सिद्धान्त के हो जसको बारेमा जान्न मानिसहरू लाइ जान्न जरूरी छ ?

तिमी भन्नु कि भक्तले आफ्नो पालनकर्ता, धर्म तथा मुहम्द सल्लल्लाहु अलैहि व सल्लमको बारेमा जान्नु जरूरी छ।

जब तिमी सँग भनिन्छ कि तिम्रो रब को हुन् ? त जवाब दिनू कि मेरो रब अल्लाह हुन् जो मेरो पालनकर्ता हुनुका साथै पुरा ब्रम्हाण्डको पालनकर्ता हुन र अल्लाह कै इबादत गर्छु वहाँ बाहेक कोहि पनी मेरो इश्वर छैन।

अल्लाह तआला भन्नु हुन्छः

الحمد لله رب العلمين

अल्लाह तआला बाहेक सबै कुरा दुनिया को हो र म त्यस संसारको एक ब्यक्ति हुँ।

الحمد لله رب العلمين

**यस अयतमा तौहीदको तिनैवटा किसिम समेटिएको छ।**

| الحمد | لله | رب |
|---|---|---|
| यसमा तौहिद अस्मा व सेफात को बयान छ। | यसमा तौहिद उलुहियतको बयान छ। | यसमा तौहीद रूबुबियत को बयान छ। |

अल्लाह बाहेक सबै कुरा सृष्टि हो र म पनी एउन सृष्टि हुँ तसर्थ मैले अल्लाह को गुणगान गर्न जरुरी छ।

जब तिमी सँग भनिन्छ कि आफ्नो पालनकर्ता लाइ कसरी चिन्न सकिन्छ ? त तिमी भनि देउ कि उसको निशानीहरू र सृष्टिहरूको माध्यमले र उनको निशानीहरू मध्ये दिन रात र सुर्य र चन्द्र हुन र उहाँको सृष्टि मध्ये सातौँ आसमान र सातौँ जमीनहरू हरू र त्यसम बिचमा भएका सबै कुराहरू हुन् ।

प्रमाणः ومن اياته الليل و النهار و الشمس و القمر لا تسجدوا للشمس ولا للقمر و اسجدوا لله الذي خلقهن إن كنتم اياه تعبدون .

र अर्को ठाउँमा छः إن ربكم الله الذي خلق السماوات و اللأرض في ستة أيام ثم استوي علي العرش يغشي الليل النهار يطلبه حثيثا و الشمش و القمر و النجوم مسخرات بأمره ألا له الخلق والأمر تبارك الله رب العلمين . (1)

अल्लाह नै परम पुज्य हुन् र यसको प्रमाणः يأيها الناس أعبدوا ربكم الذي خلقكم و الذين من قبلكم لعلكم تتقون. الذي جعل لكم الأرض فراشا والسماء بناء و أنزل من السماء ماء فأخرج به من الثمرات رزقا لكم فلا تجعلوا لله أندادا و أنتم تعلمون. (2)

इब्नो कसीर रहिमहुल्लाह ले भन्नु हुन्छ कि यी सबै कुरा को सृष्टि कर्ता नै पुजाको लाएक छन् । (3)

(1) लेखक महोदयले सृष्टिको बारेमा रहेका ती श्लोकहरू बयान गर्नु भएको छ जसमा परमपुज्यको बारेमा बताइएको छ जसबाट यो प्रमाणित हुन्छ कि अल्लाह बाहेक कोहि पनी सृष्टि कर्ता र सत्य पुज्य छैनन् यसकुराको प्रमाणमा कुरआनको आयतहरू छन् ।
* हरेक सृष्टि यस कुराको प्रमाण हो कि अल्लाह तआला हुनुहुन्छ ।

(2) हरेक सृष्टि यस कुराको प्रमाण हो कि अल्लाह तआला हुनुहुन्छ । र यसैमा सब भन्दा पहिला शिर्क गर्न बाट रोकिएको छ فلا تجعلوا لله أندادا

(3) यानि कि तौहीदे उलुहियतमा एक मान्दा खेरि तौहिदे रूबुबियतमा पनि एक मान्नु पर्छ ।

लेखक महोदयले अल्लामा इब्ने कसीर ले बयान गर्नु भएको दिल तथा शारीरिक इबादत हरूलाई कुरआन बाट प्रमाण सहित साबित गर्नु भएको छ जुन यहाँ बयान गरिदैछः

**दुवा**
**यसको केहि किसिमहरू रहेका छन्**

**परिस्थिति को दुवाः** र त्यो जिब्रोले बोलेर गरिन्छ जस्तैः भन्नु कि मलाइ माफ गरिदिनू होस्, म माथि दया गर्नु होस्।

यसमा केहि तफ्सील छ जुन अगाडि आँउदै छ।

**इबादत को दुवाः** र त्यो हाव भाव को माध्यमले गर्नु जस्तैः नमाज, रोजा, हज्ज अदि।

अल्लाह बाहेक अरू कसैको लागी गर्नु ठुलो शिर्क हो ।

र इबादतका किसिमहरू जसको आदेश अल्लाह तआलाले दिनु भएको छ जस्तैः इस्लाम, ईमान, र एहसान हुन र त्यस मध्येः दुवा, डर, आशा, भरोसा, माएल हुनू, भक्ति, मुखतियारी, मदद माग्नु, पनाह तलब गर्नु, उजुरि गर्नु, कुरबानी र नजर मान्नु आदि यी सबै इबादत हुन र सबै अल्लाह कै लागी खास छन्।

प्रमाणः अल्लाह तआला ले भन्नु हुन्छः
و أن المساجد لله فلا تدعوا مع الله أحدا

तसर्थ जसले यी मध्ये कुनै पनि इबादत अल्लाह बाहेक अरू कसैको लागी गर्छ भने उसले शिर्क र कुफ्र गर्यो अल्लाह तआला ले भन्नु हुन्छः
و من يدع مع الله ألها آخر لا برهان له به فإنما حسابه عند ربه إنه لا يفلح الكافرون

र हदीसमा भनिएको छ कि दुवा इबादत को ज्यान हो प्रमाणः
و قال ربكم أدعوني أستجب لكم إن الذين يستكبرون عن عبادته سيدخلون جهنم داخرين

## परिस्थितिको दुवा दुई भागमा बाडिएको छ

- **अल्लाह बाहेक कोहि सित पनि त्यो पुरा गर्ने क्षमता छैन।**
  यो अल्लाह बाहेक अरू कसै सित माग्नु ठुलो शिर्क हो।
- **भक्तले पुरा गर्ने क्षमता रख्दछ।**
  यो केहि शर्तको साथको जाएज छः
  - जो सँग मागिदै छ त्यो जिवित होस मृत न होस
  - जो सँग मागिदै छ त्यो हाजिर होस गाएब न होस
  - जो सँग मागिदै छ त्यस सित त्यो माग पुरा गर्ने क्षमता होस असक्षम न होस
  - यो आस्थाको साथ मागियोस कि ऊ माध्यम मात्रै हो।

तर यदि यो आस्था छ कि त्यो मान्छे ब्रम्हाण्डमा हेरफेर गर्ने र फाईदा तथा नुक्सान पुर्याउने क्षमता रख्छ भने यो शिर्क हो।

**टिप्पणि:**

हामीले कामको बारेमा त्यसको आदेश बारे पढयौँ तर काम गर्नेवालाको बारेमा के आदेश छ त्यसको पडताल जरूरी छ।

र बिद्वान हरूले काम गर्ने वाला माथि हुक्म लगाउँछन् कि त्यो आस्थावान हरू मध्ये हो कि हैन।

## माध्यम को आस्था बारे मान्छेहरू तिन गिरोहमा बाडएका छनः

एक गिरोह तिनिहरूको छ जसले यो आस्था रख्दछन् कि जुन माध्यम अल्लाह ले बनाउनु भयो त्यसलाई मात्रै माध्यम बनाउनु पर्छ
र यो नै सहि हो।

एक गिरोह तिनिहरूको छ जसले त्यो कुरालाई माध्यम मान्छन् जसलाई अल्लाह तआलाको माध्यम बनाउनु भएन
र यो सानो शिर्क हो।

एक गिरोह तिनिहरूको छ जसले माध्यम लाई हरेक कुरामा सक्षम मान्छन् र यो आस्था रख्छन् कि त्यो माध्यम पनि नाफा र नुक्सान को मालिक हुन
र यो ठुलो शिर्क हो।

**शरई माध्यमः**
जस्तै वैध तरिकाले औषधि गर्नु, अल्लाह तआला ले नै औषधी लाई रोग निको पार्ने माध्यम बनाउनु भएको छ।

**हिस्सि माध्यमः**
जस्तै दुवा गर्नु, अल्लाह तआला ले नै दुवालाई निको पार्ने माध्यम बनाउनु भएको छ।

**"दुवा ईबादतको ज्यान हो"** भन्ने हदिस जईफ छ सहि हदिस यो हो **"दुवा नै ईबादत हो"** ।

## दुवा कसरी ईबादत हो?

कुरआयनले यस कुराको पुश्टि गर्छः
وَقَالَ رَبُّكُمُ ادْعُوْنِيٓ اَسْتَجِبْ لَكُمْ ۭ اِنَّ الَّذِيْنَ يَسْتَكْبِرُوْنَ عَنْ عِبَادَتِيْ سَيَدْخُلُوْنَ جَهَنَّمَ دٰخِرِيْنَ

यस आयतमा अल्लाह तआलाले भन्नु भयो عِبَادَتِيْ जुन यसकुराको प्रमाण हो कि दुवा ईबादत हो।

डर को प्रमाणः

فَلَا تَخَافُوْهُمْ وَخَافُوْنِ اِنْ كُنْتُمْ مُّؤْمِنِيْنَ (1).

**अशाको प्रमाणः**

فَمَنْ كَانَ يَرْجُوْا لِقَآءَ رَبِّهٖ فَلْيَعْمَلْ عَمَلًا صَالِحًا وَّلَا يُشْرِكْ بِعِبَادَةِ رَبِّهٖٓ اَحَدًا (2).

(1) डर भनेको हानि पुग्न सक्ने वा पिडा हुने वा हलाक हुन सक्ने भय हुनु हो र अल्लाह तआला ले शैतानको औलियाहरू सित डराउन बाट मनाहि गर्नु भएको छ र मात्रै अल्लाह तआला सँग डराउने आदेश दिनु भएको छ।

**डरको तिन वटा किसिमहरू छन्**

| इबादत तथा आदर र उजुरीमा डरः | प्राकृतिक डरः | अवैध डरः |
| --- | --- | --- |
| यसमा भक्तको आफ्नो इश्वरको लागि उन्मुखता आज्ञाकारिता र आदर शामेल हुन्छ, र यो किसिम अल्लाह कै लागि खास छ अरू कसैको लागि हुनु ठुलो शिर्क हो। | जस्तै कि मान्छे आगो, शत्रु र हिन्सक जनावरहरू सँग डराउँछ यसमा कुनै आपत्ति छैन। | जस्तै अल्लाह तआलाको दया न पाउने कि भन्ने कुरामा डर मान्नु वा अल्लाह तआला को अवज्ञा गरेर भक्तको आज्ञा पालन गर्नु। |

(2) आशाः सफलताको लोभ गर्नु

आशामा उन्मुखता आज्ञाकारिता र सम्मान शामेल छ र यो अल्लाह कै लागि खास छ अरू कसैको लागि हुनु ठुलो शिर्क हो।

राम्रो उम्मिद अल्लाह तआलाको भक्ति गर्ने वाला कै हुन्छ र त्यसकै लोभ फाईदा जनक हुन्छ वा जसले पापको प्राश्चित गर्छ र त्यसमा आफ्नो प्राश्चित स्विकार हुने आशा गर्छ, तर जुन मान्छेले अमल बिना नै क्षमाको आशा गर्छ वास्तामा त्यो अहङकार हो र उसको यो अशा बेकार छ।

## तवक्कुलको परिचयः

**शब्दकोश अनुसारः**
कोहि माथि भरोसा गर्नुलाई तवक्कुल भनिन्छ।

**शरियत अनुसारः**
वास्तवमा अल्लाह तआला माथि पुर्ण भरोसा गर्नु दृढ विश्वासको साथ आवश्यक माध्याम प्रयोग गर्दै।

## पुर्ण भरोसा तीनवटा कुरा बिना पुरा हुन सक्दैन

- अल्लाह तआला मथि वास्तविक भरोसा
- अल्लाह तआलाले गर्नु भएको बाचाहरू जरूर पूरा हुन्छन् भन्ने कुरामा दृढ विश्वास
- आवश्यक माध्यामको प्रयोग

तवक्कुलको प्रमाणः

وَعَلَي اللّٰهِ فَتَوَكَّلُوْٓا اِنْ كُنْتُمْ مُّؤْمِنِيْنَ.(1)

अर्को प्रमाणः

وَمَنْ يَّتَوَكَّلْ عَلَي اللّٰهِ فَهُوَ حَسْبُهٗ.(2)

आशा, डर र नम्रता को प्रमाणः

اِنَّهُمْ كَانُوْا يُسٰرِعُوْنَ فِي الْخَـيْرٰتِ وَيَدْعُوْنَنَا رَغَبًا وَّرَهَبًا ۭ وَكَانُوْا لَنَا خٰشِعِيْنَ

(2) आशाः मायाको साथ कुनै पनि कुरा को उम्मिद गर्नु
डरः फाइदाको उम्मिदको साथ डर र यो डर अमल सहित हुन्छ।
नम्रताः अल्लाह को अगाडि आफ्नो कमजोरि तथा नम्रता जाहेर गर्नु आफु सम्बन्धि उँहाको हरेक फैसलमा खुशि जनाउँदै।

आशा, डर र नम्रता सबै साथ साथ र बराबर हुनु पर्छ यस मध्ये कुनै पनि एक अर्का सँग कम वा बढि हुनु हुदैन कि कुनै एउटामा परेर बर्बाद भइ हालोस तसर्थ दुइटै चराको दुइटा पँखेटो झै बराबर हुनु पर्छ।

**अल खशियहको प्रमाण:**

فَلَا تَخْشَوْهُمْ وَاخْشَوْنِيْ.(1)

अल एनाबहको प्रमाण:

وَاَنِيْبُوْٓا اِلٰى رَبِّكُمْ وَاَسْلِمُوْا لَهٗ.**(2)**

**अल इस्तेआनह को प्रमाण:**

اِيَّاكَ نَعْبُدُ وَاِيَّاكَ نَسْتَعِيْنُ(3)

**र हदीसमा भनिएको छ कि:**

إذا استعنت فا ستعن با الله

**अल इस्तेआजा को प्रमाण:**

قُلْ اَعُوْذُ بِرَبِّ النَّاسِ(4)

**अल इस्तेगासा को प्रमाण:**

اِذْ تَسْتَغِيْثُوْنَ رَبَّكُمْ فَاسْتَجَابَ لَكُمْ.(5)

**जबहको प्रमाण:**

قُلْ اِنَّ صَلَاتِيْ وَنُسُكِيْ وَمَحْيَايَ ◌ٙ
وَمَمَاتِيْ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ لَا شَرِيْكَ لَه

र हदिसमा भनिएको छ कि "अल्लाह तआला बाहेक अरू कसैको नाममा जबह गर्नेवाला माथि लानत होस" । (6).

(1) **अल खशियहः** यस्तो डर जुन उसको महानता र शक्तिशालि शासनको बारेमा ज्ञान प्राप्ति पछि हुन्छ ।

(2) **अल इनाबहः** अल्लाह तआला आज्ञा पालन गर्दै र अवज्ञा बाट बच्दै उहाँ तिर फर्किनु । وَاَنِيْبُوْٓا اِلٰى رَبِّكُمْ وَاَسْلِمُوْا لَهٗ अर्थात फर्किनू अर्थात आफ्नो सारा मामिला अल्लाह लाइ सुम्पिनू किन कि तिमी भक्त हौ र भक्तमाथि अनिवार्य हुन्छ कि ऊ आफ्नो मालिकको आज्ञा पालन गरोस, र असल मालिक अल्लाह नै हुन् ।

(3) **अल इस्तेआनहः** मदत माग्नु, اِيَّاكَ نَعْبُدُ وَاِيَّاكَ نَسْتَعِيْنُ अर्थात हामी तपाई बाहेक अरू कसैको इबादत गर्दैनौँ र तपाइ बाहेक अरू कसै सित मदत माग्दैनौँ ।

(4) **अल इस्तेआजहः** शरण माग्नु, र यो कुनै पनी हानिकारक कुरो सँग बच्नको लागी मागिन्छ

(5) **अल इस्तेगासाः** भलाई माग्नु, हरेक नराम्रो र बर्बाद गर्दिने कुरा सँग बचाउन गुहार लगाउनू । अल इस्तेगासा, अल इस्तेआजा, अल इस्तेआनह र अल शेफाअह यो सबै अल्लाहको बन्दाहरू सित चार वटा शर्तको साथ त्यो सँग माग्न सकिन्छ जो यो सब पुर गर्न सक्ने क्षमता राख्दछ ति शर्तहरू हुन् जिवत होस, हाजिर होस, क्षमतावान होस र त्यसमा आवश्यक सबब अपनाइयोस ।

❖ अल इस्तेआनह, इस्तेआजह, अल इस्तेगासह र शफाअत, क्षमतावान सृष्टक सँग पनी तलब गर्न सकिन्छ तर चारवटा शर्तको साथः जिवित होस, हाजिर होस, सक्षम होस र सबब होस ।

(6) जबहः खास मकसदको लागि कुनै ज्यान पेश गर्नु उसको रगत बगाएर ।

## जबहको तीन वटा किसिमहरू रहेका छन्

| अल्लाहको लागी जबह गर्नुः | अल्लाह बाहेक अरूको सम्मानको लागी जबह गर्नुः | जाएज जबहः |
| --- | --- | --- |
| जस्तै कुरबानी, सदका को जबह र हदिया को जबह आदी। | जस्तै जिन्नात भूत प्रेत र मृत ब्यक्ति आदि को लागी गर्नु यो ठुलो शिर्क हो। | जस्तै पाहुनाको सत्कार वा किनबेचको लागी गर्नु। |

मन्नत को दलिलः يُوْفُوْنَ بِالنَّذْرِ وَيَخَافُوْنَ يَوْمًا كَانَ شَرُّهُ مُسْتَطِيْرًا (1).

**टिप्पणिः** जबहको अझै केहि तफसीलहरू रहेका छन् जुन तौहीदको विषयमा बयान गरिनेछ।

## (1) मन्नतको परिभाषाः

| शब्दकोस अनुसारः | शरियत अनुसनर |
| --- | --- |
| बाचा गर्नु व अनिवार्य गर्नु। | "मान्छेले आफूमाथि कुनै यस्तो कुरा अनिवार्य गरिहलोस जुन उसमाथि अनिवार्य थिएन"। |

**टिप्पणिः** मन्नतको केहि शर्त तफसील तथा त्यसको जरिवानाहरू छन् जुन तौहीदको विषयमा बयान गरिनेछ।

## मन्नत को कसिमः

| | |
| --- | --- |
| अल्लाहको लागि मन्नत मान्नु | अल्लाह बाहेक अरूको लागि मन्नत मान्नु |

- लेखक महोदयले यो सब इबादतहरू उदाहरण स्वरूप मात्रै बयान गर्नु भएको छ, अरू पनि यस्ता इबादतहरू छन् जुन बयान गर्नु भएको छैन र यसबाट यो कुरो बुझाउन चाहनु भएको छ कि यस मध्ये वा यस्ता अरू इबादतहरू अल्लाह बाहेक अरू कसैको लागि गर्नु शिर्क हो।

**दोस्रो महत्वपुर्ण कुरा:**

अल्लाह लाई एक मान्दै आत्म समर्णपन गर्नु, र उहाँको आज्ञा पालन गर्नु र शिर्क तथा शिर्क गर्नेवाला हरू सित सम्बनभ बिच्छेद गर्नु।

त्यसको तिन वटा दर्जाहरू रहेका छन् **इस्लाम, ईमान, एहसान** र हरेक दर्जाको केहि स्तम्भहरू छन्।

**पहिलो दर्जा: इस्लाम** (1)

इस्लामको पाँच वटा स्तम्भहरू छन: (2)

यसकुराको गवाहि दिनु कि अल्लाह बाहेक कोहि पनी सत्य पुज्य ईश्वर छैन र मोहम्मद ﷺ अल्लाहको रसूल हुन, नमाज काएम गर्नु, जकात दिनु, रमजानको रोजा राख्नु, र हज्ज गर्नु।

(1) लेखक महोदयले दोस्रो महत्वपुर्ण कुरा जुन भक्तले जान्नु पर्छ भन्नु भएको छ त्यो हो आफ्नो धर्म, र यसमा इस्लामको परिभषा बाट शुरू गर्नु भएको छ।

## इस्लाम

अल्लाह लाई एक मान्दै आत्म समर्णपन गर्नु, र उहाँको आज्ञा पालन गर्नु र शिर्क तथा शिर्क गर्नेवाला हरू सित सम्बन्ध बिच्छेद गर्नु।

यो इस्लामको परिभाषा हो, आफ्नो सारा मामिला अल्लाह लाई सुम्पिनू किन कि तिमी उसकै भक्त हौ र भक्तमाथि अनिवार्य हुन्छ ऊ आफ्नो मालिकको आज्ञापालन गरोस जस्तै कि नबि ﷺ. ले बताउनू भयो।

**धर्मलाई तिन दर्जामा बिभाजित गरिएको छ**

**इस्लाम** | **ईमान** | **एहसान**

(2) इस्लामको स्तम्भ पाँच वटा रहेका छन् र सब भन्दा पहिला हो:

**शहादा** अर्थात गवाही दिनू।

गवाहिको प्रमाणः

شَهِدَ اللّٰهُ اَنَّهٗ لَآ اِلٰهَ اِلَّا هُوَۙ
وَالْمَلٰٓئِكَةُ وَاُولُوا الْعِلْمِ قَآئِمًا بِالْقِسْطِؕ
لَآ اِلٰهَ اِلَّا هُوَ الْعَزِيْزُ الْحَكِيْمُ

यसको पतलब होः अल्लाह बाहेक कोहि पनि सत्य पुज्य इश्वर छैनन् । لَاَاِلٰهَ मा पहिला सबै असत्य पुज्यहरूको इन्कार र त्यस पछि اِلَّا اللّٰه मा एक मात्र अल्लाह लाई ईश्वर मानेर उनकै इबादत गर्नु र वहाँ सँग कसैलाई साझि नबनाउनु भनेर बताईएको छ । यसको राम्रो ब्याख्या कुआनको यस आयत बाट हुन्छः

وَاِذْ قَالَ اِبْرٰهِيْمُ لِاَبِيْهِ وَقَوْمِهٖٓ اِنَّنِيْ
بَرَآءٌ مِّمَّا تَعْبُدُوْنَ اِلَّا الَّذِيْ فَطَرَنِيْ
فَاِنَّهٗ سَيَهْدِيْنِ وَجَعَلَهَا كَلِمَةًۢ بَاقِيَةً
فِيْ عَقِبِهٖ لَعَلَّهُمْ يَرْجِعُوْنَ.(2)

लेखक महोदयले शहादा को प्रमाण र त्यसको मतलब पनी बताऊनु भएको छ र त्यो हो अल्लाह बाहेक कोहि पनि सत्य पुज्य इश्वर छैनन् भन्ने कुरा मान्नु ।

**शहादामा दुईटा कुरा हुनु जरूरी छ र ति हुन्**

| इन्कार | स्विकार |
|---|---|

इन्कारः कोहि पनि सत्य पुज्य ईश्वर छैन ।
स्विकारः अल्लाह बाहेक ।

र यस वाक्यमा यो कुरा स्पश्ट हुन्छ कि एक मात्र अल्लाहको ईबादत गर्नु पर्छ र अल्लाह बाहेक सबै असत्य पुज्य हरूको इन्कार गर्नु पर्छ यहि कुर प्रस्टयाउनको लागि लेखक महोदयले कुरआनको यो आयत राख्नु भयोः

وَاِذْ قَالَ اِبْرٰهِيْمُ لِاَبِيْهِ وَقَوْمِهٖٓ اِنَّنِيْ بَرَآءٌ
مِّمَّا تَعْبُدُوْنَ اِلَّا الَّذِيْ فَطَرَنِيْ فَاِنَّهٗ سَيَهْدِيْنِ

यदि कसैले यो भन्छ कि لا إله إلا الله को अर्थ अल्लाह बाहेक कोहि पनि ईश्वर छैनन हो भने हामी भन्छौ कि यो मतलब एकदमै गलत छ किन कि यस कुराले अल्लाह बाहेक पुजा भइ राखेको सबै लाई सत्या ठहर्याउँछ तर जब तिमी यो भन्छौ कि सत्य पुज्य अरू कोहि पनि छैन भने यसले अल्लाह बाहेक पुजा भइ राखेको सबै लाई असत्या ठहर्याई उनिहरूको इन्कार गर्छ र एक मात्र अल्लाह लाइ सत्य पुज्य ठहर्याउँछ।

अल्लाह तआला भन्नु हुन्छः

قُلْ يَاَهْلَ الْكِتٰبِ تَعَالَوْا اِلٰى كَلِمَةٍ سَوَآءٍۢ بَيْنَنَا وَبَيْنَكُمْ اَلَّا نَعْبُدَ اِلَّا اللّٰهَ وَلَا نُشْرِكَ بِهٖ شَيْـًٔا وَّلَا يَتَّخِذَ بَعْضُنَا بَعْضًا اَرْبَابًا مِّنْ دُوْنِ اللّٰهِ ۗ فَاِنْ تَوَلَّوْا فَقُوْلُوا اشْهَدُوْا بِاَنَّا مُسْلِمُوْنَ.(1)

❖ यदि कसैले यो भन्छ कि لا إله إلا الله को अर्थ अल्लाह बाहेक कोहि पनि सत्य पालनकर्ता छैन ?

हामी भन्छौ कि कुरो सहि छ तर यो لا إله إلا الله को ब्याख्या हैन यो तौहिदे रूबुबियत हो र मक्का का काफिरहरू पनि यसकुरालाई मान्थे तर इस्लाम कुबूल गरेनन्।

(1) قَلْ يٰاَهْلَ الكِتٰبِ تَعَالَوْا اِلٰى كَلِمَةٍ سَوَآءٍۢ بَيْنَنَا وَبَيْنَكُمْ

यस आयत बाट यो कुरा प्रश्ट हुन्छ कि धर्महरूको सबै आदेश एक जस्तो छैनन्।

मोहम्मद ﷺ अल्लाहको सन्देष्टा हुन भन्ने कुराको प्रमाणः

لَقَدْ جَآءَكُمْ رَسُوْلٌ مِّنْ اَنْفُسِكُمْ عَزِيْزٌ عَلَيْهِ مَا عَنِتُّمْ حَرِيْصٌ عَلَيْكُمْ بِالْمُؤْمِنِيْنَ رَءُوْفٌ رَّحِيْمٌ.(1)

र मोहम्मद स. अल्लाहको सन्देशवाहक हुन् भनेर गवाहि दिनु को अर्थ होः जुनकुरा को आदेश दिनु भयो त्यसको अनुशरण गर्नु, जुन कुरा बताउनु भयो त्यसको पुष्टि गर्नु, जुन कुरो बाट रोक्नु भयो र त्यस बाट रूक्नु र ऊहाँले बताउनु भएको तरिका बाहेक अरू कुनै तरीका ले इबादत न गर्नु। (2).

(1) लेखक महोदयले यस आयत लाई मोहम्मद स. अल्लाह सन्देशवाहक हुन् भन्ने प्रमाण स्वरूप पेश गर्नु भएको छ।

(2) लेखक महोदयले "मोहम्मद स. अल्लाह सन्देशवाहक हुन्" भनेर गवाहि दिने जति सबै मुस्लिम महिला तथा पुरूष माथि यो कुरो मान्न अनिवार्य छ भनेर प्रश्टयाउनु भएको छः
जुनकुरा को आदेश दिनु भयो त्यसको अनुशरण गर्नु, जुन कुरा बताउनु भयो त्यसको पुष्टि गर्नु, जुन कुरो बाट रोक्नु भयो त्यस बाट रूक्नु र ऊहाँले बताउनु भएको तरिका बाहेक अरू कुनै तरीका ले इबादत न गर्नु र यो पनि बताउनु भयो कि अल्लाह तआलाले उहाँ माथि दरूदो सलाम पठाउनु हुन्छ।

**मोहम्मद ﷺ अल्लाहको सन्देशवाहक हुन् भनेर दिने गवाहिले यो कुरो माग गर्छ कि उहाँ भक्त हुनुहुन्छ उनको इबादत न गरियोस, र उहाँ सन्देशवाहक हुन उनलाई झुठा न मानियोस र यसको अर्थ यो हुन्छ किः**

- उनले आदेश दिनु भएको हरेक कुरामा उनको अनुशरण गर्नु किन कि वहाँ अल्लाह तआलाको आदेश पुर्याउनु हुन्छ।
- जुन कुरा बताउनु भयो त्यसको पुष्टि गर्नु किन कि वहाँ सच्चा हुनुहुन्छ।
- जुन कुरो बाट रोक्नु भयो त्यस बाट रूक्नु ताकि तिमी उहाँको तर्फ होउ।
- ऊहाँले बताउनु भएको तरिका बाहेक अरू कुनै तरीका ले इबादत न गर्नु र यसमा बिदअतिहरू को रद्द छ।

नमाज, रोजा र जकात तथा तौहीदको ब्याख्या र प्रमाणः

وَمَآ اُمِرُوْٓا اِلَّا لِيَعْبُدُوا اللّٰهَ مُخْلِصِيْنَ لَهُ الدِّيْنَ ڏ حُنَفَاۗءَ وَيُقِيْمُوا الصَّلٰوةَ وَيُؤْتُوا الزَّكٰوةَ وَذٰلِكَ دِيْنُ الْقَيِّمَةِ. (1)

रोजा को प्रमाणः

يٰٓاَيُّهَا الَّذِيْنَ اٰمَنُوْا كُتِبَ عَلَيْكُمُ الصِّيَامُ كَمَا كُتِبَ عَلَي الَّذِيْنَ مِنْ قَبْلِكُمْ لَعَلَّكُمْ تَتَّقُوْنَ. (2)

हज्जको प्रमाणः

وَلِلّٰهِ عَلَي النَّاسِ حِجُّ الْبَيْتِ مَنِ اسْتَـطَاعَ اِلَيْهِ سَبِيْلًا ۭ وَمَنْ كَفَرَ فَاِنَّ اللّٰهَ غَنِىٌّ عَنِ الْعٰلَمِيْنَ. (3)

(1) **दोस्रो स्तम्भ नमाजः**

अल्लाह तआलाको इबादत गर्नु बोलि र शारिर को माध्यमले, यसको सुरूवात तक्बीर द्वारा र समाप्त सलाम द्वारा हुन्छ, र यो इस्लाम धर्मको एउटा स्तम्भ हो र यो अल्लाह तआलाको तर्फबाट मुहम्मद स. माथि अनिवार्य गरियो त्यस बेला जब मुहम्मद ﷺ लाई आकाशमा लगिएको थियो ।

**तेस्रो स्तम्भ जकातः**

शब्दकोष अनुसार सफाई तथा बढोतरि हुन्छ, यसको दईवटा किसिमहरू छनः शरीरको जकात र धन-मालको जकात ।

(2) **चौथो स्तम्भ (ब्रत) रोजाः**

शब्दकोष अनुसार कुनै कुराबाट रूक्नु शरियत अनुसारः बिहान सुर्योदय भन्दा पहिला देखि सुर्य अस्ताए सम्म आफुलई खानपिन तथा स्वास्नि सँग शारिरिक सम्बन्ध बनाउन बाट रोकिनु रोजाको नियतको साथ अल्लाह तआलाको ईबादत गर्नु ।

रोजा ईबादतहरू मध्ये उत्तम ईबादत हो किन कि यसमा सब्रको तनै वटा किसिम पाईन्छ र यसको महत्व यस कारण पनि धेरै छ किन कि यसको बदला अल्लाह तआला स्वयम दिनु हुन्छ भनेर बाचा गर्नु भएको छ ।

(3) **पाँचौ स्तम्भ हज्जः**

शब्दकोष अनुसारः ईरादा गर्नु

शरियत अनुसारः नबि ﷺ को सुन्नत अनुसार हज्जको सबै रुक्नहरूको अनुशरण गर्दै अल्लाह तआलाको ईबादत गर्नु ।

हज्ज हरेक सक्षम मुस्लिम माथि जिवनमा एक पटक अनिवार्य छ ।

## दोस्रो दर्जा ईमानः

शब्दकोष अनुसारः स्विकार गर्नु
शरियत अनुसारः जिब्रोले स्विकार गर्नु, दिलमा यकीन गर्नुका साथै शरीर बाट अमल गर्नु र पुन्यको काम गर्दा दिलको यकिनमा बढोतरि हुन्छ र गुनाहको काम गर्दा इमानमा कमि हुन्छ।

शरियतमा जुन कुरालाई ईमान भनिएको छ त्यसमा पाँच वटा कुरा हुन जरूररू छ त्यस मध्ये एउटा पनी कमी भयो भने त्यो ईमानको परिभाषा बाट खारेज भइ हाल्छ।

**यो पाँचैवटा कुराको के प्रमाण छ ?**

अन्तिम सन्देष्टा मोहम्मद ﷺ ले भन्नु भयो "इमानको सब भन्दा ठुलो दर्जा अल्लाह बाहेक कोहि पनि सत्य पुज्य ईश्वर न भएको गवाहि दिनू हो" र यो कौल अर्थात जिब्रोले बोलेर स्विकार गर्नु को प्रमाण हो।
र सबभन्दा कमतर दर्जा "बाटोमा भएको हानिकारक कुरा हटाई दिनु" हो र यो शरीर बाट अमल गर्नु को प्रमाण हो।
"लाज शरम" यो दिल बाट गरिने ने अमल हो।

**दोस्रो दर्जा इमानः**

ईमानको ७० भन्दा बढि दर्जाहरू छन् "त्यसको सब भन्दा ठुलो दर्जा अल्लाह बाहेक कोहि पनि सत्य पुज्य ईश्वर न भएको गवाहि दिनू हो" र सबभन्दा कमतर दर्जा "बाटोमा भएको हानिकारक कुरा हटाई दिनु" हो र "लाज शरम" पनि ईमानको दर्जाहरू मध्ये एउटा दर्जा हो।

**ईमानको ६ वटा स्तम्भहरू छन्**

अल्लाह तआला माथि ईमान राख्नु का साथै फरिश्ताहरू, इश्वरिय ग्रन्थहरू, इश्वरिय सन्देष्टाहरू र कयामतको दिन तथा राम्रो र न राम्रो किस्मत माथि इमान ल्याउनु।

यि सबै ६ वटा स्तम्भहरूको प्रमाणः
لَيْسَ الْبِرَّ اَنْ تُوَلُّوْا وُجُوْهَكُمْ قِبَلَ الْمَشْرِقِ وَالْمَغْرِبِ وَلٰكِنَّ الْبِرَّ مَنْ اٰمَنَ بِاللّٰهِ وَالْيَوْمِ الْاٰخِرِ وَالْمَلٰٓئِكَةِ وَالْكِتٰبِ وَالنَّبِيّٖنَ

तक्दिरको प्रमाणः
اِنَّا كُلَّ شَيْءٍ خَلَقْنٰهُ بِقَدَرٍ

र अल्लाह तआलाले भन्नु भयो اَيُّكُمْ زَادَتْهُ هٰذِهٖٓ اِيْمَانًا र यस कुराको प्रमाण हो कि ईमानमा बढोत्तरि हुन्छ, र जब बढोत्तरि हुन्छ त कमि पनि अवश्य हुन्छ होला। र मोहम्मद स. को हदिस मा धर्ममा कमी हुनुको प्रमाण प्रश्ट पाईन्छ जसमा उहाँले भन्नु भयो कि "ما رأيت من ناقصات عقل و دين"

## ईमानको ६ वटा स्तम्भहरू छन्

- अल्लाह तआला माथि ईमान
- फरिश्ताहरू माथि ईमान
- इश्वरिय ग्रन्थहरू माथि ईमान
- इश्वरिय सन्देष्टाहरू माथि ईमान
- कयामतको दिन माथि ईमान
- राम्रो र न राम्रो किस्मत माथि इमान

## पहिलो रूक्न अल्लाह तआला माथि ईमान यसमा चार वटा कुरा हुनु जरूरी छ

- अल्लाह तआला हुनु हुन्छ भन्ने कुरामा ईमान ल्याउनु र यसमा पनि चार वटा कुराहरू छन्
- तौहिद रूबुबियत माथि ईमान
- तौहिद उलुहियत माथि ईमान
- तौहिद अस्मा व सिफात माथि ईमान

### बुद्धि

र दिमागले स्रष्टा बिनाको सृष्ट मान्दैन

اَمْ خُلِقُوْا مِنْ غَيْرِ شَيْءٍ اَمْ هُمُ الْخٰلِقُوْنَ

### एहसासः

कुनै पनि किसिमको दुख कश्टमा आकाश तिर हात उठाएर हे मेरा पालनकर्ता भन्नु यसबाट यो प्रश्ट हुन्छ कि अल्लाहले नै हरेक समस्याको समाधान गर्नु हुन्छ ।

### प्राकृतिः

हरेक बच्चा प्राकृतिक धर्ममा जन्मन्छ तर उसको बा-आमा ले उसलाई यहुदि, इसाई वा मजुसी बनाई दिन्छन् ।

### शरियाः

इब्नुल कैय्यिम ले भन्नु हुन्छ कि कुरआनमा कुनै पनी यस्तो आयत छैन जसमा तौहिदको प्रमाण न होस ।

## ईमानको दोस्रो स्तम्भः फरिश्ताहरू माथि इमान

फरिश्ताहरू अदृश्य प्राणि हुन्, अल्लाह तआलाले प्रकाश बाट उहाँ हरूको सृष्टि गर्नु भयो। उहाँहरू आज्ञा पालन मात्रै गर्नु हुन्छ अवज्ञा कहिल्यै गर्नु हुन्न र उहाँ हरूको पनि शरीर हुन्छः
جَاعِلِ الْمَلٰٓئِكَةِ رُسُلًا اُولِيٓ اَجْنِحَةٍ مَّثْنٰى وَثُلٰثَ وَرُبٰعَ ۭ يَزِيْدُ فِي الْخَلْقِ مَا يَشَاۗءُ
प्राण हुन्छः رُوْحُ الْقُدُسِ दिमाग र दिल हुन्छः حَتّٰٓى اِذَا فُزِّعَ عَنْ قُلُوْبِهِمْ قَالُوْا مَاذَا ۙ قَالَ رَبُّكُمْ
हामी उहाँहरू सबैमाथि ईमान राख्छौँ।
उहाँहरू मध्ये अल्लाह तआला ले जसको नाम बताउनु भएको छ ती हुन् जिब्रईल, मीकाईल, इस्राफील र हामी उहाँहरूको गुणः لَّا يَعْصُوْنَ اللّٰهَ مَآ اَمَرَهُمْ وَيَفْعَلُوْنَ مَا يُؤْمَرُوْنَ
उहाँहरूको काम जस्तै अर्शलाई उठाउनू हो र उहाँहरूको बारेमा केहि कुराहरू तफ्सीलको साथमा बताइएको छ र केही बिना तफ्सील।

## ईमानको तेस्रो स्तम्भः इश्वरिय ग्रन्थ

हामि अनिवार्य रूपमा ईमान रख्नु पर्छ कि इश्वरीय ग्रन्थहरू वास्तवमै इश्वरिय वाणि हुन र ती अवतरित गरीएका छन् कुनै सृष्टि हैनन्, र अल्लाह तआलाले हरेक रसूललाई एउटा किताब प्रदान गर्नु भयो ती सबै माथि हामी ईमान राख्द छौँ र अल्लाह तआलाले त्यस मध्ये केहिको नाम र काम बताउनु भएको छ तफ्सील र बिना तफ्सील।
निशन्देह कुरआन आफु भन्दा पहिला अवतरित इश्वरिय ग्रनथहरूको नासिख हो र ती हुन् तौरात, इन्जील, जबूर तथा इब्राहीम को किताब र मुसा को किताब।

## ईमानको चौथो स्तम्भः सन्देश्टाहरू माथि इमान

हमिले यसकुराको गवाहि दिन जरूरि छ कि सबै सन्देषवाहक हरू मानिस हुन उहाँहरूमा इश्वरिय गुणहरू हुदैन र उहाँहरू पनी भक्त हुन तसर्थ वहाँहरूको इबादत गर्नु हुदैन, अल्लाह तआलाले उहाँ हरूलाई शन्देष पुर्याउन पठाउनु भएको हो र वहाँ हरूमाथि आकाशवाणि हुन्छ र निशानिहरू बाट उहाँहरूको मदत गरिन्छ, वहाँहरूले उम्मतलाइ सिधा मार्ग देखाउनु भयो र अल्लाह को बाटोमा जेहाद गर्नु भयो।
हामी उहाँहरू सबै माथि ईमान राख्छौँ र ती सबै माथि ईमान राख्छौँ जसको नाम र गुणहरू हामिलाई बताईयो तफ्सील र बिना तफ्सील। सब भन्दा पहिला नबि आदम अलैहिस्सलाम हुन र सबै भन्दा पहिला रसूल नुह अलैहिस्सलाम हुन र अन्तिम शन्देष्टा मुहम्मद स. हुन् र शरियते इस्लामिया आए पछि पहिलेका सबै शरियतहरू अमान्य भए।
र पाँच बटा उलुल अज्म नबिहरू छन् जसको वर्णन सुरह शुरा र सुरह अहजाबमा गरिएको छ ती हुन् मोहम्मद सल्लाहु अलैहि व सल्लम, नुह, इब्राहीम, मुसा, ईसा अलैहिमुस्सलाम।

## ईमानको पाँचौ स्तम्भ: कयामतको दिन माथि ईमान

इमानमा त्यो सबै कुराहरू पनि शामेल छन् जसको खबर मोहम्मद ﷺ ले दिनू भयो जुन मृत्यु पछि हुने छन् जस्तै कब्रको फितना, सूरमा फुक्नु, क्रब बाट मान्छेहरूलाई दुबारा उठाइनु, मिजान, पुल सरात, हौज शेफाअह, जन्नत, जहन्नम, र मोमिनहरूले जन्नतमा अल्लाह तआला लाई देख्न पाउनु जस्ता अरू कुराहरू।

## ईमानको छैठौँ स्तम्भ: राम्रो तथा न राम्रो किस्मत माथि ईमान यसमा चार वटा कुराहरू अनिवार्य रूपमा शामेल छन्

**ज्ञान:**

यसकुरामा ईमान राख्नु कि अल्लाह तआला लाई हरेक कुराको ज्ञान छ।

**हरेक कुराको तक्दीर लेखेर राखिएको छ:**

यसकुरामा ईमान राख्नु कि अल्लाह तआलाले कयामत सम्म हुने हरेक कुराहरूको बारेमा पहिलै लेखेर राख्नु भएको छ।

**अल्लाह तआलाको चाहना:**

यसकुरामा ईमान राख्नु कि अल्लाह तआलाले जे चाहनु हुन्छ त्यहि हुन्छ जे चाहनु हुन्न त्यो हुदैन र भक्तहरूको पनी चाहना हुन्छ तर अल्लाह तआलाको चाहना मातहत।

**सृष्टि:**

यसकुरामा ईमान राख्नु कि भक्तहरू र तिनिहरूको सबै कर्म सृष्टि हो र यस्तै गरि पुर ब्रम्हाण्ड सृष्टि हो यसको प्रमाण: اللّٰهُ خَالِقُ كُلِّ شَيْءٍ

## दोस्रो दर्जा: अल एहसान

**यो धर्मको सब भन्दा उच्च दर्जा हो र यसको एउटा मात्र स्तम्भ छ यसको मातहत दईवटा कुराहरू छन्**

### मोराकबा को इबादत:

यो डर र भय सहित को इबादत हो र यस बट कुनै पनि मुस्लिम टाढा हुनु हुदैन।

### मोशाहदा को ईबादत:

र यो इबादत माया, शौक र चाहना सहित गरिन्छ जस्तै नबि र रसूल हरूले गर्नु भएको इबादत।

**दोस्रो दर्जा:** अल एहसान यसको एउटा मात्र दर्जा छ र यसको अर्थ हो "अल्लाह तआलाको इबादत यसरी गर्नु जस्तो कि तिमी अल्लाह तआलालाई देखि राखेका छौ यदि यस्तो सक्दैनौ भनो यो त पक्कै हुनु पर्यो कि अल्लाह तआला ले तिमीलाई देख्दै हुनुहुन्छ।

यसको प्रमाण:

إِنَّ اللّٰهَ مَعَ الَّذِيْنَ اتَّقَوْا وَّالَّذِيْنَ هُمْ مُّحْسِنُوْنَ

र अर्को ठाउँमा भनिएको छ:

وَتَوَكَّلْ عَلَي الْعَزِيْزِ الرَّحِيْمِ الَّذِيْ يَرٰىكَ حِيْنَ تَقُوْمُ وَتَقَلُّبَكَ فِي السّٰجِدِيْنَ اِنَّهٗ هُوَ السَّمِيْعُ الْعَلِيْمُ

र अर्को ठाउँमा भनिएको छ:

وَمَا تَكُوْنُ فِيْ شَاْنٍ وَّمَا تَتْلُوْا مِنْهُ مِنْ قُرْاٰنٍ وَّلَا تَعْمَلُوْنَ مِنْ عَمَلٍ اِلَّا كُنَّا عَلَيْكُمْ شُهُوْدًا اِذْ تُفِيْضُوْنَ فِيْهِ

ब्याख्या: यस दर्जाको इबादत गर्नुको अर्थ यो हैन कि त्यस मान्छेलाई अल्लाह तआला सित माया मत्रै छ डर छैन।

मोहम्मद ﷺ ले भन्नु भयो: أفلا اكون عبدا شكورا

के म कृतज्ञयता ब्यक्त गर्ने वाला भक्त न बनुँ

सुन्नत बाट इस्लाम र ईमान को प्रमाण त्यो मशहूर हदिस हो जुन हजरत उमर रजियल्लाहु अन्हु ले बयान गर्नु भयो उहाँले भन्नु भयो: एक दिन हमी मोहम्मद ﷺ को साथमा बसेका थियौं कि एक जना सेतो कपडा र अत्यन्तै कालो कपाल भएको भएको मान्छे आयो उस माथि यात्राको प्रभाव पनि देखिन्थेन र हामी मध्ये कसैले उसलाई चिनेको पनि थिएन यहाँ सम्म कि ऊ मोहम्मद ﷺ को घुँडा सँग घुँडा जुडाएर र आफ्नो दुईटै हात उहाँको साप्रङ्ग माथि राखेर भन्यो हे मोहम्द स. मलाई इस्लामको बारेमा बताउनुस:
त मोहम्मद स. भन्नु भयो कि "इस्लाम यो हो कि यस कुराको गवाहि दिनु कि अल्लाह बाहेक कोहि पनि सत्य पुज्य ईश्वर छैनन् र मोहम्मद स. अल्लाहको अन्तिम रसूल हुन, र नमाज काएम गर्नु जकात दिनु रमजानको रोजा बस्नु र शारिरिक तथा आर्थिक क्षमता भए हज्ज गर्नु" त त्यस मानछेले भन्यो कि तपाइले एकदम ठिक भन्नु भयो।
हजरत उमर ले भन्नु हुन्छ कि हामीलाई अचम्म लाग्यो कि त्यो मान्छे आफै प्रश्न सोध्छ र आफै जवाब सहि भएको पुश्टि गर्छ ! त्यस पछि त्यो मान्छेले भन्यो कि मलाई ईमानको बारेमा बताउनुस् मोहम्मद स. ले भन्नु भयो: अल्लाह तआला माथि ईमान रख्नु, फरिश्ताहरू माथि ईमान, इश्वरिय ग्रन्थहरू माथि ईमान, इश्वरिय सन्देष्टाहरू माथि ईमान, कयामतको दिन माथि ईमान र राम्रो र न राम्रो किस्मत माथि इमान, त त्यस मानछेले भन्यो कि तपाइले एकदम ठिक भन्नु भयो।
त्यस पछि त्यो मान्छेले भन्यो कि मलाई एहसानको बारेमा बताउनुस् त मोहम्मद स. ले भन्नु भयो कि "अल्लाह तआलाको इबादत यसरी गर्नु जस्तो कि तिमी अल्लाह तआलालाई देखि राखेका छौ यदि यस्तो सक्दैनौ भनो यो त पक्कै हुनु पर्यो कि अल्लाह तआला ले तिमीलाई देख्दै हुनुहुन्छ। त त्यसले भन्यो कि मलाई कयामतको बारेमा बताउनुस ? त मोहम्मद स. ले भन्नु भयो कि जो सँग प्रश्न सोधिएको छ त्यसलाई सोध्ने वाला भन्दा बढि थाहा छैन। त त्यसले भन्यो कि मलाई त्यसको निशानीहरूको बारेमा बताउनुस ? त मोहम्मद स. ले भन्नु भयो कि जब नोकर्नि ले आफ्नो मालिकनि लाई जन्माउनेछन् र जब नाङ्गे शरीर नाङ्गे खुट्टा भएका गरीब बाख्राको चरवाहा हरू ठुला ठुला भवन बनाउनमा पर्तिशप्रधा गर्ने छन्। त हजरत उमर ले भन्नु भयो त्यस पछि त्यो मान्छे गयो र हामि एक छिन बसेका थियौं त त मोहम्मद स. ले सोध्नु भयो कि हे उमर तिमीलाई थाहा छ त्यो मान्छे को थियो ? मैले भने कि अल्लाह र उसको रसूललाई बढि जान्ने वाला छन् त मोहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भयो कि यो जब्रिल फरिश्ता हुनुहुन्थ्यो जुन तिमीहरूलाई ईस्लामको तालिम सिखाउन आउनु भएको थियो।

## यो हदिस ईस्लाम इमान र एहसानको स्तम्भहरूको प्रमाण हो।

मोहम्मद ﷺ भनाई कि "जो सँग प्रश्न सोधिएको छ त्यसलाई सोध्ने वाला भन्दा बढि थाहा छैन" यो त यसकुराको प्रमाणहो कि कयमातको बारेमा अल्लाह तआला बाहेक अरू कसैलाई थाहा छैन।

**मोहम्मद को भनाई कि नोकरानि ले आफ्नो मालिकनिलाई जन्माउने छन्**

अवज्ञा गर्नेवाला बैगुणिहरूको संख्या बढनु

अविश्वासिहरूको संख्या बढनु

जिवनशैलिमा न राम्रो परिवर्तन

अर्थात मालिकले नोकर्न सँग बिवाह गर्ने छ र त्यो नोकर्निले जन्माएको बच्चा बुवाको मृत्यु पछि प्रमुख बन्ने छ।

र जब नाङ्गे शरीर नाङ्गे खुट्टा भएका बाख्राको चरवाहा हरू ठुला ठुला भवन बनाउनमा पर्तिशप्रधा गर्ने छन् अर्थात गरीबहरू ठुला ठुला भवन बनाउनमा पर्तिशप्रधा गर्ने छन् अर्थात ति गरिबहरूको हालत बदलेर फाहिश धनि हुनेछन्।

# हदिसे जिब्रिल बाट के शिक्षा मिल्छ

1. बिधार्थि माथि ६ वटा अधिकार रहेको छः आफ्नो ज्यानको अधिकार, शिक्षकहरूको अधिकार, पाठशालाको अधिकार, साथिहरूको अधिकार, त्यस ज्ञानको अधिकार जन उसले प्राप्त गर्यो।

आफ्नो ज्यानको अधिकारः एख्लास को साथ इस्लामि शिक्षा बारे ज्ञान प्राप्त गर्नु पनि इबादत हो, र साथै त्याग र नर्मि अपनाऊनएमन सफलता हासिल हुन्छ।

सन्तुष्टि र परित्यागिता गर्दै न राम्रो कार्यक्रमहरू बाट जोगिदै ज्ञान बाडदा सबैको भलो र सहयोग हुन्छ।

ज्ञान प्राप्तिमा हिम्मत, लोभ, ज्ञान तिर यात्रा, ज्ञानको हिफाजत गर्नु पनि अति आवश्यक हुनुका साथै ज्ञानको उसूल र त्यसको खुलासा जान्ने ब्यत्ति अल्लाह कै तर्फ फर्किनु सरह हो र ज्ञानको अमानत सत्य बोलि हो।

राम्रो प्रश्न गर्नु, र ध्यान पुर्वक त्यसको जवाब सुन्नु।

राम्रो शैलिम बाद-विवाद गर्नु, ज्ञान वर्धक कुरो एक अर्का सित साटा-साट गर्नु।

कुनै पनि कुराको शिक्षा लिए पछि त्यस अनुसार कर्म गर्नु र त्यस कुरोलाई ब्यवहारमा लागु गर्नु।

संसारिक लोभमा न परेर परलोकको लागि तयारी गर्नु।

कसैलाई कुनै कुराले भ्रममा पारेको छ भने त्यसको भ्रम निवारण गर्नु।

**शिक्षकको अधिकारः** यस मामिलामा मान्छेहरू दुई गिरोहमा बिभाजित छन् र अगाडि बयान आउँदै छ कि दुनियामा सब भन्दा पहिलो शिर्क सालिहीन को शानमा गुलू गरेकै कारण भएको हो तसर्थ हामी न त वहाँहरूको शानमा गुलू गर्न हुन्छ न त कमि ।

**पाठशालाको अधिकार**

**साथिहरूको अधिकारः** अल्लाह तआला ले भन्नु हुन्छः كُنتُمْ خَيْرَ أُمَّةٍ أُخْرِجَتْ لِلنَّاسِ
र मोहम्मद स. ले भन्नु भयोः "तिमी मध्ये कोहि पनी त्यस बेला सम्म ईमानवाला हुन सक्दैन जब सम्म आफ्नो साथि भाईहरूको लागि त्यहि मन पराउँदैन जुन आफ्नो लागि मन पराउँछ ।"

**किताबको अधिकारः** किताबको हिफाजत गर्नु, किन कि अल्लाह तआलाले हामिलाई किताब अर्थात कुरआन कै माध्यमले ईनाम अर्थात इस्लाम दिनु भयो तसर्थ हामिले कितबको हिफाजत गर्न जरूरी छ ।

**शिक्षाको अधिकारः** शिक्षालाई बाकि राख्ने जतन गर्नु र त्यसलाई दोहोर्याइ राख्नु, र त्यस अनुसार ब्यवहार गर्नु किन कि शिक्षित ब्यक्तिले ब्यवहारमा लागु गर्छ र त्यस पछि मान्छे हरूलाई त्यसको दावत दिनु किन कि यो पनि एउटा नेमत हो र नेमत पाएकोमा कृतज्ञयता गर्नु जरूरी छ ।

2. प्रश्न सोध्नमा यो कुरा ध्यान दिन जरूरि छ कि प्रश्न फाईदाजनक होस ।
3. बिधार्थिले आफ्नो हुलिया राम्रो बनाएर राख्नु पर्छ ।
4. मोहम्मद सल्लल्लाहु अलैहि व सल्लमको वफात पछि अब यो भन्नु हुदैन الله و رسوله أعلم बल्कि यो भन्नु पर्छ الله أعلم

**तेस्रो कुरा:** हाम्रो नबि मोहम्मद ﷺ को बारेमा जान्नु र उहाँ हुनुहुन्छ: मोहम्मद बिन अब्दुल्लाह बिन अब्दुल मुत्तलिब बिन हाशिम, र हाशिम कुरैशको खानदान मध्येका हुन र कुरैश अरबको एउटा नामि कबिला हो र अरब इस्माईल बिन इब्राहिम अलैहिस्सलाम को सन्तान हुन्। उहाँहरू सबैमाथि अल्लाह तआलाको तर्फ बाट शान्ति तथा कृपा होस्। उहाँले ६३ वर्षको उमेर पाउनु भएको थियो जस मध्ये ४० वर्ष नुबुवत भन्दा पहिलाको थियो र २३ वर्ष नुबुवत र रेसालत को जिवन। पहिलो आयत اقرأ अवतरित भएर उहाँलाइ अल्लाह तआले नबि बनाउनु भयो र अल मुदस्सिर भनेर उहाँलाई दावतको जिम्मवार बनाइयो।

र उहाँको जन्म मक्का शहरमा भयो र मदिना तिर हिजरत गर्नु भयो।

मोहम्मद सल्लल्लाहु अलैहि व सल्लम माथि अल्लाह तआलाको तर्फ बाट सलातो सलाम र साथै नाम, नसब, उमेर र उहाँको दावति कामको बारेमा केहि जानकारिहरू।

**मुहम्मद ﷺ को बारेमा हामिले जन्नै पर्ने कुराहरू मध्ये:**

**उहाँको नाम र नसब:**

मोहम्मद बिन अब्दुल्लाह बिन अब्दुल मुत्तलिब बिन हाशिम, र हाशिम कुरैशको खानदान मध्येका हुन र कुरैश अरबको एउटा नामि कबिला हो र अरब इस्माईल बिन इब्राहिम अलैहिस्सलाम को सन्तान हुन्। उहाँहरू सबैमाथि अल्लाह तआलाको तर्फ बाट शान्ति तथा कृपा होस्।

**उनको उमेर:**

उहाँले ६३ वर्षको उमेर पाउनु भएको थियो जस मध्ये ४० वर्ष नुबुवत भन्दा पहिलाको थियो र २३ वर्ष नुबुवत र रेसालत को जिवन।

**नुबुवत पछिको जिवन:**

मक्कि जिवन १३ वर्षको

मदनि जिवन १० वर्षको

मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम नबि हुनुहुन्थ्यो वा रसूल ?

उहाँ नबि र रसूल दुईटै हुनुहुन्थ्यो।

## उहाँ ﷺ को जिवनीको बारेमा केहि जानकारी:

मक्कामा तौहिदको अहमियत र शिर्कको घाटा बारे दावत दिनु भयो र साथै एक मात्र अल्लाह को इबादत गर्ने कुराको दावत दिनू भयो र दावत यो अन्तराल १३ वर्ष सम्मको थियो।

त्यस पछि उहाँलाई मदिना तिर हिजरतको आदेश आयो र त्यहाँ गए पछि पनि तौहिदको दावत दि राख्नु भयो र साथ साथ इस्लामको अरू अहकाम जस्तै इबादात, ब्यवहारिक मुआमला को साथै अन्य मोआमलातहरू को पनि दावत दिनु भयो।

मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को जिवनिको बारेमा जानकारी भएको मान्छेलाई यो कुरा राम्रो सँग थाहा होला कि उहाँ जिवनको अन्तिम घडि सम्म बराबर तौहिदको दावत दि राख्नु भयो र यो त्यस मान्छे को रद्द हो जसले यो भन्छ कि तौहिदको बारेमा एकछिन बताई दिए काफि छ र मान्छेहरूलाई तौहिदको दावत बाट टाढा गराउँछ।

अल्लाह तआलाले मोहम्मद स. लाई शिर्क बाट डराउन र तौहिद तर्फ बोलाउन पठाउनु भएको थियो

प्रमाण:

يَاَيُّهَا الْمُدَّثِّرُقُمْ فَاَنْذِرْوَرَبَّكَ فَكَبِّرْوَثِيَابَكَ فَطَهِّرْوَالرُّجْزَ فَاهْجُرْوَلَا تَمْنُنْ تَسْتَكْثِرُوَلِرَبِّكَ فَاصْبِر

र قُمْ فَاَنْذِرْ अर्थात शिर्क बाट सावधान गराउनु र तौहिद तिर बोलाउनु।

وَرَبَّكَ فَكَبِّرْ अर्थात तौहदको महानता।

وَثِيَابَكَ فَطَهِّرْ अर्थात आफ्नो अमललाई शिर्क बाट मुक्त राख्नु।

وَالرُّجْزَ فَاهْجُرْوَلَا अल रुज्ज मतलब मुर्ति र वहजुरहा मतलब मुर्ति र मुर्ति पुजक दुईटैलाई छोड दिनु र उनिहरू सित नाता तोड्नु।

दस वर्ष सम्म उहाँले तौहिदको दावत दि राख्नु भयो र त्यस पछि उहाँलाई मेराज को सैर गराईयो जहाँ पाँच टाईमको नमाज अनिवार्य गरियो र मक्कामा तीन वर्ष सम्म नमाज पढनु भयो त्यस पछि मदिना तिर हिजरत गर्ने आदेश आयो।

अल्लाह तआलाको भनाइ عرج به الى السماء यसबाट यो कुरा फाईदा हुन्छ कि:

1. मुहम्द सल्लल्लाहु अलैहि व सल्लमले गैबको बारेमा जे पनि बताउनु भयो त्यो सबमाथि हाम्रो इमान छ।
2. अनिवार्य नमाजको महत्व थाहा हुन्छ किन कि अल्लाह तआलाले आसमानमा त्यो नमाज अनिवर्य गर्नु भयो।

**हिजरत:** शिर्क र कुफ्र ले भरिएको ठाउँबाट इस्लामिक समाज भएको ठाउँ तिर इस्लामिक आदेशमा अमाल गर्ने नियतको साथ प्रस्थान गर्नुलाई हिजरत भनिन्छ।

र यस उम्मत माथि शिर्क र कुफ्र ले भरिएको ठाउँबाट इस्लामिक समाज भएको ठाउँ तिर हिजरत अनिवार्य गरिएको छ र यो कयामत सम्म बाकि रहने छ।

प्रमाण:

اِنَّ الَّذِيْنَ تَوَفّٰهُمُ الْمَلٰٓئِكَةُ ظَالِمِيْٓ اَنْفُسِهِمْ قَالُوْا فِيْمَ كُنْتُمْ قَالُوْا كُنَّا مُسْتَضْعَفِيْنَ فِي الْاَرْضِ قَالُوْٓا اَلَمْ تَكُنْ اَرْضُ اللّٰهِ وَاسِعَةً فَتُهَاجِرُوْا فِيْهَا فَاُولٰٓئِكَ مَاْوٰىهُمْ جَهَنَّمُ وَسَاۤءَتْ مَصِيْرًا اِلَّا الْمُسْتَضْعَفِيْنَ مِنَ الرِّجَالِ وَالنِّسَاۤءِ وَالْوِلْدَانِ لَا يَسْتَطِيْعُوْنَ حِيْلَةً وَّلَا يَهْتَدُوْنَ سَبِيْلًا

र अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भयो:

يٰعِبَادِيَ الَّذِيْنَ اٰمَنُوْٓا اِنَّ اَرْضِيْ وَاسِعَةٌ فَاِيَّايَ فَاعْبُدُوْنِ

इमाम बग्वि रहिमहुल्लाह भन्नु हुन्छ कि यो आयत ती मुस्लिमहरूको लागि अवतरित भएको हो जो मक्कामै थिए हिजरत गरेका थिएनन् त अल्लात तआलाले उनिहलाई "हे ईमान वालाहरू" भनेर हिजरत गर्न तिर प्रोत्साहन गर्नु भयो।

सुन्नत बाट हिजरत को प्रमाण: हिजरतको आदेश त्यस बेला सम्म बाकि रहने छ जब सम्म तौबा गर्ने मौका हुन्छ र तौबा को ढोका त्यस बेला हुनेछ जब सुर्य पुर्व तिरबाट निस्किने छ। (अबु दाऊद 2346)

## हिजरतलाई तिन किसिममा बाडिएको छ:

- शिर्क ले भरिएको ठाउँबाट इस्लामिक समाज भएको ठाउँ तिर प्रस्थान गर्नु र यो अनिवार्य छ
- मक्का बाट मदिना तिर हिजरत गर्नु, यसको आदेश मक्का फतह भएपछि सक्यो।
- हरेक त्यो ठाउँ जहाँ बाट अल्लाह तआलाले हिजरत गर्न अनिवार्य गर्नु भएको छ, ब्यक्ति, काम, ठाउँ र समय अनुसनर।

काम: हरेक त्यो काम जुन अल्लाह तआलाले अवैध गर्नु भएको छ र यसमा सब भन्दा ठुलो हो शिर्क।

ब्यक्ति: काफिर तथा मोनाफिकहरू

समय: जब सम्म काफिरहरूले शिर्कको उत्पात मच्चाउँछन्

तौबा यी दुईओटा कुरो पछि अमान्य हुनेछ:

1. पुर्व तिर बाट सुर्य उदाऊनु
2. मृत्यु को समय

وَلَيْسَتِ التَّوْبَةُ لِلَّذِيْنَ يَعْمَلُوْنَ السَّيِّاٰتِ حَتّٰٓى اِذَا حَضَرَ اَحَدَهُمُ الْمَوْتُ قَالَ اِنِّيْ تُبْتُ الْـٰٔنَ وَلَا الَّذِيْنَ يَمُوْتُوْنَ وَهُمْ كُفَّارٌ

नबि सल्लल्लाहु अलैहि व सल्लमको भनाई: لا هجرة بعد الفتح अर्थात मक्का बाट मदिना को हिजरत अब अमान्य भयो, र यो यसकुराको तर्फ इशारा हो कि अब फेरि मक्का कुफ्र को ठाउँ हुने छैन।

(1) शैख इब्ने उसैमीन भन्नु हुन्छ कि जकात मक्का मै फर्ज भयो तर त्यसको नेसाब मदिनामा आएर निर्धारित भयो।

(2) नबि सल्लल्लाहु अलैहि व सल्लम को वफात सन्. ११ हिज्रीमा भयो र उहाँलाई हजरत आईशा रजियल्लाहु अन्हाको हुज्रा शरीफमा दफन गरियो।

1. (3) कुनै पनि भलाईको काम न बताई छोडनु भएन र कुनै पनि न राम्रो काम बाट आवगत न गराई छोडनु भएन त सर्थ हामीले यस कुराको गवाहि दिन जरूरि छ कि उहाँले पुर्ण ईमानदारी पुर्वक अमानत पुर्याउनु भयो र रेसालतको पुरा पुरा हक अदा गर्नु भयो र उम्मतको साथ भलाई गर्नु भयो र अल्लाहको बाटोमा जेहाद गर्नु भयो र हामीलाई यस्तो ईस्पश्ट बाटोमा पुर्याउनु भयो जसको रात पनी दिन जस्तै उज्यालो छ त्यस बाट त्यो मान्छे मात्रै हटने छ जो बर्बाद हुन चाहन्छ

जब मदिना मा बसाई भयो त शरियतको अरू कानुनहरूमा अमल गर्ने आदेश आयो।
जस्तै: जकात, रोजा, हज्ज, जेहाद र आजान साथै राम्रो कामको आदेश र न राम्रो काम बाट रोक्ने जस्तो सबै कुरामा अमल गर्न आदेश भयो।
यो १० वर्ष सम्म भयो र त्यस पछि नबि सल्लल्लाहु अलैहि व सल्लमको वफात भयो तर उनले ल्याउनु भएको दीन अझै बाकि छ जसमा हरेक राम्रो कामको आदेश दिइएको छ र हरेक न राम्रो काम बाट रोकिएको छ र सब भन्दा राम्रो तथा महत्वपुर्ण आदेश तौहिदको आदेश हो र साथै हरेक त्यो काम जसबाट अल्लाह तआला राजि हुनुहुन्छ।
र सब भन्दा न राम्रो काम जसबाट रोकेको छ त्यो शिर्क हो र हरेक त्यो काम जुन अल्लाह तआलालाई मन पर्दैन।(3)

## सबै भन्दा ठुलो अवैध कुरोहरू

| ठुलो शिर्क जुन इस्लाम बाट खारेज गर्दिन्छ | सानो शिर्क जुन इस्लाम बाट खारेज गर्दैन | ठुला पापहरू हरेक त्यो गुनाह हरू जसको सजाय निर्धारित छ | साना पापहरू हरेक त्यो गुनाह हरू जसको सजाय निर्धारित छैन। |
|---|---|---|---|

(1) मुम्मद ﷺ लाई मान्छेहरूको लागि पुर्णत बनाएर पठाइयो र उहाँ आएपछि पहिलाको सबै शरियतहरू मन्सूख भयो तसर्थ हरेक यहुदि र इसाई वा अन्य चाहे त्यो नबि सल्लल्लाहु अलैहि व सल्लम को जमानाको होस वा हाम्रो जमानाको होस यदि त्यसलाई इस्लामको दावत पुग्यो तर उसले कुबूल गरेन भने त्यो काफिर हो चाहे त्यो मुसा अलैहिस्सलामको शरियतमा अमल गर्ने वाला होस वा इसा अलैहिस्सलामको शरियतमा होस् ।

1- प्रमाणः

قُلْ يَاَهْلَ الْكِتٰبِ تَعَالَوْا اِلٰى كَلِمَةٍ سَوَآءٍ بَيْنَنَا وَبَيْنَكُمْ اَلَّا نَعْبُدَ اِلَّا اللّٰهَ وَلَا نُشْرِكَ بِهٖ شَيْـًٔا

2- र अर्को ठाउँमा भनिएको छः

قَاتِلُوا الَّذِيْنَ لَا يُؤْمِنُوْنَ بِاللّٰهِ وَلَا بِالْيَوْمِ الْاٰخِرِ وَلَا يُحَرِّمُوْنَ مَا حَرَّمَ اللّٰهُ وَرَسُوْلُهٗ وَلَا يَدِيْنُوْنَ دِيْنَ الْحَقِّ مِنَ الَّذِيْنَ اُوْتُوا الْكِتٰبَ

3 नबि सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भयोः उसको कसम जसको हातमा मेरो ज्यान छ जुन पनि यहुदि र इसाई ले मेरो बारेमा सुन्यो तर म माथि ईमान ल्याएन भने त्यो नर्कमा जानेछ ।

अल्लाह तआलाले मुम्मद ﷺ लाई मान्छेहरूको लागि पुर्णत बनाएर पठाउनु भयो र मानव तथा जिन्नात दुईटै माथि उहाँको अनुशरण अनिवार्य गर्नु भयो ।

प्रमाणः

قُلْ يَاَيُّهَا النَّاسُ اِنِّىْ رَسُوْلُ اللّٰهِ اِلَيْكُمْ جَمِيْعًا.(1)

र उहाँको माध्यमले दीने इस्लामलाई पुर्ण गर्नुभयो

اَلْيَوْمَ اَ كْمَلْتُ لَكُمْ دِيْنَكُمْ وَاَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِيْ وَرَضِيْتُ لَكُمُ الْاِسْلَامَ دِيْنًا.(2)

र मोहम्मद सल्लल्लाहु अलैहिस्सलाम को वफातको प्रमाणः

اِنَّكَ مَيِّتٌ وَّاِنَّهُمْ مَّيِّتُوْنَ ثُمَّ اِنَّكُمْ يَوْمَ الْقِيٰمَةِ عِنْدَ رَبِّكُمْ تَخْتَصِمُوْنَ

(2) आयतमा बिदअति हरूको बिदअतको पनि रद्द गरिएको छ ।

# पाँचौः समाप्ति

(1) हरेक मान्छेले मृत्युको स्वाद चाख्नै पर्नेछ र कयामतको दिन फेरि उठाइने छन् र त्यस पछि आफ्नो हरेक कामको प्रतिफल पाउने छन् ।

(2) जसले दुबारा उठाइने कुरा र हिसाब किताबको इन्कार गर्यो भने उसले कुफ्र गर्यो किन कि त्यसले इस्लामको एउटा स्तम्भको इन्कार गर्यो ।

(3) सब भन्दा पहिला नबि हजरत नूह अलैहिस्सलाम हुन् भन्ने कुराको प्रमाणः

إِنَّآ أَوْحَيْنَآ إِلَيْكَ كَمَآ أَوْحَيْنَآ إِلَىٰ نُوحٍ وَّالنَّبِيِّنَ مِنْ بَعْدِهِ

हुन त सबै भन्दा पहिला नबि आदम अलैहिस्सलाम हुन प्रमाणः मोहम्मद सल्लल्लाहु अलैहिस्सलाम सँग आदम अलैहिस्सलाम को बारेमा सोधियो त उहाँले भन्नु भयो उहाँ नबि हुनुहुन्थ्यो । सबै भन्दा अन्तिम नबि र रसूल मोहम्मद صلى الله عليه وسلم

प्रमाणः

مَا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٍ مِّنْ رِّجَالِكُمْ وَلٰكِنْ رَّسُوْلَ اللّٰهِ وَخَاتَمَ النَّبِيِّنَ

तसर्थ अब जस कसैले पनी नुबुवत र रेसालतको दावा गर्छ भने ऊ काफिर हो र त्यसलाई सच्चा मानने वालाहरू पनी काफिर हुनेछन् ।

र जब मान्छेहरू मरि हाल्छन् त फेरी उठाइने छन् अल्लाह तआलाले भन्नु भयोः

مِنْهَا خَلَقْنٰكُمْ وَفِيْهَا نُعِيْدُكُمْ وَمِنْهَا نُخْرِجُكُمْ تَارَةً أُخْرٰى

र अर्को ठाउँमा छः

وَاللّٰهُ أَنْبَتَكُمْ مِّنَ الْأَرْضِ نَبَاتًا ثُمَّ يُعِيْدُكُمْ فِيْهَا وَيُخْرِجُكُمْ إِخْرَاجًا

दुबारा उठाइए पछि सबैको हिसाब किताब हुन्छ र त्यस पछि सबैलाई उसको कर्मको बदला दिईनेछ ।

प्रमाणः

وَلِلّٰهِ مَا فِي السَّمٰوٰتِ وَمَا فِي الْأَرْضِ لِيَجْزِيَ الَّذِيْنَ أَسَآءُوْا بِمَا عَمِلُوْا وَيَجْزِيَ الَّذِيْنَ أَحْسَنُوْا بِالْحُسْنٰى (1)

र जसले दुबारा उठाईने कुराको इन्कार गर्यो उसले कुफ्र गर्यो अल्लाह तआलाले भन्नु हुन्छः

زَعَمَ الَّذِيْنَ كَفَرُوْا أَنْ لَّنْ يُّبْعَثُوْا ۚ قُلْ بَلٰى وَرَبِّيْ لَتُبْعَثُنَّ ثُمَّ لَتُنَبَّؤُنَّ بِمَا عَمِلْتُمْ ۚ وَذٰلِكَ عَلَى اللّٰهِ يَسِيْرٌ (2)

र अल्लाह तआलाले हरेक रसूललाई खुशखबरि सुनाउने वाला र डराउन दिने वाला बनाएर पठाउनु भयो अल्लाह तआलाले भन्नु हुन्छः رُسُلًا مُّبَشِّرِيْنَ وَمُنْذِرِيْنَ

सब भन्दा पहिला नबि हजरत नूह अलैहिस्सलाम हुन् र सबै भन्दा अन्तिम मोहम्मद सल्लल्लाहु अलैहि व सल्लम हुन ।

सब भन्दा पहिला नबि हजरत नूह अलैहिस्सलाम हुन् भन्ने कुराको प्रमाणः

إِنَّآ أَوْحَيْنَآ إِلَيْكَ كَمَآ أَوْحَيْنَآ إِلَىٰ نُوحٍ وَّالنَّبِيِّنَ مِنْ بَعْدِهِ (3)

अल्लाह तआले आफ्नो भक्तहरू माथि तागूतको ईन्कार र तौहिदलाई स्विकार्न अनिवार्य गर्नु भएको छ।

इब्ने कोदामा ले भन्नु हुन्छ कि "कुनै पनि भक्त जो आफ्नो हद भन्दा अगाडि बढ्छ वा आफ्नो अनुशरण गराउँछ त्यो तागूत हो।

र हरेक समुदाय तर्फ अल्लाह तआलाले रसूल पठाउनु भयो, नुह अलैहिस्सलामको उम्मति देखि मोहम्मद स. को उम्मति सम्म र उहाँहरू सबैले एक मात्र अल्लाहको भक्ति गर्नु पर्ने कुरो बताउनु भयो र तागूतको ईबादत बाट रोक्नु भयो।

अल्लाह तआलाले कुरआनमा भन्नु भयोः وَلَقَدْ بَعَثْنَا فِيْ كُلِّ اُمَّةٍ رَّسُوْلًا اَنِ اعْبُدُوا اللّٰهَ وَاجْتَنِبُوا الطَّاغُوْتَ

तागूतहरू धेरैनै छन् तर मुख्य पाँचवटा रहेका छन् र ति हुनः इब्लिस मलुऊन, जसको इबादत उसको राजी खुशि ले होस, जसले आफै आफ्नो इबादत गर्न लगाउँछ, जसले इल्मे गैबको दावा गर्छ र जसले अल्लाहको किताब बाहेकबाट फैसला गर्छ।

यसको प्रमाण अल्लाह तआलाको भनाईः لَآ اِكْرَاهَ فِي الدِّيْنِ ۚ قَدْ تَّبَيَّنَ الرُّشْدُ مِنَ الْغَيِّ ۚ فَمَنْ يَّكْفُرْ بِالطَّاغُوْتِ وَيُؤْمِنْۢ بِاللّٰهِ فَقَدِ اسْتَمْسَكَ بِالْعُرْوَةِ الْوُثْقٰى

र यहि ला इलाह इल्लल्लाह को यहि मतलब हो।

हदीसमा भनिएको छ कि मुल आदेश इस्लाम हो, त्यसको खम्भा नमाज हो र त्यसहो महत्वपुर्ण भाग अल्लाहको लागी जेहाद हो।

अल्लाह तआलाले नबि तथा रसूल हरूलाई खुशखबरि सुनाउने वाला र डराउन दिने वाला बनाएर पठाउनु भयो सबैले तौहिदको दावत दिनु भयो र शिर्क तथा तागुत बिरूद्ध लडनए गर्नु भयो जसको प्रमाण यो आयत होः

وَلَقَدْ بَعَثْنَا فِيْ كُلِّ اُمَّةٍ رَّسُوْلًا اَنِ

अर्थात सबैले एक मात्र अल्लाह कै इबादत गर्नु पर्छ र शिर्क र तागूत बाट बच्नु पर्छ।

अल्लाह तआलाले सबै माथि अनिवार्य गर्नु भएको छ कि उसले तागूतको इन्कार गरोस र तौहिदलाई स्विकार गरोस र तौहिदलाई स्विकार गर्न भन्दा पहिला तागूतको इन्कार जरूरी छ।

अल्लाह तआलाले भन्नु भयोः

فَمَنْ يَّكْفُرْ بِالطَّاغُوْتِ وَيُؤْمِنْۢ بِاللّٰهِ

तागूतको परिभाषाः कुनै पनि भक्त वा वस्तु जो आफ्नो हद भन्दा अगाडि बढ्छ वा बढाइन्छ, जस्तै ढुङ्गा वा रूख वा जसले आफ्नो अनुशरण गराउँछन् वा गरिन्छ, जस्तै गलत आलिम हरू (ओलमाए सू) वा हाकिमहरू जुन अल्लाह तआलाको अवज्ञयतामा आफ्नो अनुशरण गराउँछ भने त्यो तागूत हो।

तागूतहरू धेरैनै छन् तर मुख्य पाँचवटा रहेका छन् र ति हुनः इब्लिस मलुऊन, जसको इबादत उसको राजी खुशि ले होस, जसले आफै आफ्नो इबादत गर्न लगाउँछ, जसले इल्मे गैबको दावा गर्छ र जसले अल्लाहको किताब बाहेकबाट फैसला गर्छ।

**अल्लाह तआलाले अवतरित गर्नु भएको बहेक फैसला गर्नुमा तफ्सील छ**

**ठुलो कुफ्रः**

यो आस्था रख्नु कि मानिसले गरेको फैसला अल्लाह तआलाको फैसला जस्तै हो वा त्यो भन्दा नि राम्रो हो।

**इन्कार बिनाको कुफ्रः**

जसले यो आस्था राख्दछ कि अल्लाह तआलाले अवतरण गर्नु भएको बाहेक बाट फैसला गर्नु गलत हो तर उसले बिना कारण वा आफ्न् पदको मायामा वा यस्तै कुनै कारण फैसला गर्छ।

**इमाम इब्नुल कैय्यिम ले जेहादलाइ चार किसिममा बाडनु भएको छ**

**नफ्सको जेहादः**

यो ज्ञान, अमल, दावाह र सब्र को साथ अल्लाहको लागि गरिन्छ।

**शैतान सँग जेहादः**

यो शिर्क र बिदअत तथा ठुलो र सानो गुनाह बाट गरिन्छ।

**काफिर र मोनाफिक हरूसँग जेहादः**

यो दिल, जिब्रो, धनमाल र शरीर बाट गरिन्छ।

**जालिम बिदअति र न राम्रो काम गर्ने वाला सँगः**

यो हात तथा जिब्रो र दिल बाट गरिन्छ।

## समाप्ति

हरेक बुद्धिजिवि माथि अनिवार्य छ कि बयान गरिएको कुरा आफ्नो जिवनमा जरूर लाघु गरोस किन कि यो सब मान्छेलाई कब्रमा जरूरत पर्ने छ।

**هذا و الله أعلم و صلى الله على محمد و على آله صحبه و سلم**

| तौहीदको स्तम्भहरू | समाप्ति |
|---|---|
| ज्ञान प्रमाण सहित। यसैलाइ उसूले सलासा भनिन्छ। | ज्ञान |
| ज्ञान अनुसारको अमलः ज्ञानलाई अमल गरेर बाँकि राख्नु पर्छ न भए त्यो बिर्सेर जान्छ। | ज्ञान अनुसार कर्म |
| दावाहः सब भन्दा पहिला तौहीदको दावत दिनु पर्छ किन कि नबि र रसूल हरूको पनि यहि दावात हो र दावाहको सब भन्दा उच्च स्तर तौहीद मान्नु का साथै शिर्क को इन्कार हो। | दावाह |
| **दावाह को शर्तहरूः सफा मनले अल्लाहको लागी खास, शरियतको ज्ञान हुनु, दावत दिईने ब्यक्तिको परिस्थिति अनुसार, हिक्मत अपनाउनु र सब्र गर्नु।** | |
| यसमा काममा हुने आफतमा सब्र गर्नुः अल्लाह तआलाको इताअतमा सब्र गर्नु जस्तै नमाज, र अवज्ञाको काम छोडनमा सब्र गर्नु जस्तै ब्याजि कारोबार, र अल्लाह तआले फैसला गर्नु भएको कुरोमा सब्र गर्नु जस्तै गरिबि। अर्थात ज्ञान प्राप्तिमा सब्र गर्नु, त्यस पछि अमलमा सब्र गर्नु र त्यस पछि दावाह को काममा सब्र गर्नु। | **तिनवटा मसाइल** |
| तौहीदे रूबुबियह, तौहीदे उलुहियत र तोहीदे अस्मा व सिफात | |

चार ओटा मसाइल र त्यसको प्रमाण (सुरह अस्र)

तौहीदे उलुहियतः निसन्देह अल्लाह तआला लाई उनको साथ अरू कसैलाई साझि बनाएर इबादत गरेको राम्रो लाग्दैन।

शिर्क र शिर्क गर्ने वालाहरू सित नाता तोड्नु, दिलको नाता (उनिहरू सँग नफरत हुनु), जिब्रोले इन्कार गर्नु, र शारिरिक अनुसार पनि टाढा बस्नु जस्तै उनिहरूको पुजा, पर्व र कर्यक्रम हरूमा शामेल न हुनु।

इस्लाम धर्मको बारेमा प्रमाण सहित जन्नु, इस्लामको परिभाषा, धर्मको दर्जा, इस्लामको स्तम्भहरू, शहादाको परिभाषा, आस्थाका स्तम्भहरू, ईमानको विभागहरू, अल एहसान र कयामतको निशानिहरू।
नबि स. को बारेमा जान्नु, उहाँको उमेर, नुबुवत र रेसालत, ठाउँ, उहाँलाई पठाउनुको कारण, तौहीदको दावत दिनु भएको समय, इस्रा र मेराज, कहाँ र कति नमाज अनिवार्य गरियो, हिज्रत र त्यसको आदेश तथा समय, शरियतको अरू नियम हरू कहिले बताईयो

तीन वटा मसाइल

बारेमा किन पढ्न जरूरी छ ? र

उसूले सलासा भनेको कब्रमा गरिने प्रश्नहरू र त्यसको प्रमाणहरू हुनु, तौहिदको बारेमा किन पढ्न जरूरी छ ? र उसूले सलासा को बारेमा किन पढ्न जरूरी छ र यो सब पढेर के फाइदा छ ?

| | | |
|---|---|---|
| मृत्यु पछि फेरी उठाइने र कर्महरूको हिसाब किताब, दुबारा उठाइने कुराको इन्कार गर्नु कुफ्र हो, सन्देष्टा हरूको जिम्मेवारि र दावाह को काम, पहिलो र अन्तिम सन्देशवाहक, | | |
| मृत्यु पछि फेरी उठाइने र कर्महरूको हिसाब किताब, दुबारा उठाइने कुराको इन्कार गर्नु कुफ्र हो, सन्देष्टा हरूको जिम्मेवारि र दावाह को काम, पहिलो र अन्तिम सन्देशवाहक, तौहीदको स्तम्भहरू: तागूतको इन्कार र तौहिदलाई स्विकार्नु, तागूतको परिभाषा, तागूतको मुखियाहरू, तागुतको इन्कार के गरि गर्नु पर्छ, ला इलाह इल्लल्लाह को अर्थ, इस्लाम सबै धर्महरू भन्दा माथि छ, इस्लामको खम्भा नमाज हो, इस्लामको ताज जेहाद हो। | | |
| सुरह अस्रमा बताइए अनुसार अमल गर्न जरूरी छ। | | |
| नफ्सको जेहादः यो ज्ञान, अमल, दावाह र सब्र को साथ अल्लाहको लागि गरिन्छ जस्तै कि सुरह अस्रमा भनिएको छ। | जेहादको किसिम | |
| शैतान सँग जेहादः शहवात | | |
| काफिर र मोनाफिक हरू बाट जेहादः यो दिल, जिब्रो, धनमाल र शरीर बाट गरिन्छ।<br>जालिम बिदअति र न राम्रो काम गर्ने वाला सँगः यो हात तथा जिब्रो र दिल बाट गरिन्छ। | | |

<table>
<tr><td colspan="2">कुनै पनि भक्त वा वस्तु जो आफ्नो हद भन्दा अगाडि बढ्छ वा बढाइन्छ, जस्तै ढुङ्गा वा रूख वा जसले आफ्नो अनुशरण गराउँछन् वा गरिन्छ, जस्तै गलत आलिम हरू (ओलमाए सू) वा हाकिमहरू जुन अल्लाह तआलाको अवज्ञयतामा आफ्नो अनुशरण गराउँछ भने त्यो तागूत हो।</td><td rowspan="3">समाप्त</td></tr>
<tr><td>कुनै पनि भक्त वा वस्तु जो आफ्नो हद भन्दा अगाडि बढ्छ वा बढाइन्छ, जस्तै ढुङ्गा वा रूख वा जसले आफ्नो अनुशरण गराउँछन् वा गरिन्छ, जस्तै गलत आलिम हरू (ओलमाए सू) वा हाकिमहरू जुन अल्लाह तआलाको अवज्ञयतामा आफ्नो अनुशरण गराउँछ भने त्यो तागूत हो।<br>तागूतहरू धेरैनै छन् तर मुख्य पाँचवटा रहेका छन् र ति हुनः इब्लिस मलुऊन, जसको इबादत उसको राजी खुशि ले होस, जसले आफै आफ्नो इबादत गर्न लगाउँछ, जसले इल्मे गैबको दावा गर्छ र जसले अल्लाहको किताब बाहेकबाट फैसला गर्छ।</td><td>तागूतको परिभाषाः</td></tr>
<tr><td colspan="2">मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम र उहाँको परिवार तथा साथि हरूमाथ् अल्लाहको तर्फबाट शान्ति होस।</td></tr>
</table>

# उसूले सलासा र त्यसको प्रमाणको परिक्षा

सहि जवाब छान्नुहोस्

**1-** उसुले सलासा को लेखकः मोहम्मद बिल सुलैमान अल तमीमि, मोहम्मद बिन अब्दुल वह्हब, यी दुईटै।

**2-** उसूले सलासा छोटकरिमा भन्नु पर्दा कब्रमा गरिने प्रश्न हुन्। (सहि गलत)

**3-** उसूले सलासामा लेखक महोदयले ........... ठाउँमा पाठक हरूको लागि दुवा गर्नु भएको छ। दुई ठाउँमा, तीन ठाउँमा

**4-** लेखक महोदयको किताबको विशेषताः सरल भषा, छोटकरि त्यस पछि तफ्सील, कुरआन र सुन्नत बाट प्रमाण सहित, बिरोधि हरूको जवाब सहित, ब्यख्या सहित, महत्वपुर्ण प्रश्हरू र त्यसको जवाब, माथिको सबै,

**5-** उसूले सलासाको विषयसुचि लाई ५ वा ६ किसिम मा बाड्न सकिन्छ।

**6-** तौहीदको बारेमा ज्ञान प्रप्त गर्नुः अनिवार्य हो, केहि जनाले प्रप्त गरेको काफि छ।

**7-** मसाईले अरबा (चारवटा मसाईल) को प्रमाणः सुरह अस्र, सुरह अल इख्लास।

**8-** जसले ज्ञान प्रप्त गर्यो तर ब्यवहारमा लागु गरेन भने ........ भयोः इसाई हरू जस्तो, यहूदी हरू जस्तो, माथिको दुईटै।

**9-** सब्रलाई बाडिएको छः दुई भागमा, तीन भागमा।

**10-** सुरह अस्रको बारेमा इमाम शाफई को भनाईको अर्थः हुज्जत काएम गर्नको लागि काफि छ, अरू कुनै सुरह हरू अवतरित न गरीएको भए पनि काफि छ

**11-** जसले तौहीदको एउटा किसिममा मात्रै इमान ल्यायो भने त्यो मौवह्हिद हुदैन। (सहि गलत)

**12-** शिर्क गर्ने वालाहरू सित नाता तोड्नुः दिल जिब्रो र शारीरले, ब्वहारले, माथि को दुईटै।

**13-** मस्जिद भन्नाले: मस्जिदको भवन, सज्दा गरिने शारिरिक अंग, सज्दा गरिने ठाउँ, सबै।

**14-** सलफ सालिहीनको तरीका: पहिला आस्था त्यस पछि प्रमाण, पहिला प्रमाण त्यस पछि आस्था।

**15-** हाम्रा बिद्वानहरू मद्धे जो पथभ्रष्ट भए उनको उदाहरण: यहुदि, नसरानि।

**16-** हामिहरू मद्धे जो भक्त पथभ्रष्ट भयो भने उसको उदाहरण: यहुदि, नसरानि।

**17-** मसाइले सलासा भनेको उसुले सलासा नै हो। (सहि गलत)

**18-** दुवा बाडिएको छ: इबादतको दुवा र जरूरतको दुवा, जिब्रोले बोलेर दुवा र अवस्था तथा स्थिति को दुवा।

**19-** जरूरतको दुवा बाडिएको छ: दुई किसिम, चार किसिम।

**20-** वसिलाको मामिलामा मान्छेहरू ......... बाडिएका छन्। दुई भागमा-ठुलो तथा सानो शिर्क गर्ने, जाएज वसिला।

**21-** मान्छेहरू सँग मदद माग्न सहि हो। (बिना कुनै शर्त, जुन कुरामा शक्षम हुन्छ त्यो पनि चारवटा शर्त सहित)

**22-** ला इलाह इल्लल्लाहको अर्थ: उत्पत्ति गर्न सक्ने क्षमतावान, अल्लाह बाहेक कोहि पनि पुज्य छैनन्, अल्लाह बाहेक कोहि पनि सत्य पुज्य छैनन्,।

**23-** धर्महरू बिच तुलना गर्नु: जाएज, ठुलो गुनाह, कुफ्र।

**24-** अल्लाह तआला हुनुहुन्छ भन्ने कुराको प्रमाण: धेरै छन्, चारवटा छन्।

**25-** के फरिश्ताहरू सँग पनि दिल हुन्छ। (हुन्छ-हुदैन)

**26-** तौहीद र इमानको सम्बन्ध, इमान आम हुन्छ र तौहीद त्यसको एउटा भाग हो। (सहि-गलत)

**27-** इमानको स्तम्भ: (५,६,८)

**28-** शिर्क गर्ने वालाहरूको पनि केहि इबादतहरू अल्लाहकै लागि हुन्छ। (सहि-गलत)

**29-** अल्लाह बाहेक कसैको इबादत उसको खुशि बिना हुदैछ भने त्यो तागूत हो। (सहि-गलत)

**30-** संसारको सबै ब्यवस्था मिलाउने र वर्षा गराउने तौहीदको कुन किसिम मध्ये होः तौहीदे उलुहियत, तौहीदे रूबूबियत, तौहीदे अस्मा व सिफात।

**31-** तौहीदको बिपरित कुन हो शिर्क, बिदअत।

**32-** सब भन्दा ठुलो अनिवार्य कुरा आमा-बुवाको साथ राम्रो ब्यवहार हो।

**33-** सब भन्दा ठुलो अवैध ब्यभिचार र ना हक कसैको हत्या हो। सहि गलत

**34-** मेराज भनेको नबि स. को मक्का बाट अल-कुद्स को यात्रा हो। सहि गलत

**35-** नबि स. लाइ पठाइएको थियो। खास उनको समुदायको लागि, हरेक को लागि

**36-** नबि स. को। इन्तेकाल भयो, नबि हरूको इन्तेकाल हुदैन

**37-** जसले नुबुवतको दावा गर्यो उसले कुफ्र गर्यो। ठुलो सानो

**38-** नबि हरूको धर्म। एउटै हुन्छ, हरेक को आ-आफ्नो धर्म हुन्छ

**39-** हिजरत। फतहे मक्का बाट समाप्त भयो, कयामत सम्म बाकि रहने छ

**40-** हिजरत भनेको। कुफ्रको ठाउँ बाट इस्लामको ठाउँ तर्फ प्रस्थान गर्नु, अवैध कुरा बाट बच्नु

**41-** इस्लाम एउटा पुर्ण धर्म हुन्थ्यो यदि सालिहीन हरूको सपना बाकि न भएको भए। सहि गलत

**42-** अल्लाह बाहेक अरू कसैको लागि इबादत गर्नु शिर्क हो। ठुलो सानो

**43-** काम र काम गर्ने वाला बिच फरक छुट्टयाउन जरूरी छ। सहि गलत

**44-** सब भन्दा पहिलो नबि। नुह अलैहिस्सलाम आदम अलैहिस्सलाम

**45-** हाम्रो नबि। नबि पनि हुनुहुन्छ र रसूल पनि।

पहिलो सुचिमा भएको कुरा सँग मिल्ने वाक्य दोस्रो सुचिमा लेख्नु होस ।

| क | # | # | ख |
|---|---|---|---|
| तौहिद को अर्थ शब्दकोष अनुसार | | 1 | |
| तौहिदको अर्थ शरियत अनुसार | | 2 | |
| तौहिदे उलुहियत | | 3 | |
| तौहिदे रूबूबियत | | 4 | |
| तौहिदे अस्मा व सिफात | | 5 | |
| अल हनिफिया | | 6 | |
| कुरआनको पहिलो आदेश | | 7 | |
| अल-निद्द | | 8 | |
| अल-खशियत | | 9 | |
| तवक्कुल | | 10 | |
| इबादत कुबूल हुने शर्त | | 11 | |
| चार वटा मसाइल | | 12 | |
| तीन वटा उसूल | | 13 | |
| वसिलाको किसिम | | 14 | |

| | | | |
|---|---|---|---|
| मन्नतको किसिम | | 15 | |
| जबहको किसिम | | 16 | |
| डरको किसिम | | 17 | |
| इस्लामको परिचय | | 18 | |
| धर्मको दर्जा | | 19 | |
| ईमान भनेको के हो ? | | 20 | |
| कयामतको दिन माथि इमानमा के के शामिल छ ? | | 21 | |
| शिर्क | | 22 | |
| तौबाको अन्तम समय | | 23 | |
| तागूत भनेको के हो ? | | 24 | |
| | | 25 | |

# वषय सुचि


| | | |
|---|---|---|
| 1 | परिचय | 3-5 |
| 2 | चार वटा मसाइल | 6-10 |
| 3 | तिन वटा मसाइल | 11-14 |
| 4 | तौहीदको बारेमा ज्ञानको महत्व | 15 |
| 5 | समम्ति | 16-42 |
| 6 | अल्लाह तआलाले अवतरण गर्नु भएको बाहेक बाट फैसला गर्नु | 43-45 |
| 7 | ज्ञान | 46-49 |
| 8 | ब्यवहार | 50-54 |
| 9 | धैर्य | 55 |

# القواعد الأربع

## चारवटा महत्वपुर्ण काइदा

بسم الله الرحمن الرحيم

إن الحمد لله نحمده ونستعينه ، ونعوذ بالله من شرور أنفسنا ومن سيئات أعمالنا من يهده الله فلا مضل ومن يضلل فلا هادي له ، وأشهد أن لا إله إلا الله وحده لا شريك له وأشهد أن محمدا عبده ورسوله:

## यस ब्याख्याको बारेमा प्रस्तावना

### यसको लेखक

शैखुल इस्लाम व मोजद्दिदे दावत व तौहीद अल इमाम मोहम्मद बिन अब्दुल वह्हाब बिन सुलैमान अल तमीमि उहाँको कुन्नियत हो: अबुल हसन।
उनको जन्म सन: ११९५ हिज्रि मा ओयइना भन्ने ठाउँमा, र उनको निधन सन: १२०६ हिज्रि मा भएको हो।

**चार वटा काइदा मुतून सिलसिलामा बिधार्थि हरूले पढ्ने दोस्रो किताब हो र यसलाई यो क्रममा पढ्ने कारणहरू मद्धे केहि यस प्रकार रहेका छन्**

- बिद्धवान हरूले यसलाई पढ्ने सल्लाह दिनु भयो
- सलफ सालिहीनलाई आदर्श मान्दै
- यसमा वर्तमान कालको शिर्क गर्ने वालाहरूको रद्द बयान गरिएको हुनाले
- कश्फुश्शुबहात नामि किताबको छोटकरिमा ब्याख्या
- ब्याख्या बाट सुरू गर्छौं ताकि पाठकको दिमागमा कुनै किसिमको शंखा बाकि न रहोस

# कवाईदे अरबाको विषय सुचि

1. प्रवेशिका
विषय

2. तौहीदको बारेमा
ज्ञान प्राप्तिको महत्व

3. नियमहरू

# पहिलोः प्रवेशिकाको विषय सुचि

بِسْـمِ

(1) अत्यन्त कृपालु अल्लाह सँग दुवा गर्दै छु जो विशालकाय अर्शको मालिक हुनुहुन्छ (2)

कि तपाईको रक्षा गरून र तपाई जहाँ काहिँ भएपनि तपाई माथि कृपा गरून् ।(3)

**लेखक महोदयले बिस्मिल्लाह बाट सुरू गर्नु भएको कारण**

- कुरआन र सुन्नतको अनुशरण गर्दै किन कि यो सबै सन्देष्टा हरूको तरिका हो ।
- ओलमाए सलफको आदर्श लाई मानेर, किनकि लेख पढ गर्दा बिस्मिल्लाह बाटै सुरू गर्ने उहाँ हरूको बानि थियो ।
- अल्लाह तआलाको कृपा प्राप्तिको लागी

(2) प्रवेशिका पछि लेखक महोदयले पाठकको लागी अल्लाह तआला सित हरेक किसिमको भलाई प्रदान गर्न दुवा बाट सुरू गर्नु भएको छ र यसले लेखक महोदयको पाठक प्रति माया दर्शाउँछ ।

(3) औलियाअल्लाह ती हुन् जसमा ईमान र तक्वा दुईटै जम्मा हुन्छ ।
शैखुल इस्लाम इब्ने तैमीया उहाँ माथि अल्लाह को कृपा होस ले भन्नु हुन्छ कि जो ईमानको साथ तक्वा पनि अपनाउँछ त्यो अल्लाहको वली हुन्छ ।
प्रमाणः अल्लाह तआलाले भन्नु भयोः

اَلَآ اِنَّ اَوْلِيَآءَ اللّٰهِ لَا خَوْفٌ عَلَيْهِمْ وَلَا هُمْ يَحْزَنُوْنَ الَّذِيْنَ اٰمَنُوْا وَكَانُوْا يَتَّقُوْنَ

अल-बरकहः बृद्धि, बिकास ।
अल-तबर्रूकः बृद्धि र बिकासको माग ।
अल-मोबारकः प्राप्ति पछि लाभ उठाउनु ।

**तवर्रूकको दईवटा किसिमहरू रहेका छन्**

| अवैध तवर्रूक, जुन शरियत र हिस्स बाट साबित छैन त्यो स्यानो शिर्क हो। | वैध तवर्रूक |
| --- | --- |

वैध तवर्रूक:

| शरियत बाट साबितः जस्तै मस्जिद अल-हरम मक्कि वा मस्जिद अल-हरम मदनीमा नमज पढ्नु। | हिस्सिः जस्तै ज्ञान, दुवा आदि, जस्तै कोहि मान्छे जसको ज्ञान बाट र उसले भलाई तर्फ दिएको दावत बाट फाईदा उठाईयोस, त यो फाईदा जनक हुन्छ किन कि यसबाट हामिले धेरै लाभ प्राप्त गर्यौं जस्तै शैखुल इस्लाम (इब्ने तैमीया) र अन्य विद्धानहरू जसको किताबमा अल्लाह तआलाले भलाई राख्नु भयो जसबाट उम्मतले लाभ प्राप्त गर्छ। |
| --- | --- |

अल्लाह तआलाले तिमीलाई ती ब्यक्तिहरू मध्ये बनाउन जसले नेमत पाए पछि धन्यबाद ज्ञापन गर्छ। (1)

(1)कृपा र उपकार पनी परिक्षा हो जसको प्रमाणहरू धेरै छन्: وَنَبْلُوكُم بِالشَّرِّ وَالْخَيْرِ فِتْنَةً
अर्को ठाउँमा भनिएको छः
فَلَمَّا رَآهُ مُسْتَقِرًّا عِندَهُ قَالَ هَٰذَا مِن فَضْلِ رَبِّي لِيَبْلُوَنِي أَأَشْكُرُ أَمْ أَكْفُرُ ۖ وَمَن شَكَرَ فَإِنَّمَا يَشْكُرُ لِنَفْسِهِ ۖ وَمَن كَفَرَ فَإِنَّ رَبِّي غَنِيٌّ كَرِيمٌ

अर्को प्रमाणः فَأَمَّا الْإِنسَانُ إِذَا مَا ابْتَلَاهُ رَبُّهُ فَأَكْرَمَهُ وَنَعَّمَهُ فَيَقُولُ رَبِّي أَكْرَمَنِ
र हदीसमा भनिएको छ किः बनि इस्राईलको तिन जनाको अल्लाह तआलाले परिक्षा लिनु भयो।

**तौहीदे उलूहियत र तौहीदे रूबुबियत सँग सम्बन्धित उपकार र त्यसको कृतज्ञयता दुई भागमा बाडिएको छ ।**

उपकार पाए पछि कृतज्ञयता ब्यक्त गर्नु र यो निम्न कुराले हुन्छः

दिलः

र यो दिलको दृढ विश्वास र आस्थाका साथ यस कुरालाई मान्नु कि जिविका चलाउन हरेक कुरा दिने वाला केवल एक मात्र अल्लाह हुन् र भएको सबै कुरा पनि अल्लाह ले नै दिएका हुन् ।

जिब्रोः

जसब्रोले बोलेर स्विकार गर्दै उसको कृतज्ञयता ब्यक्त गर्नु कि प्राप्त नेमत सब अल्लाह तआला ले नै दिनु भएको हो जस्तै अल्लाह तआला ले भन्नु भयोः

وَاَمَّا بِنِعْمَةِ رَبِّكَ فَحَدِّثْ

शारिरः

र यो आफु माथि त्यस काममा खर्च गरेर हुन्छ जुन काम गर्दा अल्लाह खुशि हुनुहुन्छ र साथै आज्ञाकारि भक्त भएर उहाँको आज्ञापालन गर्दै अवज्ञा गर्नबाट बच्नु पर्छ ।

उपकार पाउन भन्दा पहिला पनि अल्लाह तआलाको कृतज्ञयता गर्नु ।

र यो पहिलो किसिमले भक्तहरू सँग यो माग गर्दछ कि कुनै पनि कुरा अल्लाहले नै दिनु हुन्छ भन्ने आस्था र विश्वास राख्नु पर्छ, त उसको दिल अरू कोहि तिर माएल हुनु हुदैन र कुनै पनि भलाई मात्र अल्लाह तआला सित माग्नु पर्छ ।

जस्तै कि स्वर्ग, अल्लाह तआला सित मात्रै माग्नु पर्दछ किन कि स्वर्गको मालिक अल्लाह नै हुन् र यस्तै गरी रिज्क (जिविका चल्ने आवश्यक सामग्रि) पनि ।

وَتَوَكَّلْ عَلَي الْحَيِّ الَّذِيْ لاَ يَمُوْتُ

र अर्को ठाउँमा भनिएको छः

اِنَّ الَّذِيْنَ تَعْبُدُوْنَ مِنْ دُوْنِ اللّٰهِ لاَ يَمْلِكُوْنَ لَكُمْ رِزْقًا فَابْتَغُوْا عِنْدَ اللّٰهِ الرِّزْقَ

(1)किन कि सब्र गर्न अनिवार्य भएको कुरा इज्मा बाट प्रमाणित छ।

**दुनियामा मान्छेको दुख कटेपछि चार थरिको ब्यव्हार गर्छन्**

| खराब मानस्थिति मा पर्ने वाला: | धैर्य गर्ने वाला: | राजि: | कृतज्ञयता गर्नेवाला: |
|---|---|---|---|

**र जब परिक्षाको घडि आउँछ त धैर्य गर्छ (1) र गुनाह भयो भने माफि माग्छ**

1. खराब मानस्थितिमा पर्नु हराम अर्थात अवैध गरिएको छ  र यो हुन्छ:

| दिल | जिब्रो | शरिर |
|---|---|---|

दिल बाट खराब सोच्नु: इमाम इब्नुल कैय्यिमले भन्नु हुन्छ कि केहि मन्छेहरूले जिब्रोले बोलेर अपमान गर्दैनन् तर उसको हावभावले यो कुरो प्रश्ट बुझिन्छ कि उसले आफ्नो पालनकर्ताको बारेमा राम्रो धारणा राख्दैन र मनमनै भनि राख्छ कि मेरो पालनकर्ताले म माथि अनर्थ गर्नुभयो, मेरो पालनकर्ताले मलाई केहि पनि दिनु भएन, मेरो पालनकर्ताले मलाइ पाखा लगाउनु भयो ......यहाँ सम्म कि उसले बराबर यो कुरो भनि राख्छ र गरि राख्छ।

जिब्रो बाट नराम्रो बोल्नु: चिच्याउनु, रूनु,  लानत मलामत गर्नु, बनास गर्नु, गालि गर्नु।
शरीरबाट  नराम्रो ब्यवहार गर्नु: गालामा चडकाउनु, कपडा च्यात्नु र होश गुमाउनु आदि।
2. सब्र गर्नु: र यो अनिवार्य छ जुन इज्मा बाट प्रमाणित छ र सब्र दिल, जिब्रो र ब्यवहार बाट गर्नु पर्छ। ईमाम अहमदले भन्नु भयो कि: सब्रको बारेमा कुरआमा लगभग ९० स्थानमा भनिएको छ र यो अनिवार्य गर्नु पर्छ जुन इज्मा बाट प्रमाणित छ र यो आधा ईमान हो ईमानलाई दुई भगमा बाडिएको छ एक भाग सब्र र अर्को भग कृतज्ञयता हो। (मदारेजुस सालिकीन ले इब्नुल कैय्यीम।
3. राजि: यो मुस्तहब हो अर्थात गरेको ठिक हो र यो सब्र भन्दा ठुलो दर्जा हो।
4. कृतज्ञयता गर्नु: यो मुस्तहब हो अर्थात गरेको ठिक हो र यो सब भन्दा उच्च दर्जा हो।

# चारवटा कायदा

अल्लाह तआलाले तपाईलाई आफ्नो आनुशरणको हिदायत देउन् । याद रख्नुहोस हनिफीयत इब्राहीम अलैहिस्सलामको बाटोको नाम हो र त्यो यो हो कि तपाई एक मात्र अल्लाहको इबादत गर्नुहोस जस्तै कि अल्लाह तआलाले भन्नु भयोः وَمَا خَلَقْتُ الْجِنَّ وَالْاِنْسَ اِلَّا لِيَعْبُدُوْنِ (1)
जब तपाईलाई यो थाहा भयो कि अल्लाह तआलाले तपाईलाई आफ्नो उपासना को लागि मात्र सृष्टि गर्नु भएको छ त यो पनि बुझि हाल्नुस कि इबादतलाई तौहीद अर्थात एकेश्वरवाद बिना इबादत भन्न सकिन्न जस्तै कि तहारत अर्थात सफाई र पाकि बिनाको नमाजलाई नमाज भन्न सकिन्न र इबादतमा शिर्कको मिसावट भयो भने त्यो इबादत मान्य हुदैन जस्तै कि सफाईमा हदस (गन्दगि) को मिसावट भयो भने सफाई मान्य हुदैन ।
जब तपाईलाई राम्रो सँग यो कुरा थाहा भयो कि इबादतमा शिर्कको मिसावट भयो भने इबादत अमान्य हुन्छ र त्यो इबादत खेर जान्छ र शिर्क गर्नेवाला हमेशा हमेशको लागि नर्कमा जानेछ भने भने तपाईलाई यो कुरा पनि राम्रो सँग थाहा भइसके होला कि तपाई ले के जान्न अनिवार्य छ! त्यो शिर्कको बारेमा जानकारी हो ताकि अल्लाह तआलाले तपाईलाई यस संजालबाट छुटकारा देउन् ।
अल्लाह तआलाले भन्नु भयोः

اِنَّ اللّٰهَ لَا يَغْفِرُ اَنْ يُّشْرَكَ بِهٖ وَيَغْفِرُ مَا دُوْنَ ذٰلِكَ لِمَنْ يَّشَآءُ

र त्यो चार वटा काईदा जुन अल्लाह तआलाले आफ्नो किताब कुरआनमा बताउनु भएको छ त्यसको जानकारि तपाईले हासिल गर्नु भयो भने यस शिर्क बाट बच्न सक्नु हुन्छ ।
पहिलो काइदाः याद रख्नुस जुन काफिरहरूले सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वससल्लम सँग लडाई गरे तिनीहरू पनी यो कुरा मान्दथे कि अल्लाह तआला नै पुरा ब्रम्हण्डको सृष्टि कर्ता र संयोजक हुन तर तिनीहरूको यो अकिदाले पनि तिनीहरूलाई इस्लाममा ल्याएन ।
अल्लाह तआलाले भन्नुः

قُلْ مَنْ يَّرْزُقُكُمْ مِّنَ السَّمَآءِ وَالْاَرْضِ اَمَّنْ يَّمْلِكُ السَّمْعَ وَالْاَبْصَارَ وَمَنْ يُّخْرِجُ الْحَيَّ مِنَ الْمَيِّتِ وَيُخْرِجُ الْمَيِّتَ مِنَ الْحَيِّ وَمَنْ يُّدَبِّرُ الْاَمْرَ ۭ فَسَيَقُوْلُوْنَ اللّٰهُ ۚ فَقُلْ اَفَلَا تَتَّقُوْنَ(2)

(1) लेखक महोदयले तौहीदको ज्ञान किन प्राप्त गर्नु पर्छ भन्ने बारे प्रश्ट्याउनु भएको छ ।

(2) नबि ﷺ लाई जुन काफिरहरू तर्फ पठाइएको थियो तिनीहरू तौहीदे रूबुबियत लाई मान्थे तर पनी नबि सल्लल्लाहु अलैहि व सल्लम सँग उनिहरूले लडाई गरे ।

असलमा उनिहरू तौहीदे उलूहियत को इन्कारी थिए र जो कसैले पनि अल्लाह बाहेक अरू कसैको लागी इबादत कहलाइने कुनै पनि कार्य गर्यो भने ऊ मुशरिक हो काफिर हो ।

दोस्रो काएदाः उनीहरूले भन्थे कि हामी त तिनीहरूको इबादत गर्दनौं तर नजदिकि र शफाअतको लागी मात्र उनिहरू सित दुवा गर्छौं ।

नजदिकि को प्रमाणः

وَالَّذِيْنَ اتَّخَذُوْا مِنْ دُوْنِهٖٓ اَوْلِيَاۤءَ ۘ مَا نَعْبُدُهُمْ اِلَّا لِيُقَرِّبُوْنَآ اِلَى اللّٰهِ زُلْفٰى ۗ اِنَّ اللّٰهَ يَحْكُمُ بَيْنَهُمْ فِيْ مَا هُمْ فِيْهِ يَخْتَلِفُوْنَ اِنَّ اللّٰهَ لَا يَهْدِيْ مَنْ هُوَ كٰذِبٌ كَفَّارٌ(1)

र शफाअतको प्रमाणः

وَيَعْبُدُوْنَ مِنْ دُوْنِ اللّٰهِ مَا لَا يَضُرُّهُمْ وَلَا يَنْفَعُهُمْ وَيَقُوْلُوْنَ هٰٓؤُلَاۤءِ شُفَعَاۤؤُنَا عِنْدَاللّٰهِ(2)

शफाअतको दईवटा किसिम छः शफाअत मनफि र शफाअत मुस्बत ।

(1) मुश्रिक र काफिरहरू यो भनेर झगडा गर्छन कि उनीहरू यो असत्य पुज्य हरूको पुजा गर्दैनन् बस उनिहरू तर्फ नजदिकि र शफाअतको लागी मत्रै जान्छन् यसै कारण नबि सल्लल्लाहु अलैहि व सल्लमले उनिहरू सित जंग गर्नु भयो ।

(2)अल-शफाअहः शब्दकोष अनुसार मिलाउनु

शरियत अनुसार कुनै पनि दुख कष्ट दुर गर्न वा कुनै पनी फाईदा आर्जन गर्नको लागी अरू सित मदत माग्नु ।

# शफाअतको किसिमहरू

मन्फि
जसबाट कुरआनले मनाहि गरेको छ र त्यो यो हो कि अल्लाह बाहेक अरूसँग माग्नु जुन कुरामा अल्लाह बाहेक अरू कोहि पनि सक्षम छैन।
र यो ठूलो शिर्क हो।

जुन कुरामाथि सृष्टि सक्षम छ त्यो चारवटा शर्तको साथ वैध छ।
१: हजिर
२: जिवत
३: सक्षम
४: कारण

मुस्बतः जुन अल्लाह तआला सँग मागिन्छ र यसको केहि शर्तहरू रहेका छन्
१: शफाअतको लागि अल्लाह तआलाको अनुमति
२: शफाअत गर्नेवाला सँग अल्लाह तआलाको रजामन्दि
३: जसको लागि शफाअत गरिनेछ उस सँग अल्लाह तआलाको रजामन्दि

यो सार्वजनिक छ नबि, रसूल, फरिश्ता र एकेश्वरवदि र बच्चा हरू सबैको लागि।

- एकेश्वरवादिहरूको दर्जा बढाउन
- एकेश्वरवादिहरू मध्ये नर्कको भागिदार कि त्यसमा न हालियोस
- एकेश्वरवादिहरू मध्ये नर्कमा हालिएकोलाई त्यस बाट नजातको लागि

यो नबि ﷺ सँग खास छ यो अरू कसैको लागी छैन।

- जन्नतको ढोकाहरू खोल्नको लागी शफाअत
- उनको ठुलो बा अबु तालिबको पक्षमा यातनामा कमीको शफाअत
- सब भन्दा ठुलो सिफारिश

दोस्रो नियमः नबि ﷺ लाई यस्तो मान्छे हरू बिच पठाइयो जुन इबादतको मामिलामा अलग अलग बिभाजित थिए, केहि ले ईशदूत हरूको उपासना गर्थे, केहिले सन्देशवाहक र महान ब्यक्तिहरूको इबादत गर्थे त केहिले रूख बिरूवा र ढुङ्गा को इबादत गर्थे र केहिले सुर्य र चन्द्रको इबादत गर्थे त मुहम्मद ﷺ ले उनिहरू सबै सँग जङ्ग गर्नु भयो बिना कुनै तफरीक।

प्रमाणः

وَقَاتِلُوْهُمْ حَتّٰي لَا تَكُوْنَ فِتْنَةٌ وَّيَكُوْنَ الدِّيْنُ كُلُّهٗ لِلّٰهِ

सुर्य र चन्द्रको इबादत न गर्नुको प्रमाणः

وَمِنْ اٰيٰتِهِ الَّيْلُ وَالنَّهَارُ وَالشَّمْسُ وَالْقَمَرُ ۭ لَا تَسْجُدُوْا لِلشَّمْسِ وَلَا لِلْقَمَرِ وَاسْجُدُوْا لِلّٰهِ الَّذِيْ خَلَقَهُنَّ اِنْ كُنْتُمْ اِيَّاهُ تَعْبُدُوْنَ

र फरिश्ताहरूको प्रमाणः

وَلَا يَاْمُرَكُمْ اَنْ تَتَّخِذُوا الْمَلٰۗىِٕكَةَ وَالنَّبِيّٖنَ اَرْبَابًا

शफाअते मन्फिः अल्लाह बाहेक अरूसँग माग्नु जुन कुरामा अल्लाह बाहेक अरू कोहि पनि सक्षम छैन।

प्रमाणः अल्लाह को भनाईः

يٰٓاَيُّهَا الَّذِيْنَ اٰمَنُوْٓا اَنْفِقُوْا مِمَّا رَزَقْنٰكُمْ مِّنْ قَبْلِ اَنْ يَّاْتِيَ يَوْمٌ لَّا بَيْعٌ فِيْهِ وَلَا خُلَّةٌ وَّلَا شَفَاعَةٌ ۭ وَالْكٰفِرُوْنَ هُمُ الظّٰلِمُوْنَ

र शेफाअते मुस्बतः जुन अल्लाह तआला सँग मागिन्छ र शफाअत गर्नेवाला र जसको लागि शफाअत गर्ने हो उसको लागि शफाअतको अनुमति होस जो अल्लाह तआलाको आदेश र काम दईटै बाट राजि होस ततपश्चात अल्लाह तआलाको अनुमति पछि जस्तै कि अल्लाह तआलाले भन्नु भयोः

مَنْ ذَا الَّذِيْ يَشْفَعُ عِنْدَهٗٓ اِلَّا بِاِذْنِهٖ

सन्देशवाहक हरूको प्रमाणः

وَاِذْ قَالَ اللّٰهُ يٰعِيْسَى ابْنَ مَرْيَمَ ءَاَنْتَ قُلْتَ لِلنَّاسِ اتَّخِذُوْنِيْ وَاُمِّيَ اِلٰـهَيْنِ مِنْ دُوْنِ اللّٰهِ ۖ قَالَ سُبْحٰنَكَ مَا يَكُوْنُ لِيْٓ اَنْ اَقُوْلَ مَا لَيْسَ لِيْ ۗ بِحَقٍّ ۗ اِنْ كُنْتُ قُلْتُهٗ فَقَدْ عَلِمْتَهٗ ۖ تَعْلَمُ مَا فِيْ نَفْسِيْ وَلَآ اَعْلَمُ مَا فِيْ نَفْسِكَ ۖ اِنَّكَ اَنْتَ عَلَّامُ الْغُيُوْبِ

र महान ब्यक्तिहरूको प्रमाणः

اُولٰٓئِكَ الَّذِيْنَ يَدْعُوْنَ يَبْتَغُوْنَ اِلٰى رَبِّهِمُ الْوَسِيْلَةَ اَيُّهُمْ اَقْرَبُ وَيَرْجُوْنَ رَحْمَتَهٗ وَيَخَافُوْنَ عَذَابَهٗ

र बोट बिरूवा तथा ढुङ्गा हरूको प्रमाणः

اَفَرَءَيْتُمُ اللّٰتَ وَالْعُزّٰى وَمَنٰوةَ الثَّالِثَةَ الْاُخْرٰى

र अबु वाकिद लैसि रजयल्लाहु अन्हु को हदिसमा छ उहाँ भन्नु हुन्छ किः हामि नबि ﷺ को साथमा हुनैन नामक ठाउँ तर्फ नस्क्यौँ र हामी भख्खर भख्खर कुफ्र बाट निस्केर इस्लाम तर्फ आएका थियौँ र मुश्रिकीन हरूको लागि एउटा रूख थियो जहाँ उनीहरू आराम गर्थे र आफ्नो हतियार पनि त्यसमा झुण्याउँथे त्यसलाई जाते अन्वात भनिन्थ्यो, त हामी त्यस ठाउँबाट जदाँ खेरी ﷺ सँग भन्यौँ किः हे अल्लाहको रसूल हाम्रो लागी पनि तिनीहरू सँग भएको जस्तै पनि एउटा जाते अन्वात निर्धारित गरि दिनुहोस्........ (हदीस)

चौथो नियमः हाम्रो जमानाको मुश्रिकहरू पहिलेका मुश्रिकहरू भन्दा बद्तर छन् किन कि पहिलेका मुश्रिकहरू त सुखको हालतमा मात्र शिर्क गर्थे र दुखमा बच्थे, तर हाम्रो जमानाको मुश्रिकहरू त हरेक हालतमा शिर्क गर्छन् प्रमाण अल्लाह तआलाको भनाईः

فَإِذَا رَكِبُوْا فِي الْفُلْكِ دَعَوُا اللّٰهَ مُخْلِصِيْنَ لَهُ الدِّيْنَ ك فَلَمَّا نَجّٰـهُمْ اِلَى الْبَرِّ اِذَا هُمْ يُشْرِكُوْنَ

(1) लेखक महोदयले वर्तमान कालको मुश्रकहरूको तरीका प्रश्ट पार्नु भएको छ कि इनिहरू शिर्कमा पहिलेका भन्दा बढि कट्टर र बद्तर छन् किन कि हाम्रो जमानाको मुश्रिकहरू त हरेक हालतमा शिर्क गर्छन् तर पहिलेका मुश्रिकहरू त सुखको हालतमा मात्र शिर्क गर्थे र दुखमा एकेश्वरवाद लाई नै मान्थे।

तसर्थ त्यो काफिरहरू जसतर्फ मोहम्मद ﷺ लाई अल्लह तआलाले पठाउनु भयो तिनिहरूको शिर्क त कम थियो तर पनि उनिहरूले अल्लाहको इन्कार गरे त यो काफिर हरूको के कुरो गर्नु जो सुख र दुख सबैमा कुफ्र गर्छन् ! त इनिहरू त उत्तम दर्जाको काफिर हुन्।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कवाइदुल अरबा यो कश्फुश्शुब्हात किताब को छोटकरि हो | प्रवेशिका | विषय सुचि | | कृपा पनी परिक्षा हो यसको प्रमाणः وَنَبْلُوكُمْ بِالشَّرِّ وَالْخَيْرِ فِتْنَةً وَإِلَيْنَا تُرْجَعُوْنَ | नेमतमा कृतज्ञयता | तौहीदे रूबुबियतको सम्बन्धमा | जन्नत अल्लाह बाहेक अरू कोहि सित माग्नु हुन्न किन कि जन्नतको मालिक एक मात्र अल्लाह नै हुन यहि मामिला रिज्कको पनि छ कि अल्लाह बाहेक कसै सित माग्नु हुन्न त्यसैले अल्लाह तआला सँग सम्बन्ध गाँस्नु पर्छ न कि अरू सित। |
| | | | | | | तौहिदे उलूहियतको सम्बन्धमा | दिलबाट धन्यबाद ज्ञापन गर्नुः यो कुर स्विकार गर्दै कि हरेक किसिमको कृपा अल्लाह कै तर्फबाट हो अरू कसैको तर्फबाट हैन। |
| | | | | | | | जिब्रो बाट कृतज्ञयता गर्नुः هٰذَا مِنْ فَضْلِ رَبِّيْ لِيَبْلُوَنِيْٓ ءَاَشْكُرُ اَمْ اَكْفُرُ |
| | | | | | | | शारिरिक अंगबाट कृतज्ञयता गर्नुः हरेक नेमतको कृतज्ञयता गर्ने तरीका फरक छ जस्तै धन-माल को कृतज्ञयता अल्लाह तआलाले निर्धारित गर्नु भएको बाटोमा खर्च गर्नु र ज्ञानको कृतज्ञयता यो हो कि जसले ज्ञान हासिल गर्न चाहन्छ उसलाई सिकाउनु। |
| | | | | दुखको घडिमा मान्छेहरूको ब्यवहार | | | असन्तुष्टः यो ठुलो गुनाह हो र कहिले काहि त यो शिर्क सम्म पुगि हाल्छ र असन्तुस्टि दिल जिब्रो र शारीरिक अंगबाट हुन्छ। |
| | | | | | | | धैर्य गर्नेवालाः दिल, जिब्रो र शारीरिक अंग सबै बाट सब्र गर्न अनिवर्य छ। |

| | |
|---|---|
| | |
| खुशिः यो मुस्तहब हो अर्थात यस्तो गरेको राम्रो हो, यो सोच्दै कि मलाई पुगेको हरेक कुर अल्लाह तआला कै तर्फबाट हो र अल्लाह तआला आफ्नो भक्तहरूको लागी जे गर्नु राम्रो गर्नु हुन्छ। | |
| कृतज्ञयता गर्नेवालाः कृतज्ञयता गर्नेवाला सब भन्दा प्रिय र हुन्छ र उसकै दर्जा सब भन्दा उच्च रहेको छ। जब गलति हुन्छ त माफि माग्दछ | |
| अल-हनीफियाः इब्राहीमको मार्ग, निशन्देह अल्लाह तआलाले तिमीलाई आफ्नो उपासनाको लागी सृष्टि गर्नु भएको छ र तौहीद बिनाको इबादतलाई इबादत भन्न सकिन्न र शिर्क गरेमा सबै इबादतहरू भ्रष्ट हुन्छ र शिर्क गर्ने वाला हमेशाको लागी नर्कको भागिदार भइहाल्छ त्यस कारण यसको बारेमा ज्ञान जरूरी छ। | चार वटा काएदा |
| पहिलो कायदाः मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम सँग लडाई गर्ने काफिरहर तौहीदे रूबुबियत त मान्दथे तर तौहिदे उलुहियत मान्थेनन् तसर्थ तिनीहरूको यो आस्थाले उनिहरूलाई इस्लाममा ल्याएन। | |
| दोस्रो कायदाः काफिरहरू इश्वर सँग नजिक हुनको लागि वा शेफारिश पाउनको लागि मुर्ति पुजा गर्दथे। | |
| तेस्रो कायदाः नबि सल्लल्लाहु अलैहि व सल्लम लाई जुन समुदाय तर्फ पठाइयो तिनीहरू इबादतको मामीलामा अलग अलग बिभाजित थिए तर शिर्कको मामिलामा एक थिए। | |

# परिक्षा

नाम .      ........................................................................................

कति याद गर्नु भयोः...........................................................................................

चार वटा कायदा मध्ये कति कायदा याद गर्नु भयो...........................................

| अमल | कुरआन र कुन्नत बाट प्रमाण |
|---|---|
| परिक्षा स्वरूप कृपा | |
| काफिरहरू तौहिदे रूबुबिगत मान्दथे | |
| नजदिकि माग्नु | |
| मन्फि शफाअह | |
| सुर्य र चन्द्र को प्रमाण | |
| फरिश्ता हरू बारे प्रमाण | |
| सन्देश्टाहरू बारे प्रमाण | |
| नेक मान्छे हरूको प्रमाण | |
| काठ र ढुगाको बारेमा प्रमाण | |
| शिर्क गर्ने वालाहरू आफतमा एक अल्लाहको इबादत गर्छन र आसानिमा शसर्क गर्छन | |
| शिर्कको प्रमाण | |

तल दिइएको मसाइलको बारेमा लेख्नुसः

| | |
|---|---|
| **हामी तौहिको बारेमा किन पढनु पर्छ ?** | -2 -1<br>-4 -3 |
| | -8 -7 -6 -5<br>-9 |
| **चार वटा कायदाको बारेमा किन पढनु पर्छ ?** | -1<br>-2 |
| | -4 -3 |
| **चार वटा कायको किसिम :** | -2 -1<br>-3 |
| खुलासा | |
| | |
| विषय सुचि ? | -2 -1<br>-3 |
| अल हनिफिया भनेको के हो ? | |
| यो पढनुको फाइदा के हो ? | |
| अल्लाहको वलि को हुन् ? | |
| यसको प्रमाण | |
| कृपाको धन्यवाद कसरि ज्ञापन गर्ने ? | -1 |
| | -2 |
| | -3 |
| भक्तको नाता इश्वर सित कसरी हुन सक्छ? | |
| आफतको बेला मान्छेहरूको ब्वयहार | |
| | |
| | -4 -3 |
| शेफाअत भनेको के हो ? | : |
| शेफाअतको किसिम | -2 -1 |
| शेफाअतको शर्तहरू ? | -3 -2 -1 |
| | |
| | |
| पहिलो कायदा | |
| | |
| दोस्रो कायदा | |
| | |

| | |
|---|---|
| तेस्रो कायदा | |
| | |
| चौथो कायदा | |
| | |
| त्यस अमलको बारेमा आदेश जसमा शिर्क शामेल छ | |

# विषय सुचि



| तिन वटा उसूल र त्यसको प्रमाण | | |
|---|---|---|
| 1 | प्रवेशिका | |
| 2 | चार वटा मसाएल | |
| 3 | तीन वटा मसाएल | |
| 4 | तौहीदको बारेमा ज्ञानको महत्व | |
| 5 | तीन वटा उसूल | |
| 6 | समाप्ति | |
| 7 | छोटकरीमा ब्याख्याको सुचि | |
| 8 | परिक्षा | |

# شرح متن
# نواقض الإسلام

## इस्लाम बाट खारिज गर्ने कुराहरूको व्याख्या


لإمام الدعوة شيخ الإسلام

محمد بن عبد الوهاب بن سليمان التميمي

رحمه الله وأسكنه فسيح جناته

اعتني به فضيلة الشيخ

هيثم بن محمد جميل سرحان

المدرس بمعهد الحرم بالمسجد النبوي -سابقا-

والمشرف علي موقع التأصيل العلمي

http://attasseel-alelmi.com


غفر الله له ولوالديه ولمن أعانه علي إخراج هذا الكتاب


अनुवादक:

रिजवानुल्लाह बिन अब्दुल मन्नान सेराजि

मदिना विश्वविधालय साउदि अरब

# इस्लाम बाट खारिज गर्ने कुराहरू

**शैखुल इस्लाम मुहम्मद बिन अब्दुल वह्हाब रहिमहुल्लाह भन्नु हुन्छ किः स्मरण रहोस कि इस्लाम बाट खारिज गर्ने कुराहरू 10 वटा रहेका छन् ।**

**पहिलोः** (शिर्क) इबादतमा अल्लाह तआला सँग कसैलाई साझि बनाउनू जस्तै कि अल्लाह तआलाले भन्नु भयोः إِنَّ اللَّهَ لَا يَغْفِرُ أَنْ يُشْرَكَ بِهِ وَيَغْفِرُ مَا دُونَ ذَٰلِكَ لِمَنْ يَشَاءُ
अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भयोः إِنَّهُ مَنْ يُشْرِكْ بِاللَّهِ فَقَدْ حَرَّمَ اللَّهُ عَلَيْهِ الْجَنَّةَ وَمَأْوَاهُ النَّارُ ۖ وَمَا لِلظَّالِمِينَ مِنْ أَنْصَارٍ सुरह माइदा आयत72
र यसै गरि अल्लाह बाहेक मुर्दा वा जिन्न र शैतान हरूको लागी बलिदान दिनु पनि शिर्क हो ।

**दोस्रोः** जसले अल्लाह र आफु बिच अरूलाई राखेर उसैसँग दुवा माग्यो वा समस्याको समाधान गर्न आग्रह गर्यो वा शेफाअतको लागि शिफारिस गर्यो वा उसैमाथि हरेक मामिलामा भरोसा गर्यो (अर्थत त्यो कुराहरू माग्यो जसमा अल्लाह बाहेक अरू कोहि पनि सक्षम छैन) भने त्यो पनि काफिर हो ।

**तेस्रोः** जसले काफिर हरूलाई काफिर मन्दैन वा उनिहरूको कुफ्रमा शंका रख्छ कि यो कुफ्र हो कि हैन भनेर वा उनिहरूको बाटो लाई सहि मान्दछ भने त्यो पनि काफिर हो ।

**चौथोः** जसले यो मान्यता रख्दछ कि अरूको मार्गदर्शन मुहम्द ﷺ को मार्गदर्शन भन्दा राम्रो र उत्तम छ वा अरूको आदेश उहाँको आदेश भन्दा राम्रो छ जस्तै कि तागूतको आदेशलाई मुहम्द सल्लल्लाहु अलैहि व सल्लमको आदेश माथि राख्ने वालाहरू, त यस्तो मान्यता राख्ने वालाहरू पनि काफिर हुन ।

**पाँचौः** जसले मुहम्मद ﷺ को कुराहरू मध्ये केहि कुरालाई मन पराउँदैन चाहे त्यो त्यस माथि अमल पनि गरी राखोस, त्यो पनि काफिर हो ।

**छैठौः** जसले मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम ले ल्याउनु भएको कुनै कुराको मजाक उडाउँछ वा अल्लाह तआलाको कुनै आदेशको मजाक उडाउँछ भने त्यो पनि काफिर हो।

जस्तै अल्लाह तआलाले भन्नु भयोः قُلْ اَبِاللّٰهِ وَاٰيٰتِهٖ وَرَسُوْلِهٖ كُنْتُمْ تَسْتَهْزِءُ وْنَ لَا تَعْتَذِرُوْا قَدْ كَفَرْتُمْ بَعْدَ اِيْمَانِكُمْ सुरह तौबाः 65-66

सातौः जादु, जसले जादु गर्यो वा त्यसबाट राजि भयो त्यसले कुफ्र गर्यो

प्रमाणः وَمَا يُعَلِّمٰنِ مِنْ اَحَدٍ حَتّٰى يَقُوْلَآ اِنَّمَا نَحْنُ فِتْنَةٌ فَلَا تَكْفُرْ

सुरह बकरह आयत 102

आठौः मुस्लिम बिरूद्ध मुश्रिकीनहरूको मदत गर्नु।

प्रमाणः وَمَنْ يَّتَوَلَّهُمْ مِّنْكُمْ فَاِنَّهٗ مِنْهُمْ اِنَّ اللّٰهَ لَا يَهْدِي الْقَوْمَ الظّٰلِمِيْنَ

सुरह माइदाः 51

नवौः जसले यो मान्यता राख्दछ कि केहि मान्छे हरूलाई शरियते इस्लामबाट हटेर मनमानि गर्ने अख्तियार दिईएको छ जस्तै कि हजरत खिजिर अलैहिस्सलामले गर्नु भयो भने त्यो मान्छे पनि काफिर हो।

दसऔः जो इसलाम धर्म बाट पन्छिन्छ, न त त्सलाई सिक्ने कोशिस गर्छ न त्यस माथि अमल गर्छ।

प्रमाणः وَمَنْ اَظْلَمُ مِمَّنْ ذُكِّرَ بِاٰيٰتِ رَبِّهٖ ثُمَّ اَعْرَضَ عَنْهَا ۭ اِنَّا مِنَ الْمُجْرِمِيْنَ مُنْتَقِمُوْنَ

सुरह अस्सज्दहः 22

यो सब मध्ये कुनैमा पनि केहि फरक छैन चाहे मजाकमा गरियोस वा गम्भिरता पुर्वक, तर यदि कसै बाट बलापुर्वक गराइन्छ र उसले गर्न न चाहे पनि गर्नै पर्यो भने त्यसको कुरा छुट्टै छ। र यो सबै ठुला घातक कुराहर हुन जसमा मान्छेहरू धेरैजसो लिप्त भइ हाल्छन् त्यसैले मुस्लिमहरू यो सब बाट बच्न जरूरी छ र आफु पनी आफ्नो ज्यानलाई यी कुराहरू बाट बचाउन जरूरी छ। हामी यी सबै घातक कुराहरू बाट र अल्लाह तआलाको प्रकोप बाट अल्लाह कै शरण माग्दछौं

# ब्याख्या

## लेखकको प्रवेशिका

स्मरण होस निसन्देह इस्लम बाट खारिज गर्ने कुराहरू 10 वटा रहेका छन् ।

बिद्वानहरू आफ्नो लेखको शुरूवात बिस्मिल्लाह बाट किन गर्छन् ?

- कुरआन तथा नबी र रसूल हरूको अनुशरण गर्न ।
- हदिस माथि अमल यधपि यस हदिस केहि कमजोरि छ
- पुर्व बिद्वानहरूको तरीका यहि हो
- अल्लाह तआलाको नाम बाट शुरू गर्नमा अल्लाह को कृपा हुन्छ ।

**यदि कुरआन र हदीसमा यो सबको संख्या निर्धारित भएको भए**

यदि कुरआन र हदीसमा यसको संख्या निर्धारित छ भने त्यस माथि केहि थप्न सकिन्न जस्तै कि अर्कोने इस्लाम र अर्कोने इमान जसको वर्णन हदिसे जिब्रिलमा छ ।

र यदि कुरआन र हदीसमा यसको संख्या निर्धारित छैन तर त्यसको मफहुमहरू बताइएको भने त्यस मफहूम अनुसार थप्न सकिन्छ जुन कुरआन र हदीस अनुसार छ जसतै कि नबि सल्लल्लाहु अलैहि व सल्लम ले भन्नु भयो: **पाँच वटा काम गर्नु प्राकृतिक प्रचलन मध्ये हो....** र यस्तै एउटा अर्को ठाउँमा भन्नु भयो: **सात वटा विनाशकारी कुरा हरू बाट बच्नु....**

**किन कहिले काहि मफहुम न बताई निर्धारित संख्या बताइन्छ ?**

यो हाम्रो नबि सल्लल्लाहु अलैहि व सल्लमको तालिम सिकाउने अन्दाज मध्ये एक अन्दाज हो ताकि सुन्ने वाला राम्रो सँग याद गरिहालोस।

**इस्लाम बाट खारिज गर्ने कुरोहरू हामि किन पढ्नु पर्छ ?**

ताकि हामि त्यस बाट बच्न सकौँ र यसैमा फाईदा छ बरू यो भनम कि सब भन्दा बढि फाईदा यसैमा छ, जस्तै कि हामि वजु भङ्ग गर्ने र नमाज भङ्ग गर्ने कुराहरूको बारेमा पढछौँ ताकि हाम्रो वजु र नमाज भङ्ग न होस, जस्तै कि होजैफा बिन यमान रजियल्लाहु अन्हु द्वारा वर्णित हदिसमा छ उहाँ भन्नु हुन्छ कि मान्छेहरू रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लम सँग भलाई को कुरा हरू सोध्ने गर्थे र म बुराई को कुराहरू सोध्ने गर्थे यो डरले कि कतै म नै त्यसमा न परिहालँ।

**इस्लाम बाट खारिज गर्ने कुराहरू भनेको के हुन् ?**

यो ति कुराहरू हुन जुन जसले मान्छेलाई इस्लाम बाट निकालेर ठुलो कुफ्रको दाएरामा लग्दिन्छ र इस्लाम भनेको: **अल्लाह लाई एक मान्दै आफ्नो सारा इच्छा अकान्छा अल्लाह लाई नै समर्पित गर्दै उनको अनुशरण गर्नु र शिर्क तथा मुश्रिक हरू सित टाढा बस्नु।** यसको मतलबः जसले मुस्लिमलाई इस्लाम बाट निकालेर कुफ्रमा पुर्याइ दिन्छ, अल्लाह तआला ले हामि सबैलाई यसबाट बचाउन्।

**बिद्वान हरूले यसलाइ बिभिन्न नामले किन नामाङ्कन गर्छन् ?**

ताकि यसको हरेक प्रकार थाहा भइ हालोस तर वास्तवमा यो सबै एउटै हुन।

**के यो सब इस्लाम बाट खारिज गर्दिने कुरामा बिद्वानहरू एकमत छन् ?**

हो एकमत छन्

**के यसको संख्या निर्धारित छ ?**

हैन यसको संख्या निर्धारित छैन।

**त दस वटा छ भनेर किन भन्नु भयो ?**

किन कि यो सबै भन्दा घातक हुन त्यसैले यो बताइयो ताकि यस बाट बच्न सजिलो होस्।

**के इस्लाम बाट खारिज गर्ने कुराहरूलाई छोटकरिमा बताउन सकिन्छ ?**

| | | | |
|---|---|---|---|
| जिब्रोले अल्लाह तआला लाई वा नबि स. लाई वा धर्म लाई गालि गर्नु | काम मध्ये जादु | आस्था: अल्लाह तआला बाहेक अरूलाई पनि उनकै जस्तो शक्तिशाली ठान्नु। | यहुद र नसारा तथा मुश्रिकहरूको कुफ्रमा शक गर्नु जसलाई नबिको दावाह पुग्यो तर उसले कुबूल गरेन। |

**के नबि सल्लल्लाहु अलैहि व सल्लमले यो दस वटा बयान गर्नु भाछ ? त्यसको प्रमाण ?**

हो नबि सल्लल्लाहु अलैहि व सल्लमले यो दस वटा बयान गर्नु भाछ र यी सबै कुराहरूको प्रमाण कुरआन र सुन्नतमा छ, अल्लाह तआलाले भन्नु भयो:

وَكَذٰلِكَ نُفَصِّلُ الْاٰيٰتِ وَلِتَسْتَبِيْنَ سَبِيْلُ الْمُجْرِمِيْنَ सुरह अल-अनआम 55

**कसैले यस मध्ये कुनै काम गर्यो त के उस माथि हामिले कुफ्रको फतवा लगाउने ?**

हैन ठुला बिद्वानहरू तर्फ वा शरिया कोर्ट तर्फ रुजु गर्नु पर्छ जसलाई यो सबको पुर्ण ज्ञान छ, नबि सल्लल्लाहु अलैहि व सल्लम ले भन्नु भयो: जस कसैले आफ्नो भाईलाई काफिर भनेर सम्बोधन गर्यो भने त्यो दुइटै मध्ये एक जना त्यसको भागिदार भइ हाल्छ,,,

**इस्लाम बाट खारिज गर्ने कुराहरूको बारेमा क-कसले लेखेका छन् ?**

फिक्ह को बारेमा लेख्नेहरू सबैले यसको बारेमा लेखेछन् तर यो लेखक महोदय पहिलो हुनुहुन्छ जसले यसको बारेमा छुट्टै किताब लेख्नु भयो।

**के इस्लाम बाट खारिज गर्ने काम र यो काम गर्ने ब्यक्ति बिच फरक छ ?**

अवश्य किनकि जरूरी छैन कि कुफ्रमा पर्ने हरेक ब्यक्ति माथि कुफ्र लागु भइ हालोस किन कि त्यस ब्यक्तिको त्यो काम प्रश्ट न भए सम्म र उसमाथि सबै प्रमाण प्रमाणित न भए सम्म त्यस माथि हुक्म लगाउन सकिन्न र लेखक महोदयको उद्देश्य ब्यक्तिहरू माथि कुफ्रको फतवा लगाउनु हैन बल्कि यो सब बाट बचाउन उद्देश्य हो।

## जसले यो सबको बारेमा ज्ञान प्राप्त गर्यो उसमाथि के जिम्मेवारि छ ?

मुस्लिम माथि यो अनिवर्य छ कि आफु पनी त्यस बाट टाठा होस र अरू लाई पनि त्यस बाट बचाओस तर कुनै मन्छे माथि हुक्म लगाउनको लागि बिद्वानहरू तिर रूजु गरोस ।

अल्लाह तआला ले कुरआनमा भन्नु भयोः

لَقَدْ جَآءَكُمْ رَسُوْلٌ مِّنْ اَنْفُسِكُمْ عَزِيْزٌ عَلَيْهِ مَا عَنِتُّمْ حَرِيْصٌ عَلَيْكُمْ بِالْمُؤْمِنِيْنَ
رَءُوْفٌ رَّحِيْمٌ فَاِنْ تَوَلَّوْا فَقُلْ حَسْبِيَ اللّٰهُ لَآ اِلٰهَ اِلَّا هُوَعَلَيْهِ تَوَكَّلْتُ وَهُوَ رَبُّ
الْعَرْشِ الْعَظِيْمِ

सुरह तौबा 128-129

## इस्लाम बाट खारिज गर्ने पहिलो कुरा

इबादतमा अल्लाह तआलाको साझि बनाउनु, अल्लाह तआला ले कुरआनमा भन्नु भयो:
اِنَّ اللّٰهَ لَا يَغْفِرُ اَنْ يُّشْرَكَ بِهٖ وَيَغْفِرُ مَا دُوْنَ ذٰلِكَ لِمَنْ يَّشَآءُ
र एउटा अर्को ठाउँमा भन्नु भयो:
اِنَّهٗ مَنْ يُّشْرِكْ بِاللّٰهِ فَقَدْ حَرَّمَ اللّٰهُ عَلَيْهِ الْجَنَّةَ وَمَاْوٰىهُ النَّارُ ۖ وَمَا لِلظّٰلِمِيْنَ مِنْ اَنْصَارٍ
र यसमा अल्लाह बाहेक अरू कसैको लागी जबह गर्नु पनि शामिल छ जस्तै कि जिन्न वा मुर्दाको लागि जबह गर्नु।

## शिर्कको किसिमहरू

| ठुलो शिर्क | स्यानो शिर्क |
| --- | --- |
| (लेखक महोदयले पनि यहि शिर्कलाइ प्रश्टयाउन खोज्नु भएको हो) यो भनेको अल्लाह बाहेक अरूपनी नाफा नुकसान को मालिक वा संसारिक ब्यवस्थामा हेरफेर गर्न सक्ने छन् भन्ने आसथा राख्नु हो। | यो भनेको यस्तो कुरो लाई माध्यम बनाउनु जसलाई अल्लाह तआलाले माध्यम बनाउनु भएको छैन र हरेक त्यो वसिला जुन ठुलो शिर्के सम्म पुर्याउँछ त्यो सानो शिर्क हो। |
| यस्तो आस्था राख्ने इस्लाम बाट खारिज हुन्छ त्यसको सबै कर्महरू बेकार भइ हाल्छन् हाकिम नजिक उसको ज्यान माल हलाल हुन्छ (यदि इसलामी शरिया कानून लागु छ भने) र त्यो सदाको लागी नर्कको भागिदार हुनेछ यदि उसले गरेको काम शिर्के अक्बर हो भने यदि अरबिमा त्यस शिर्क वा कुफ्रलाई अल को साथ बयान गरीएको छ भने त्यो ठुलो मध्ये हो। | यस्तो आस्था राख्ने इस्लाम बाट खारिज त हुदैन तर त्यसको केहि खास कर्महरू बेकार भइ हाल्छन् तर हाकिम नजिक उसको ज्यान माल हलाल छैन (यदि इसलामी शरिया कानून लागु छ भने) नर्कमा जान्छ तर सदाको लागी नर्कको भागिदार हुनेछैन यदि उसले गरेको काम शिर्के असगर हो भने यदि अरबिमा त्यस शिर्क वा कुफ्रलाई अल को साथ बयान गरीएको छैन भने त्यो स्यानो मध्ये हो। |

## के ठुलो शिर्क माफ हुन्छ ?

यदि मृत्यु यस्तो हालतमा भयो कि उ ठुलो शिर्क गर्थ्यो भने माफ हुदैन किन कि अल्लाह तआलाले भन्नु भयोः إِنَّ اللّٰهَ لَا يَغْفِرُ أَنْ يُّشْرَكَ بِهٖ तर यदि मृत्यु भन्दा पहिला प्राश्चित गर्यो भने माफ हुन सक्छ।

प्रमाणः قُلْ يٰعِبَادِيَ الَّذِيْنَ أَسْرَفُوْا عَلٰٓي أَنْفُسِهِمْ لَا تَقْنَطُوْا مِنْ رَّحْمَةِ اللّٰهِ ۚ إِنَّ اللّٰهَ يَغْفِرُ الذُّنُوْبَ جَمِيْعًا ۚ إِنَّهٗ هُوَ الْغَفُوْرُ الرَّحِيْمُ (सुरह जुमर 53) र यो माफि सुर्य पश्चिम तिर बाट उदाउन भन्दा पहिला पहिला माग्नु पर्छ। र यस्तै गरि अल्लाह तआलाले कुरआनमा भन्नु भयोः وَلَيْسَتِ التَّوْبَةُ لِلَّذِيْنَ يَعْمَلُوْنَ السَّيِّاٰتِ ۚ حَتّٰى إِذَا حَضَرَ أَحَدَهُمُ الْمَوْتُ قَالَ إِنِّيْ تُبْتُ الْـٰٔنَ

## अवैध कुरा हरूको किसिमः

| सानो पापहरू | ठुला पापहरू | सानो शिर्क | ठुलो शिर्क |
|---|---|---|---|
| हरेक त्यो कार्य जसलाई गर्नबाट रोकिएको छ तर त्यसको लागि कुनै सजाय निर्धारित गरिएको छैन। | हरेक त्यो गुनाह जसको सजाय निर्धारित गरिएको छ वा लानत र फटकार लगवइएको छ वा त्यो गर्ने वालाहरू बाट टाढा बस्ने आदेस दिइएको छ वा त्यसको तुलना न राम्रो जनावर बाट गरिएको छ। | यो ठुलो बाहेक हो | र यो सब भन्दा घातक हो |

| यसको बारेमा आदेशः | दर्जा | यस्तो कार्य गर्ने मानिसको हुक्मः | त्यसको संख्याः |
|---|---|---|---|
| यस्तो काम बाट तौबा गर्न जरूरी छ जुनकि हदीस बाट साबित छ। | बिभिन्न दर्जामा बिभाजित छ जस्तै कि नबि स. ले भन्नु भयो अक्बरूल कबाएर अर्थात ठुलो पापहरू मध्ये सबै भन्दा ठुलो पाप | कमजोर इमान भएको मोमिन, इमान त छ तर गलत कामहरू गर्छ त्यसलाई उसको इमान अनुसार माया र गलति अनुसार घृणा गर्नु पर्छ उसको ठुलो पापहरू गर्नुको कारण उसलाई समाजमा बस्न दिनु हुन्न। | संख्या निर्धारित छैन |

## जबहको किसिमहरू

**अल्लाहको लागिः**
र यो शरियतले तोकेको छ जस्तै कुर्बानि वा सदका वा हदिय अर्थात हज्ज उम्रा हरूमा भएको गलतिको जरिवाना स्वरूप ।

**अल्लाह बाहेक अरूको लागी उसको मायामा वा सम्मानमाः**
यो ठुलो शिर्क हो जस्तै कि जिन्नात वा मुर्दाको लागि जबह गर्नु ।

**जाएजः**
जस्तै कि पाहुनाको सत्कार वा ब्यापारको लागि ।

## इस्लाम बाट खारिज गर्ने दोस्रो कुरा

जसले आफु र अल्लाह तआला बिच कसैलाई माध्यम बनाइ उनिहरू सँग अल्लाह तआला कहाँ आफ्नो लागि सिफारिश गर्न अनुरोध गर्छ र उसैमाथि भरोसा गर्छ भने उसले क़ुफ्र गर्यो।

### शफाअतको किसिम ?

**जसमा अल्लाह तआला बाहेक कोहि पनि सक्षम छैन:**

**जुन साबित छैन**

र लेखक महोदय यहि बताउन चाहदै हुनुहुन्छ कुरआमा जसबाट रोकिएको छ र त्यो यो हो कि जस कुरामा अल्लाह बाहेक अरू कोहि पनु सक्षम छैन र यो ठुलो शिर्क हो।

**शरियतमा साबित:**

जुन अल्लाह तआलाले बताउनु भएको छ, त्यस बाहेक अरू कसै सित माग्न मनाहि छ र यसको केहि शर्तहरू छन्

1 अल्लाह तआलाको तर्फबाट साबित होस

2 सिफारिश गर्ने वाला सित अल्लाह तआला राजि हुनु पर्यो

3 जसको लागि शिफारिश गरिदै छ त्यस सँग अल्लाह राजि होस।

**जसमा आम मानिस सक्षम छ र त्यो चार वटा शर्तको साथ जाएज छ:**

**त्यो मान्छे हाजिर होस**

**जिवित होस**

**सक्षम होस**

**त्यो शरियत अनुसार जाएज होस।**

**त्यो सिफारिश हरू जुन नबि ﷺ को लागि खास छ**

1- कयमतको दिनको त्यो मशहूर सिफारिश

2- त्यो सिफारिश जुन उहँले आफ्नो काका अब्दुल मुत्तलिब माथि अजाबलाई हल्का गर्नको लागि गर्नु भयो।

3- जन्नतको ढोकाहरू खोल्नको लागि सिफारिश।

**त्यो सिफारिश जुन नबि वलि फरिश्ता र मोवह्हिदीनको लागि आम छ:**

1-एकेश्वरवादि हरूको दर्जा बुलन्द गर्नको लागि सिफारिश

2- र त्यो एकेश्वरवादिहरूको लागि सिफारिश जो जहन्नममा जाने लाएक छन् ताकि उनिहरू बचिहालुन

3- जो एकेश्वरवादि जहन्नममा गई सकेका छन् तिनिहरूको नजातको लागि सिफारिश

**के कुनै मान्छेको लागि यो जाएज छ कि उ कसैसँग भनोस कि मेरो लागि दुवा गरिदिनु ?**

यदि कुनै जिवित, हाजिर र सक्षम मान्छे सँग गरिएको छ भने जाएज छ तर यस्तो न गरेको ठिक हो।

तवक्कुलः

अल्लाह तआला मथि पुरा भरोसा गर्नु त्यो सब माध्यम हरू अपनाएर जुन शरियतमा साबित छ

**यदि अल्लाह तआला बाहेक अरू कसैको लगि यो गरियो भने ठुलो शिर्क हो जस्तै किः**

पुरा भरोसा उसमाथि नै गर्नु यो मान्यताको साथ कि उसको वशमा पनि नाफा र घाटा छ जस्तै केहि मानिसहरूले मुर्दा माथि गर्छन।

**स्यानो शिर्कः**

जिवित मान्छे माथि यस्तो भरोसा गर्नु कि जस्तो कि रोजि रोटि को मामिलामा गरिन्छ तर यो आस्थाको साथ कि त्यो माध्यम भन्दा पनि ठुलो र महत्वपर्ण छ।

**जाएजः**

जिवित मान्छे माथि भरोसा गर्नु त्यो उसलाई त्यो मामिलामा हेरफेर गर्ने अधिकार दिइएको छ जस्तै कि कसैलाई किन-बेच को काममा हुन्छ।

कसैलाई यो भन्नु कि फलानो माथि भरोस गर, वा अल्लाह पछि फलानो माथि भरोसा गर, कुन सहि छ ?

न त फलानो माथि भरोसा गर भन्नु ठिक छ न त अल्लाह पछि फलानो माथि भरोसा गर भन्नु नै, किन कि यो सब दिलको अमलहो जुन अल्लाह बाहेक कसैको लागि ठिक छैन। बरू यसो भन्नु पर्छ कि फलानो लाई यस कामको जिम्मेवारि दिएँ, नबि सल्लल्लाहु अलैहि व सल्ल्मले पनि केहि सहाबा हरूलाई कुनै कुनै जिम्मेवारि दिनु भएको थियो।

## इस्लाम बाट खारिज गर्ने तेस्रो कुरा:

**जसले मुश्रिकीनहरूको कुफ्रलाई कुफ्र भनेन वा उनिहरूको कुफ्रमा शंखा गर्यो वा उनिहरूको तरिकालाई सहि मान्यो त त्यसले कुफ्र गर्यो।**

### मुश्रिकको बारेमा इस्लामको आदेश:

**हरेक त्यो मन्छे जसलाई इस्लामको दावत पुग्यो र त्यसले त्यो कुरा माथि इमान ल्यएन भने त्यो काफिर हो र उसले ठुलो कुफ्र गर्यो।**

**अल्लाह तआलाले भन्नु हुन्छ:**

وَمَنْ يَّبْتَـغِ غَيْرَ الْاِسْلَامِ دِيْنًا فَلَنْ يُّقْبَلَ مِنْهُ ۚ وَهُوَ فِي الْاٰخِرَةِ مِنَ الْخٰسِرِيْنَ **सुरह 3 आयत 85**

**के अहले किताब हरू पनि मुश्रिकमा शामिल छन् ?**

**अवश्य; ति अहले किताब त्यसमा शामेफ छन् जसले नबि सल्लल्लाहु अलैहि व सल्लमले ल्याउनु भएको शरियत माथि इमान ल्याएनन् जसको प्रमाण अल्लाह तआलाको यो भनाइ हो**

قَاتِلُوا الَّذِيْنَ لَا يُؤْمِنُوْنَ بِاللّٰهِ وَلَا بِالْيَوْمِ الْاٰخِرِ وَلَا يُحَرِّمُوْنَ مَا حَرَّمَ اللّٰهُ وَرَسُوْلُهٗ وَلَا يَدِيْنُوْنَ دِيْنَ الْحَقِّ مِنَ الَّذِيْنَ اُوْتُوا الْكِتٰبَ حَتّٰى يُعْطُوا الْجِزْيَةَ عَنْ يَّدٍ وَّهُمْ صٰغِرُوْنَ **सुरह 9 आयत 29**

**र नबि सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भयो: त्यस (अल्लाह) को कसम जसको हतमा मोहम्मद ﷺ को प्राण छ, यस उम्मतको जो कोहि यहुदि अथवा नसरानीले मेरो कुरो सुन्यो रऊ म माथि इमान न ल्याकन मर्यो भने त्यो मान्छे नर्कको भागिदार छ।**

### के यसको मतलब यो हो कि हामिले उनिहरू सँग गरेको समझौता पुरा न गरौं ?

**जसको समझौता छ उस माथि जरूरी छ कि उसले आफ्नो सम्झौता पुरा गरोस (त्यस बेला सम्म जब सम्म उनिहरू आफ्नो तर्फ बाट वफादारी गर्दै छन्) ताकि अल्लाह तआलाको माया पाउन सकोस किन कि अल्लाह तआलाले भन्नु भयो:**

**अर्थ: जब सम्म उनिहरूले सम्झौता पुर गर्दै छन् तब सम्म तिमीहरूले पनि पुरा गर किन कि अल्लाह तआला मुत्तकि हरू सित माया गर्नु हुन्छ। सुरह 9 आयत 7**

**मुश्रिकीनहरूको साथ ब्यवहारको मामिलामा मान्छेहरू तिन किसिमको छन्।**

| | | |
|---|---|---|
| एउटा समुह त्यो छ जुन उनिहरूको चाँड-बाँड र कार्यक्रम हरूमा शामेल हुन्छन् | अर्को समुह त्यो छ जुन उनिहरू माथि ज्यादति गर्ने उनिहरू सँग धोखाधडि र मार-काट गरि उनिहरूको धनमाल लुट्छन्। | र यो दुईटैको बिचमा अहलुस्सुन्नह वल जमाअह छन् जो उनिहरूको चाँडमा त शामिल हुँदैनन् तर उनिहरू सँगको सम्झौता पुरा गर्छन्, उनिहरू माथि ज्यादति गर्दैनन्, र उनिहरू सँग किन-बेचको मामिला गर्दै उनिहरूलाई तौहीदको दावत दिन्छन्। |

## ईस्लमा बाट खारिज गर्ने चौथो कुरा

जसले यो आसथा रख्छ कि मोहम्मद सल्लल्लाहु अलैहि व सल्लमको बाटो भन्दा राम्रो अरू कसैको बाटो छ, वा उनको उपदेश भन्दा राम्रो अरू कसैको उपदेश छ, जसतै कि तागूतको कुरलाई मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमको कुरा मथि तरजीह दिनेवाला हरू, त त्यसले कफ्र गर्यो।

### अल्लाह तआलाले अवतरण गर्नु भएको आदेश बाहेक अरूको आदेश बमोजिम हिन्ने वालाको बारेमा:

अल्लाह तआलाले अवतरण गर्नु भएको आदेश माथि अरूको आदेशलाई यो मान्यताको साथ तरजिह दिनु कि अल्लाह तआलाको आदेश काफि वा पुर्ण छैन भने यो मान्यता रख्ने वाला काफिर हो र उसले ठुलो कुफ्र गर्यो जसले इसलाम बाट खारिज गर्दिन्छ।

अल्लह तआलाले भन्नु भयो: اِتَّخَذُوْٓا اَحْبَارَهُمْ وَرُهْبَانَهُمْ اَرْبَابًا مِّنْ دُوْنِ اللّٰهِ कुरआन:9-31

तर जसले यो आस्था रख्छ कि अल्लाह तआलाको आदेश लाई नै लागु गर्नु पर्छ र त्यो नै असल र पुर्ण हो, तर आफ्नो राज-पाटको मायामा तागुतको आदेश लाई तरजिह दिन्छ भने त्यसले कुफ्र त गर्यो तर इस्लाम बाट खारिज हुँदैन तर उसले अल्लाह तआलाको नाफरमानी र फिस्क (न राम्रो काम) गर्यो र मुस्लिमहरूको अधिकार हनन गरेकोमा जालिम ठहर भयो र धैरै सम्भावना छ कि उ कुफ्रमा परेर इस्लाम बाट खारिज भइ हालोस।

# इस्लाम बाट खारिज गर्ने पाँचऔ कुरा

मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले ल्याउनु भएको कुनै पनि कुराबाट घृणा गरेमा चाहे त्यस माथि अमल गरोस:

यस कुराको प्रमाण अल्लाह तआलाको यो भनाइ:

ذٰلِكَ بِاَنَّهُمْ كَرِهُوْا مَآ اَنْزَلَ اللّٰهُ فَاَحْبَطَ اَعْمَالَهُمْ 9सुरह 47 आयत

र अर्को ठाउँमा अल्लाह तआले भन्नु भयो:

فَلَا وَرَبِّكَ لَا يُؤْمِنُوْنَ حَتّٰي يُحَكِّمُوْكَ فِيْمَا شَجَـرَ بَيْنَهُمْ ثُمَّ لَا يَجِدُوْا فِيْٓ اَنْفُسِهِمْ حَرَجًا مِّمَّا قَضَيْتَ وَيُسَلِّمُوْا تَسْلِـيْمًا 65सुरह 4 आयत

अर्को प्रमाण:

فَمَنْ يُّرِدِ اللّٰهُ اَنْ يَّهدِيَهٗ يَشْرَحْ صَدْرَهٗ لِلْاِسْلَامِ ۚ وَمَنْ يُّرِدْ اَنْ يُّضِلَّهٗ يَجْعَلْ صَدْرَهٗ ضَيِّقًا حَرَجًا كَاَنَّمَا يَصَّعَّدُ فِي السَّمَاۗءِ ۭ كَذٰلِكَ يَجْعَلُ اللّٰهُ الرِّجْسَ عَلَي الَّذِيْنَ لَا يُؤْمِنُوْنَ सुरह 6 आयत
125

## अल्लाह तआला कै लागि शत्रुता र मित्रता:

अल्लाह तआलाको लागि माया र घृणा गर्नु आस्थावान माथि अनिवार्य छ, बरू यो त इमानको मजबूति मध्येको हो।

## त्यो कुन कुन कामहरू हुन् जसमा अल्लाहको लागि मित्रता गर्नु अनिवार्य

त्यो काम जुन शरियत बाट साबित छ र जसलाइ गर्नाले अल्लाह तआला खुशि हुनुहुन्छ जस्तै अल्लाह तआला लाई एक मन्नु।

त्यो कामहरू गर्ने जुन नबि, रसूल र सहाबाहरू तथा सबै एकेश्वर वादि हरूले गर्छन्।

त्यस समयलाई माया गर्नु जसलाई अल्लाह तआलाले मन पराउनू हुन्छ जस्तै कि लैलतुल कद्र वा आधा रातको समय इबादत गर्नु।

त्यो ठाउँहरू जुन अल्लाह तआलाले मन पराउनु हुन्छ जसतै मक्का, मदिना आदि।

**त्यो कुन कुन कामहरू हुन् जसमा अल्लाहको लागि शत्रुता गर्नु अनिवार्य छ?**

| | | | |
|---|---|---|---|
| हरेक त्यो काम जुन अल्लाह तआला लई मन पर्दैन र त्यस काम बाट रोकिएको छ जस्तै शिर्क। | त्यो कामहरू जुन मुश्रिकीन, मोनाफिकीन र शैतान हरूले गर्ने गर्छन। | त्यो समय जसमा अल्ला बाहेक को पुजा हुन्छ त्यसलाई पनि अल्लाह को लागि हामिले घृणा गर्नु पर्छ। | त्यो ठाउँहरू जुन अल्लाह तआला लाई मन पर्दैन जस्तै कि शिर्क गर्ने ठाउँहरू। |

**के त्यो आइमाइले कुफ्र गर्यो जसले बहु बिवाह मन पराउँदैन ?**

वास्तवमा त्यो आइमाइले शरियतको इन्कार गरेको हैन तर उसले आफुमाथि अर्को सौता मन पराउँदैन त्यस कारण उस माथि कुनै किसिमको मलामत छैन।

# इस्लाम बाट खारिज गर्ने छैठौँ कुरा

जसले नबि स. ल्याउनु भएको शरियतको वा अल्लाह तआलाले सहि ठहर्याउनु भएको कुरा वा निर्धारित गर्नु भएको कुनै सजायको मजाक उडाउँछ भने उसले कुफ्र गर्यो।

प्रमाणः قُلْ اَبِاللّٰهِ وَاٰيٰتِهٖ وَرَسُوْلِهٖ كُنْتُمْ تَسْتَهْزِءُ وْنَ لَا تَعْتَذِرُوْا قَدْ كَفَرْتُمْ بَعْدَ اِيْمَانِكُمْ

सुरह 9 आयत 65-66

## मजाक उडाउने वालाः

### मजाक उडाउने वालाको बरेमाः

शरियतको मजक उडाउने वाला वा गालि गर्ने वाला काफिर हो र यो ठुलो कुफ्र हो जसले इस्लाम बाट खारिज गर्दिन्छ र यस्तो अपराध गर्ने वाला हमेशाको लागि नर्कमा जानेछ।

तर जसले कुनै न राम्रो कुरा सुन्यो वा देख्यो भने या त त्यस लाई मना गरोस वा त्यस मजलिस बाट टाढा भइ हालोस र यहि आदेश त्यसलाई पनि छ जो त्यो कुरा सुनि राख्या छ वा देखि राख्या छ।

अल्लाह तआलाले भन्नु भयोः وَقَدْ نَزَّلَ عَلَيْكُمْ فِي الْكِتٰبِ اَنْ اِذَا سَمِعْتُمْ اٰيٰتِ اللّٰهِ يُكْفَرُ بِهَا وَيُسْتَهْزَاُ بِهَا فَلَا تَقْعُدُوْا مَعَهُمْ حَتّٰي يَخُوْضُوْا فِيْ حَدِيْثٍ غَيْرِهٖٓ اِنَّكُمْ اِذًا مِّثْلُهُمْ सरह 4 आयत 140

### यस्तो मान्छेको तौबा चारवटा शर्तको साथ कुबूल हुन्छः

उसले अल्लाह तआलाको महिमा बयान गरोस जुन अल्लाह तआलाको शानको लाएक छ। उसले जुन मजाक उडाउने काम गर्थयो त्यस काम बाट तौबा गरोस। उसको तौबाको असर यसरी जाहेर होस् कि सबैलाइ उसको सच्चा तौबाको बारेमा थाहा भइ हालोस।

तर जसले मोहम्मद सल्लल्लाहु अलैहि व सल्लमको मजाक उडायो भने दुनियाँमा उसको सजाय कत्ल नै हो उसले तौबा गरे पनि अल्लाह तआला कहाँ मात्र कुबूल हुनेछ यदि उसले साचो मनले गर्यो भने तर दुनियाँमा त हाकिमले उसलाई कत्ल नै गर्छ उसको त्यो गम्भीर अपराधको कारण।

### यदि कसैको बोलि गालि गरेको जस्तो छ भने उसमाथि कुफ्रको फतवा लाग्छ ?

त्यसलाई बिस्तार पुर्वक सम्झाउनु पर्छ यदि उसले तौबा गर्यो भने छोड दिने न भए उसको मामिला न्यायालय र बिद्वानहरूको हवाले गर्नु पर्छ।

# इस्लाम बाट खारिज गर्ने सातऔँ कुरा

जादू र यो जस्तो अरू काम जस्तै कि कुनै यस्तो कुरा ख्वाउनु जसले मान्छेको बुद्धि, चाहना र मैलानमा बदलाव ल्याओस, र जसले जादु गर्यो वा जादु गर्नु बाट खुशि छ भने त्यसले कुफ्र गर्यो। प्रमाण अल्लाह तआलाको यो भनाई: وَمَا يُعَلِّمَانِ مِنْ اَحَدٍ حَتّٰى يَقُوْلَا اِنَّمَا نَحْنُ فِتْنَةٌ فَلَا تَكْفُرْ सुरह 2 अयत 102

## जादु

### जादुको बारेमा आदेश:

जादु ठुलो कुफ्र हो र यसको प्रमाण कुरआनको यो आयत:

وَمَا يُعَلِّمَانِ مِنْ اَحَدٍ حَتّٰى يَقُوْلَا اِنَّمَا نَحْنُ فِتْنَةٌ فَلَا تَكْفُرْ

### जादुको निशानिहरू

शरियतले निर्धारित गरेको झाडफुँक को बिधिको बिपरित गर्नु हुरूफे मोकत्तआत हरू लेख्नु, वा बुझ्न न सक्ने कुरा लेख्नु हस्त रेखा र इल्मे नुजूम।
केहि कुरोमा फुक्दै गाँठ लगाउनु।
बिरामिलाई शरियत बिपरित काम गर्न लगउनु, जस्तै कि हराम काम गर्न वा नमाज छोड्न भन्नु वा जबह गर्ने बेला अल्लाहको नाम न लिनु।
आमाको नाम सोध्नु।
अदृश्यको ज्ञान भएको दाबि गर्नु।

### जादुगर कहाँ जानेवालाको बारेमा आदेश:

जादुगर कहाँ जानु भन्नाले उस कहाँ गएर बस्नु, वा त्यस कहाँ कोहि मानिस वा चिठ्ठि पठाउनु, वा त्यस सम्बन्ध कुनै सभामा शामेल हुनु वा त्यस सम्बन्धित च्यानल वा किताबहरू वा हस्त रेखा हरू पढनु अदि....
जो कोहि जादुगर कहाँ जान्छ 40 दिन सम्म उसको नमाज कुबूल हुदैन जसको बारेमा हदिसमा बताइएको छ कि जो कोहि ले जादुगरको कुरलाई सत्य मान्यो उसले शरियतको इन्कार गर्यो। तर यसबाट त्यो मान्छेहरू अलग छन् जो जादुगरको पर्दा फाश गर्नको निम्ति जान्छन।

**अन्नुशरहः जादुको इलाज जादु बाट**, र यसलाई दुई भागमा बाडिएको छ

**जाएजः**
शरियतले बताए अनुसार झाड फुँक गर्नु वा जाएज तरिकाले दवा र दुवा गर्नु।

**नाजाएजः**
यदि यसमा कुनै पनि किसिमको जादु छ भने, नबि ﷺ ले भन्नु भयो यो शैतानको तरीका हो।

**जसले जादुको इलाज जादु बाट गर्न ठिक छ भन्नेमा सहमत छन् तिनिहरू लाई जवाबः**

जादुको इलाज जादु बाट गर्नु कुरआन र सुन्नतको तथा सहाबा र सलफको बिपरित अमाल हो।

यसले कुरआन र सुन्नत तथा दुवाए मासूर बाट इलाज गर्ने वालाको आस्थालाई कमजोर बनाउँछ।

यसले आम मानिस को मनमा जादु र जादुगर माथि बिस्वास बढाउँछ।

यसले कुरआन र सुन्नत र दुवाए मासूरको माध्यमले औषधि गर्ने वालाको मनमा शंका उत्पन्न गर्छ कि उसले पनि जादु बाटै दवाई गराओस।

जादु को माध्यमले जादु हटाउनको लागि शैतानको मदद लिन जरूरि पर्छ ताकि जादु हटाउन सकियोस।

यदि जादु लागेको मान्छेले सब्र गर्यो भने उसको लागि जन्नत को जमानत मुहम्मद ﷺ ले दिनु भएको छ।

जादु बाट जादुको इलाज गरेमा बिरामिको रोगमा अझै बढोत्तरि हुन्छ।

नबि ﷺ माथि पनि जादु गरियो तर उहाँले जादु बाट इलाज न गरि शरियतले बताए अनुसार गर्नु भयो।

## इस्लाम बाट खारिज गर्ने आठौ कुरा

मुस्लिमहरू बिरूद्ध मुश्रिकहरूको मदत गर्नु, यसको प्रमाण अल्लाहको यो कथनः
وَمَنْ يَّتَوَلَّهُمْ مِّنْكُمْ فَاِنَّهٗ مِنْهُمْ إِنَّ اللّٰهَ لَا يَهْدِي الْقَوْمَ الظّٰلِمِيْنَ सुरह 3 आयत 51

मुस्लिमहरू बिरूद्ध मुश्रिकहरूको मदत गर्नु,

मुस्लिम माथि अनिवार्य छ कि उसले आफुलाई मुश्रिकीनहरू र उनिहरूको कुफ्र बाट आफुलाई टाढा राखोस, र एकेश्वरवादि हरूसँग मित्रता गरोस् र उनिहरूकै धर्मलाई माया गरोस, तर जसले कुफ्र (अल्लाह तआलाको अवज्ञा) गर्ने लाई माया गर्यो वा त्यस लाई मन परायो वा मुस्लिमहरू बिरूद्ध त्यसको मदत गर्यो त उ पनि काफिर हो र उसले ठुलो कुफ्र गर्यो जसकारण उ इस्लाम बाट खारिज हुन्छ ।

र मुश्रिकीन हरूको मदत गर्ने मान्छे पनि दुई किसिमका छनः

| जुन अवस्थामा काफिर र मुरतद हुन्छः | जुन अवस्थामा काफिर र मुरतद हुदैनः |
| --- | --- |
| मुस्लिमहरू सँग घृणा र मुश्रिकहरू सँग माया को कारण मुस्लिमहरू बिरूद्ध मुश्रिक हरूको मदत गर्नु । | न त मुस्लिमहरू सँग घृणा न त मुश्रिकहरू सँग माया, बरू संसारिक कुरामा मदत गर्दा केहि हुदैन । |

# इस्लाम बाट खारिज गर्ने नवौँ कुरा

जसले यो आस्था रख्यो कि केहि मानिसहरू मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम को शरियते बाट मुक्त हुन्छन जस्तै कि खिजिर अलैहिस्सलाम हजरत मुसा अलैहिस्सलामको शरियत बाट मुक्त थिए भने त्यस्तो मान्छे काफिर हो।

जसले यो आस्था रख्यो कि केहि मानिसहरू मुहम्मद स. को शरियते बाट मुक्त हुन्छनः त यस्तो मान्छे काफिर हो जसले ठुलो कुफ्र गर्यो र त्यो इस्लाम बाट खारिज हुन्छ, यस्तो मान्छे यस कुरालाई प्रमाण सहित सम्झाएर उस सँग तौबा गराउनु पर्छ यदि गरेन भने अदालते शरियाले उसलाई कत्ल गर्छ।

अल्लाह तआलाले कुरआनमा भन्नु भयोः

قُلْ يَآيُّهَا النَّاسُ اِنِّىْ رَسُوْلُ اللّٰهِ اِلَيْكُمْ جَمِيْعًاۨ सुरह 7 आयत 158

र मुहम्मद स. ले भन्नु भयोः यदि मेरो भाई मुसा अलैहिस्सलाम पनि जिवित हुनु भएको भए उहाँले पनि मेरै अनुशरण गर्नु पर्थ्यो।

र यस आदेशमा किताब वालाहरू पनि शामिल छन् जसलाई इस्लामको कुरा पुग्यो किन कि तिनिहरू पनि मुश्रकिन हरू कै सुचिमा छन् जस्को बारेमा पहिला हमीले बताइ सक्यौँ।

यहाँ प्रशन यो पनि छ कि के खिजिर अलैहिस्सलाम मुसा अलैहिस्सलामको शरियत बाट आजाद हुनु भा थ्यो ? हामि सँग यस कुराको कुनै पनि प्रमाण छैन, यदि यो साबित भयो भने यसको अर्थ यो हो कि उहाँ मुसा अलैहिस्स्लामको उम्मति मध्ये हुनुहुन्थेन किन कि नबि हरू खास आफ्नो उम्मति हरूकोलागि पठाइन्छन् तर मुहम्मद स. त पुरा मानव जातिको लागि पठाइनु भएको थियो तसर्थ कोहि पनि उनको शरियत बाट मुक्त छैन।

# इस्लाम बाट खारिज गर्ने दसऔ कुरा

अल्लाह तआलाले दिनु भएको धर्म बाट पन्छिनु, न त उसको ज्ञान प्राप्त गर्नु न त त्यसलाई ब्यवहारमा लागु गर्नु, यस कुराको प्रमाणः

وَمَنْ اَظْلَمُ مِمَّنْ ذُكِّرَ بِاٰيٰتِ رَبِّهٖ ثُمَّ اَعْرَضَ عَنْهَا ۭ اِنَّا مِنَ الْمُجْرِمِيْنَ مُنْتَقِمُوْنَ

सुरह 32 आयत 22

## अल्लाह तआलाले दिनु भएको धर्म बाट पन्छिनु

नबि स. ले भन्नु भयो कि अल्लाह तआलाले जसको साथमा भलाईको इरादा गर्नु हुन्छ उसलाई इसलामको ज्ञान दिनु हुन्छ, र जसको लागि भलाइ चाहनु हुन्न उसलाई इस्लामि तालिम बाट गाफिल गर्दिनु हुन्छ।

जस्तै कि अल्लाह तआलाले भन्नु भयोः

وَمَنْ اَظْلَمُ مِمَّنْ ذُكِّرَ بِاٰيٰتِ رَبِّهٖ ثُمَّ اَعْرَضَ عَنْهَا ۭ اِنَّا مِنَ الْمُجْرِمِيْنَ مُنْتَقِمُوْنَ

र अपराधिहरू नै नर्कको भागिदार हुन्।

## इस्लाम बाट पन्छिने वालाको बारेमा आदेश

यदि उ नबि स. र उनको शरियतको बारेमा सुन्न र जान्न बाट भाग्छ न उनलाई न त ठिक भन्छ न बे ठिक र न त उनको शरियतलाई मन पराउँछ न त घृणा, त यस्तो मान्छे पनि काफिर हो र उसले ठुलो कुफ्र गर्यो जसकारण इस्लाम बाट खारिज हुन्छ।

अल्लाह तआला ले भन्नु भयोः وَاِذَا قِيْلَ لَهُمْ تَعَالَوْا اِلٰى مَآ اَنْزَلَ اللّٰهُ وَاِلَى الرَّسُوْلِ رَاَيْتَ الْمُنٰفِقِيْنَ يَصُدُّوْنَ عَنْكَ صُدُوْدًا सुरह 4 आयत 61

अर्को ठाउँमा भन्नु भयोः

وَمَنْ يُّعْرِضْ عَنْ ذِكْرِ رَبِّهٖ يَسْلُكْهُ عَذَابًا صَعَدًا सुरह 72 आयत 17

## लेखकको अन्तिम शब्द

यी सबै मध्ये कुनैमा पनि केहि फरक छैन, चाहे मजाकमा होस, जानिजानि होस वा डराएर, किन कि यी सबै ठुला र घातक किसिमका गुनाह हरू हुन् र धैरैजसो मन्छेहरू यसमा लिप्त भइ हाल्छन्, तसर्थ आफुलाई पनी यस बाट बचाउन जरूरी छ र अरू मुस्लिमहरू लाई पनि यसबाट सावधान गराउन अत्यन्त जरूरी छ।
अल्लाह तआलाले हामिलाई हरेक किसिमको सजाय र प्रकोप बाट बचाउन् आमिन।

### यि सबै मध्ये कुनैमा पनि केहि फरक छैन:

**मजाकमा:** मान्छेले पहिला त्यस कामलाई गरि हाल्छ त्यस पछि भन्छ कि उसले त मजाक गर्दै थियो।

**जानिबुझि:** उसले जानि जानि गरेको हुन्छ त्यसैले उस सँग आफ्नो गलतिमा कुनै किसिमको सफाई दिदैन।

**डराएर:** उसले यस कुराको झुठो दावा गर्छ कि उसले आफ्नो जान-मालको डरले यसो गरेको हो तर उसले यस्तो गर्दा कुनै किसिमको अप्ठ्यारो महसूस गर्दैन।
अल्लाह तआलाले कुरआनमा भन्नु भयो:
وَمِنَ النَّاسِ مَنْ يَّقُوْلُ اٰمَنَّا بِاللّٰهِ فَاِذَآ اُوْذِيَ فِي اللّٰهِ جَعَلَ فِتْنَةَ النَّاسِ كَعَذَابِ اللّٰهِ ۭ وَلَىِٕنْ جَاۗءَ نَصْرٌ مِّنْ رَّبِّكَ لَيَقُوْلُنَّ اِنَّا كُنَّا مَعَكُمْ ۭ اَوَلَيْسَ اللّٰهُ بِاَعْلَمَ بِمَا فِيْ صُدُوْرِ الْعٰلَمِيْنَ
सूरह 29 आयत 10

अप्ठ्यारो भएर गरेमा:
त्यस माथि कुफ्रको फतवा लागु हुदैन जसले अप्ठयारो भएर यस्तो गरेको हो, र अप्ठयारो कबूल हुने केहि शर्तहरू रहेका छन:
1: वास्तामै उसले यो काम न चाहेर पनि गर्न परेको होस, तर जसले बिना कुनै अप्ठयारो यस्तो गर्यो भने मान्य हुदैन।
2: एक जना लाई अप्ठयारो भएमा अरूले पहिलै डराएर बिना कुनै कारण आफै-आफै यो काम गर्यो भने उसले कुफ्र गर्यो।
3: उसले सके सम्म त्यसको बिरोध गरोस।
4: मुखले त्यस कुरालाई स्विकार गरे पनि त्यसको दिलमा इमान होस।
5: यस्तो न होस् कि एस जना मथि यस्तो भयो भने त्यसको असर अरूमाथि पनि हुन्छ भनेर अरूलाई गुमराह गरोस।

## महत्वपुर्ण टिप्पणिहरू:

**पहिलो:** लेखकको यो उद्देश्य कदापि हैन कि उनको यस किताबको माध्यमले अरूमाथि कुफ्रको फतवा लगाउँदै हिडियोस, बरू उनको उद्देश्य त मान्छे हरूलाई तालिम दिएर यस्तो कुराहरू बाट बचाउनु र डराउनु हो, र जब यस्तो कुरा बाट डराउँछन् त उनको इमानमा पनि मजबूति आउँछ र यसको प्रकोप बाट पनि बच्छन्, र यस्तै गरि उनिहरू माथि पनी अनिवार्य छ कि उनिहरूले पनि यकसो बारेमा अरूलाई खबरदार गरून।

**दोस्रो:** शरियतको बारेमा ज्ञान प्राप्ति पछि नै मान्छे शिर्क बाट डराउँछ, नबि सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भयो: अल्लाह तआलाले जसको लागि भलाई को इरादा गर्नु हुन्छ त्सलाई शरियतको ज्ञान दिनु हुन्छ तसर्थ यी कुराहरू बाट बच्न र इस्लामको बारेमा जान्नु अनिवर्य छ, यसको माध्यमले मान्छे आफुलाई शिर्क, बिदअत र गुनाह बाट बचाउँछ, र मान्छे आफ्नो पालनकर्ताको बारेमा जत्ति धैरै ज्ञान प्राप्त गर्छ त्यत्ति नै आफ्नो ब्यवहार र स्वभावमा सुधार गर्छ र जति धैरै ज्ञान प्राप्त गर्छ त्यतिनै उसको एख्लास र इमानमा बढोतरि हुन्छ।

**तेस्रो:** कुनै पनि खास ब्यक्तिलाई काफिर भन्न जाएज छैन, तर इस्लाम बाट खारिज गर्ने काम गरेको पुर्ण सबूत र प्रमाण भेटाएपछि मात्र उसमाथि कुफ्रको फतवा लाग्छ र सजाय दिन सकिन्छ र त्यो पनि न्यायालय र न्यायधिशले अथ्वा त्यसको नायबले मात्र यो लागु गर्छ। तर आम जनतालाई यस्तो काम गर्ने कदापि अनुमति छैन।

**चौथो:** लेखकले आफ्नो लेख यो दुवा गर्दै समाप्त गर्नु भएको छ कि: हामि अल्लाह तआलाको शरण चाहन्छौं हरेक किसिमको सजाय बाट र हरेक त्यो काम बाट जुन अल्लाह तआला लाई आक्रोसित बनाउँछ।
र यो लेखकको पाठक हरूसँ मायाको प्रमाण हो र लेखक महोदयले यो शैलि आफ्नो हरेक लेखमा अपनाउनु भएको छ।
अल्लाह तआलाले उहाँको र हाम्रो पापहरू माफ गरून् र हामी सबै माथि दया गरून।
आमीन

## आफ्नो परिक्षा आफै लिनुहोस

**तल दिइएको प्रश्नको उत्तर निर्धारित ठाउँमा लेख्नु होस ।**

**1.** बिद्वानहरूले बिस्मिल्लाह बाट किन शरूवात गर्छन् ?

1-.........................................................................................

2-.........................................................................................

3-.........................................................................................

4-.........................................................................................

**2.** नवाकिजे इस्लामको मतलब के हो ?

.........................................................................................

**3.** बिद्वानहूले किन कहिले नवकिज र कहिले फासिद गर्नेवाला र बातिल गर्नेवाला भन्ने गर्छन् ?

.........................................................................................

.........................................................................................

**4.** के इस्लाम बाट खारिज गर्ने यी सबै कुरामा बिद्वानहरू एकमत छन् ?

.........................................................................................

.........................................................................................

**5.** के इस्लाम बाट खारिज गर्ने कुराहरूको संख्या निर्धारित छ ? निर्धारित छ, निर्धारित छैन, संख्यामा निर्धारित छैन तर त्यसको किसमहरू निर्धारित छन् ।

**6.** लेखक महोदयले यो दस वटा छन् भनेर किन भन्नु भएको छ ?

.........................................................................................

.........................................................................................

**7.** यदि कुरआन र सुन्नतमा त्यसको संख्या निर्धारित भाको भए के त्समा बढोतरि वा कमि गर्न हुन्थ्यो ?

........................................................................................................................

........................................................................................................................

**8.** किन कहिले काहि संख्या बताइन्छ र त्यसको किसिम बताइन्न ?

........................................................................................................................

........................................................................................................................

**9.** केहि उदाहरण हरू बताउनुस जसको अन्य किसिमहरू छन् ?

........................................................................................................................

**10.** केहि उदाहरण हरू बताउनुस जसको किसिमहरू छैनन् ?

........................................................................................................................

**11.** के लेखक महोदयको नजरमा यो संख्या अझै बढि हुन सक्छ ?

........................................................................................................................

..........................................................................

**12.** यो जवाब उनको कुन कुरा बाट लिनु भएको हो ?

........................................................................................................................

**13.** के यो इस्लाम बाट खारिज गर्ने कुराहरूलाई कुनै तरिकाले निर्धारित गर्न सकिन्छ।

........................................................................................................................

**14.** कसरी निर्धारित गर्न सकिन्छ ?

1-..............................................................................................

2-..............................................................................................

3-..............................................................................................

4-..............................................................................................

**15.** इस्लाम बाट खारिज गर्ने कुराहरूको बारेमा हामी किन ज्ञान प्राप्त गर्छौँ ?

..........................................................................................................................

**16.** के यस सम्बन्धमा यस लेखक बाहेक अरूले पनी किताब लेखेका छन् ?

..........................................................................................................................

............................................................................................

**17.** के यो इस्लाम बाट खारिज गर्ने काम गर्ने र ब्यक्ति र त्यस काममा फरक गर्न सकिन्छ ?

..........................................................................................................................

............................................................................................

**18.** के कारणले फरक गर्न सकिन्छ ?

..........................................................................................................................

............................................................................................

**19.** के यस किताबको माध्यम बाट लेखकले कुनै खास ब्यक्तिलाई काफिर ठहर्याउनु भएको छ ?

..........................................................................................................................

............................................................................................

**20.** नवाकिजको बारेमा ज्ञानि मान्छेले के गर्नु पर्छ ?

..........................................................................................................................

............................................................................................

**21.** कुन शिर्क गर्ने लाई लेखकले इस्लाम बाट खारिज हुने कुरा बताउनु भएको छ ?

..........................................................................................................................

............................................................................................

**22.** ठुलो शिर्क र सानो शिर्क मा फरक कसरि थाहा हुन्छ ?

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

**23.** के ठुलो शिर्क गर्ने वालाको तौबा कुबूल गरिने छ ? कुन अवस्थामा कुबूल हुने छैन ?

……………………………… ..........................................................................................

..........................................................................................

**24.** ठुलो शिर्क, सानो शिर्क र ठुलो गुनाह हरू बताउनुहोस ?

……………………………… ..........................................................................................

..........................................................................................

**25.** ठुलो गुनाह हरू कसरी थाहा हुन्छ ?

……………………………… ..........................................................................................

..........................................................................................

**26.** के ठुलो गुनाह हरूको संख्या निर्धारित छन् ?

……………………………… ..........................................................................................

..........................................................................................

**27.** ठुलो गुनाह गर्ने वालाको बारेमा के आदेश छ ? उस सँग माया गर्ने कि घृणा ?

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

**28.** के ठुलो गुनाह गर्ने वालाको साथमा बस्न सकिन्छ ?

………………………………………………………………………………………………

…………………………………………………………………… .

**29.** के ठुलो गुनाह हरूको दर्जाबन्दि छ ?

………………………………………………………………………………………………

……………………………………………………………………

**30.** के ठुलो गुनाह हरू पुन्यको काम गरेमा समाप्त हुन्छ कि उसको प्राश्चितको लागि तौबा गर्न जरूरी छ ?

………………………………………………………………………………………………

……………………………………………………………………

**31.** अवैध को कति वटा किसिम छ ?

………………………………………………………………………………………………

……………………………………………………………………

**32.** ठुलो शिर्कको कुन-कुन किसिमहरू छन् ?

1-………………………………………………………………………………

2-………………………………………………………………………………

3-………………………………………………………………………………

4-………………………………………………………………………………

**33.** जबह को कति वटा किसिमहरू छन् ?

1-………………………………………………………………………………

2-………………………………………………………………………………

3-………………………………………………………………………………

**34.** कुन अवस्थामा जबह ठुलो शिर्क हुन जान्छ ?

………………………………………………………………………………………………

……………………………………………………………………

**35.** शिफाअतको कति वटा किसिमहरू छन् ?

1-..............................................................................................

2-..............................................................................................

3-..............................................................................................

**36.** तवक्कुल भनेको के हो ?

..............................................................................................

.............................................................................................. .

**37.** तवक्कुल लाई कति भागमा बाडिएको छ ?

1-..............................................................................................

2-..............................................................................................

3-..............................................................................................

**38.** के यो भन्न जाएज छ कि म फलानो माथि भरोसा गर्द छु, वा म अल्लाह तआला पछि फलानो माथि भरोसा गर्द छु ?

- C’est correct. - C’est incorrect.

**39.** उसले कसरि भन्ने ?

..............................................................................................

.............................................................................................. .

**40.** मुश्रिक हरू काफिर हुन भन्ने के प्रमाण छ ? र के किताब वालाहरू पनि त्यसैमा शामिल छन् ?

..............................................................................................

..............................................................................................

**41.** के यसको मतलब यो हो कि उनिहरू सित मोआहिदा पुरा न गरौं ?

**42.** मोआहिदाको मामिलामा मान्छे हरूको कति वटा किसिहरू रहको छ ?

1-..............................................................................................

2-…………………………………………………………………………………

3-…………………………………………………………………………………

**43.** अल्लाह तआलाले अवतरित गर्नु भएको कुरामा के गर्नु पर्छ ?

……………………………………………………………………………………

…………………………… ......................................................................................

..........................................................................................

**44.** अल्लाहको लागि माया को बारेमा के आदेश छ ?

……………………………… .........................................................................................

..........................................................................................

**45.** को सँग अल्लाहको लागि माया गर्ने र कसलाई हेला गर्ने ?

……………………………… .........................................................................................

..........................................................................................

**46.** धर्मको मजाक उडाउनेवाला कुफ्रको कुन किसिममा पर्द छ ?

……………………………… .........................................................................................

..........................................................................................

**47.** के धर्मको मजाक उडाउने वाले तौबा गर्नु पर्छ ? त्यसको के के शर्तहरू छन् ?

1-…………………………………………………………………………………

2-…………………………………………………………………………………

3-…………………………………………………………………………………

**48.** नबि सल्लल्लाहु अलैहि व सल्लम लाई गालि गर्ने वालाको बारेमा के आदेश छ ?

……………………………… .........................................................................................

..........................................................................................

**49.** जसले गालि सुन्यो उसले के गर्ने ?

……………………………………………………………………………………………………………

……………………………………………………………………

**50.** जादुगर काफिर हो भन्ने कुराको के प्रमाण छ ?

……………………………………………………………………………………………………………

……………………………………………………………………

**51.** जादुको निशानि हरू के हुन् ?

……………………………………………………………………………………………………………

……………………………………………………………………

**52.** जादुगर कहाँ जाने वालाको बारेमा के आदेश छ ?

……………………………………………………………………………………………………………

……………………………………………………………………

**53.** जादुगर कहाँ जानेहरूको कतिवटा किसिम छ ?

……………………………………………………………………………………………………………

……………………………………………………………………

**54.** अन्नुशरह को कति वटा किसिमहरू छन् ?

1-……………………………………………………………………………………

2-……………………………………………………………………………………

**55.** त्यो मान्छेलाइ कसरी जवाब दिने जसले जादुको इलाज जादु बाट गर्न जाएज मान्छ ?

1-……………………………………………………………………………………

2-……………………………………………………………………………………

3-……………………………………………………………………………………

4-……………………………………………………………………………………

5-……………………………………………………………………………………

6-……………………………………………………………………………………

7-……………………………………………………………………………………

8-........................................................................................

**56.** मुश्रिकिन हरूको मदत गर्ने वालाको बारेमा के आदेश छ ?

........................................................................................................................................

....................................................................................

**57.** के कोहि मुहम्मद स. को शरियत बाट मुक्त हुन सक्छ ?

........................................................................................................................................

....................................................................................

**58.** के खिजिर अलैहिस्सलाम हजरत मुसा अलैहिस्सलामको शरियत बाट मुक्त भएका थिए ?

........................................................................................................................................

....................................................................................

**59.** धर्म बाट पन्छिने ब्यक्तिको बारेमा के आदेश छ ?

........................................................................................................................................

....................................................................................

**60.** लेखक को नजरमा "डराएर" को के मतलब ? र के त्यस माथि जबरदस्ति गरिएको छ ?

........................................................................................................................................

.................................................................................... .

**61.** जबरदस्ति गराएको माथि के के शर्तहरू देख्नु पर्छ ?

1-........................................................................................

2-........................................................................................

3-........................................................................................

4-........................................................................................

5-........................................................................................

**62.** दुवा बाट लेख समप्त गर्नु को कराण के हो ?

…………………………………………………………………………………………………………………

…………………………………………………………………………

**63.** मुस्लिमले आफुलाई शिर्क बाट कसरी डराउन दिनु पर्छ ?

…………………………………………………………………………………………………………………

…………………………………………………………………………